वृक्षारोपणमा उपयुक्त रैथाने वनस्पतिहरू



फरेष्टएक्सन नेपाल

वृक्षारोपणमा उपयुक्त रैथाने वनस्पतिहरू

योगेन्द्र बिक्रम पौडेल
मनिता खनाल
साजन सुवेदी
लिलानाथ शर्मा

फरेष्टएक्सन नेपाल

वृक्षारोपणमा उपयुक्त रैथाने वनस्पतिहरू

योगेन्द्र बिक्रम पौडेल
मनिता खनाल
साजन सुवेदी
लिलानाथ शर्मा

प्रकाशक
फरेष्टएक्सन नेपाल
बागडोल, ललितपुर-०४
इमेलः fa@forestaction.org
फोनः ९७७-१-५१९१०६२
वेबसाइटः www.forestaction.org

ISBN: 9789905-0-1208-0

२०८३

आवरण तस्बिरः मालागिरी (अगाडि) र फलेदो (पछाडि)

सन्दर्भ
योगेन्द्र बिक्रम पौडेल, मनिता खनाल, साजन सुवेदी र लिलानाथ शर्मा। २०८३। वृक्षारोपणमा उपयुक्त रैथाने वनस्पतिहरू। फरेष्टएक्सन नेपाल। बागडोल, ललितपुर।

Poudel, Y.B., Khanal, M., Subedi, S. and Sharma, L.N. (2026). Appropriate native species in plantation. ForestAction Nepal. Bagdol, Lalitpur.

यस पुस्तकमा व्यक्त विचारहरूले प्रकाशनमा संलग्न संस्थाहरूको धारणा प्रतिनिधित्व गर्दैनन्।

विषय सूची

हाम्रो भनाइ १

पुस्तकको बारेमा ५

परिचय ७

स्थान र आवश्यकता अनुसारको वृक्षारोपण ९

वन क्षेत्रमा रैथाने वनस्पतिको प्रवर्द्धन १०

बहुउपयोगी वनस्पति र विविधतायुक्त वन ११

रैथाने वृक्षारोपणमा स्थानीय बिउ र ज्ञान १२

वृक्षारोपणमा विचार गर्नुपर्ने केही सैद्धान्तिक पक्षहरू १२

वृक्षारोपणमा उपयुक्त रैथाने प्रजातिहरूको विस्तृत विवरण १५

वृक्षारोपणको उद्देश्य र छनोटमा परेका वनस्पतिहरूको सूची १२२

पारिस्थितिकीय विशेषताका आधारमा वनस्पतिहरूको सूची १२४

संरक्षण प्रयोजनका लागि छनोट गरिएका प्रजातिहरू र छनोटका कारणहरू.....१२५

उपयोगिताका आधारमा वनस्पतिहरूको सूची १२७

नेपालका विभिन्न पारिस्थितिक तथा भौगोलिक क्षेत्र अनुसार वृक्षारोपणका लागि उपयुक्त रैथाने वनस्पतिहरू.....१२८

वृक्षारोपणमा उपयुक्त रैथाने प्रजातिहरूको सूची १३२

अनुक्रमणिका..... १३६

हाम्रो भनाइ

नेपालमा वर्षायाम सुरु भएसँगै हरेक वर्ष सार्वजनिक जमिन, वन क्षेत्र र आबादीमा वृक्षारोपण अभियान सञ्चालन गरिन्छ। यसरी वृक्षारोपण गर्ने क्रममा वर्षेनी लाखौँ बिरुवाहरू रोपिन्छन्। सरकारीदेखि गैरसरकारी संस्थाहरू एवम् स्थानीय युवा क्लबदेखि अन्तर्राष्ट्रिय विकास साझेदारसम्म यस्तो अभियानमा जोडिन्छन्। यस्ता वृक्षारोपणहरू प्रायः वनको अवस्था सुधार्ने, हरियाली बढाउने र उच्च प्रतिफल दिने रुखबिरुवामार्फत वन, समुदाय र किसानको आयआर्जन गर्ने उद्देश्यले गरिन्छ। यसरी गरिने वृक्षारोपणका विभिन्न आयामहरूबारे चर्चा-परिचर्चा हुने गरेको छ। यसरी चर्चा हुनेमध्येको एउटा विषय हो, रोपिएका रुखहरू स्थान सुहाउँदा छन् कि छैनन् ? त्यसैगरी, अर्को सरोकारको विषय हो, हाम्रो प्राकृतिक वन क्षेत्रमा बाह्य प्रजातिका रुखहरू रोप्न जरुरी छ कि छैन ?

हामीले नेपालका विभिन्न भूभाग घुम्दा सामुदायिक लगायत राष्ट्रिय वन क्षेत्रमा मसला, टिक, पाटे सल्ला, रक्तचन्दन, अगरवुड, जाडुल, मलेसियन साललगायतका बाह्य प्रजातिका रुखहरू रोपेको देखेका छौँ। त्यसैगरी, सडक किनार र सार्वजनिक स्थानहरूमा पनि सौन्दर्य र आयआर्जनका लागि धेरै जातका रैथाने तथा बाह्य प्रजातिका रुखहरू रोपेको देख्न सकिन्छ। कैलालीमा अगरवुड, रामेछापको सुक्खा क्षेत्रमा मलेसियन साल एवम् अछाममा मसला (लिप्टिस) रोपेको देख्दा ती स्थानहरूमा त्यस्ता रुखहरू उपयुक्त छन् कि छैनन् भन्ने प्रश्न स्वाभाविक रूपमा उठ्ने गर्छ। त्यसैगरी, झापाको जलथलजस्तो प्राकृतिक पुनरुत्पादन राम्रो भएको वनमा समेत मसलादेखि लिएर मलेसियन सालजस्ता रुखहरू रोपिएको देखिन्छ।

तराई र पहाडका कतिपय स्थानमा पछिल्ला केही वर्षयता उच्च मूल्यको फल दिने 'म्याङ्गोस्टिन' भनेर रोपिएका बिरुवाहरू म्याङ्गोस्टिनको प्रजाति नभई अन्य प्रजाति भएको उदाहरण पनि हाम्रा सामु छ। त्यसैगरी, संवत् २०७० देखि २०८० को बीचमा छिटो बढ्ने, उच्च प्रतिफल दिने र राम्रो बजार भएको भन्दै पहाडी क्षेत्रमा किसानले रोपेका पाउलोनियाले भनेजस्तो बजार नपाएपछि किसानहरू निराश भएको पनि हामीले देखेका छौँ। विगतमा नेपालको तराईका सालका वनमा टिक र मसलाका ठुला वृक्षारोपण आयोजना समेत सञ्चालन गरिए, तर तिनले अपेक्षा अनुसार प्रतिफल नदिएको र समयसँगै तिनीहरूको उपयोगिता र सान्दर्भिकता घट्दै गएको (मसलाको बिजुलीको पोल बनाउने हकमा) उदाहरण पनि हाम्रा सामु छन्।

राम्रो उद्देश्य र अपेक्षासहित रोपिएका यस्ता वनस्पतिहरू कतिपय स्थानमा भने अनुपयुक्त देखिन्छन् । वृक्षारोपण गर्ने क्रममा धेरै ठाउँमा स्थानीय प्रकृति र रोपिएका रुखहरूको पारिस्थितिकीबीच पर्याप्त मेल भएको देखिँदैन । सडक किनारमा ठुलो आकार लिने र कमजोर हाँगा हुने लहरे पिपल रोप्दा दुर्घटना भएका उदाहरण पनि छन् । त्यसैगरी, कतिपय स्थानमा रैथाने रुखहरूको प्राकृतिक पुनरुत्पादन प्रशस्त हुँदाहुँदै पनि बाह्य प्रजातिहरू रोपिएको देखिन्छ । आकर्षक प्रचारबाट प्रभावित भई किसानहरूले महँगो मूल्यमा खरिद गरेका अगरवुडजस्ता रुखबाट सोचे जस्तो प्रतिफल नपाएका थुप्रै उदाहरणहरू हाम्रा सामु छन् ।

नेपालको प्राकृतिक वनलाई कसरी व्यवस्थापन गर्ने भन्ने स्पष्ट सैद्धान्तिक र नीतिगत व्यवस्था नहुँदा प्राकृतिक वनमा बाह्य प्रजातिहरू वृक्षारोपण गरिएका छन् । स्थानीय प्रकृति र आवश्यकताका आधारमा प्रजाति छनोट गर्नुभन्दा नजिकको नर्सरीमा उपलब्ध प्रजातिहरू नै प्राकृतिक वन क्षेत्रमा रोपिएको देखिन्छ । त्यसैगरी, वन कार्यालयको सिफारिस तथा सामाजिक संघसंस्थाहरूले सञ्चालन गर्ने वृक्षारोपण अभियानअन्तर्गत पनि विभिन्न बाह्य प्रजातिका रुखहरू वन क्षेत्रमा रोपिएको देखिन्छ ।

नेपालका वन तथा भू-संरक्षण कार्यालयका नर्सरीहरू हेर्दा वृक्षारोपणमा सीमित प्रजातिहरूको प्रयोग र तराईका जिल्लाहरूमा त बाह्य प्रजातिको बाहुल्यतासमेत देखिन्छ । यसका अतिरिक्त, वृक्षारोपणका लागि हाम्रा रैथाने रुख तथा बुट्यानहरूको विविधता, उपयोगिता र अवस्थाबारे पर्याप्त जानकारी छैन । त्यसैगरी, वृक्षारोपणमा ल्याउन आवश्यक र प्रवर्द्धन गर्न सकिने दर्जनौँ रैथाने प्रजातिहरूको नर्सरी तथा वृक्षारोपण विधिबारे पनि उचित जानकारी उपलब्ध छैन ।

माथि उल्लेख गरिएका प्रसङ्ग र सन्दर्भहरूबाट नेपालमा वृक्षारोपण गर्ने क्रममा कुन ठाउँमा कस्तो प्रजाति रोप्ने भन्नेबारे पर्याप्त छलफल भएको देखिँदैन र सरोकारवालाहरूले यस विषयमा आवश्यक ध्यान पुऱ्याउन सकेका छैनन् भन्ने स्पष्ट हुन्छ । यसै परिप्रेक्ष्यमा, स्थान अनुकूल वृक्षारोपणका लागि प्रजाति छनोटमा सहयोग पुऱ्याउने सोचले यो पुस्तक प्रकाशन गरिएको हो । यस पुस्तकको उद्देश्य 'उपयुक्त स्थानमा उपयुक्त रैथाने प्रजाति' भन्ने सिद्धान्तलाई आत्मसात् गर्दै रैथाने प्रजाति र स्थानीय बिउ स्रोतको प्रयोगलाई प्राथमिकता दिन प्रेरित गर्नु हो । हामीले यस पुस्तकमार्फत विभिन्न भौगोलिक अवस्था तथा पारिस्थितिक प्रणालीमा वृक्षारोपणका लागि उपयुक्त रैथाने प्रजातिहरूबारे जानकारी दिने जमर्को गरेका छौँ ।

यस पुस्तकमा हाल विद्यमान नर्सरीहरूले नसमेटेका, वृक्षारोपणमा खासै प्रयोगमा नआएका थुप्रै रैथाने वनस्पतिहरू समेटिएका छन् । यसरी समेट्दा विभिन्न पारिस्थितिक प्रणालीमा सुहाउने तथा बहुउपयोगी एवम् जङ्गली फलफूलका बोटहरूलाई प्राथमिकता दिइएको छ । उदाहरणका लागि, नेपालको पहाडी क्षेत्रमा पाइने ब्लुबेरीजस्तै गुण भएको च्यासीलाई वृक्षारोपण गर्न सकिने बुट्यानका रूपमा पहिचान गरी प्रस्तुत गरिएको छ । बजार विस्तार एवम् स्थानीय स्तरमा आयआर्जनमा समेत योगदान गर्न सक्ने वनस्पतिहरू पनि छनोटमा परेका छन् ।

विगतमा वृक्षारोपणका धेरै कार्यक्रममा प्राविधिक तथा विज्ञहरूको सिफारिस हुने गरेको र स्थानीय समूहको भूमिका कमजोर रहेको सन्दर्भमा, हामीहरूले यस पुस्तकमा वनस्पतिको सूची प्रदान गरेर 'यही नै वृक्षारोपण गर्नुपर्छ' भन्न खोजेका होइनौँ । तसर्थ, यस पुस्तकले कुनै निश्चित ठाउँ वा अवस्थामा 'यही बोटबिरुवा रोप्नुपर्छ' भन्ने सिफारिस गर्नुको सट्टा, वृक्षारोपणमा अपनाउन सकिने रैथाने प्रजातिहरूको विविधता र सम्पन्नताबारे समुदायलाई जानकारी गराउँदै प्रजातिको छनोटलाई सहजीकरण गर्न खोजेको छ ।

वृक्षारोपणमा प्रयोग गर्न सकिने वनस्पतिहरूको सानो हिस्सा मात्र यहाँ प्रस्तुत गरिएको छ । अन्य धेरै प्रजातिका बारेमा स्थानीय समुदायले आफ्नो अवस्था र आवश्यकता अनुसार छलफल गरी छनोट तथा निर्णय गरून् भन्ने पनि हाम्रो चाहना हो ।

यो पुस्तक स्थानीय समुदाय, वन प्राविधिक, विकासकर्मी, नीतिनिर्माता तथा वन व्यवस्थापन र पुनर्स्थापनाका अन्य सरोकारवालाहरूका लागि उपयोगी हुनेछ भन्ने अपेक्षा गरेका छौँ । त्यसैगरी, यसले वृक्षारोपण कार्यक्रम केवल रुखको सङ्ख्या बढाउने कार्य मात्र नभई पारिस्थितिकीय प्रणालीको पुनर्स्थापना गर्ने एउटा महत्त्वपूर्ण कार्य हो भन्ने कुरा बुझाउन पनि सहयोग गर्नेछ भन्ने अपेक्षा गरेका छौँ ।



जामुनको जराले माटोको माथिल्लो भागमा बनाएको जालोले गरेको नदीतटको संरक्षण



जामुनको जराले गरेको खोल्सीको भूक्षय नियन्त्रण

पुस्तकको बारेमा

यो पुस्तकको उद्देश्य स्थानीय प्रकृति र परिवेश सुहाउँदा प्रजाति छनोट गर्न सहयोग गर्नु हो । यस पुस्तकमा वृक्षारोपणका लागि उपयोगी हुने ८९ प्रजातिका रुखहरूसँगै केही बुट्यान (कहिलेकाहीँ साना रुख पनि हुने) एवम् अम्रिसो र भेटिभरजस्ता १५ प्रजातिका वनस्पतिहरू समावेश गरिएको छ । यसबाहेक, बाँसलाई पनि वृक्षारोपणमा उपयुक्त वनस्पतिका रूपमा यस पुस्तकमा समावेश गरिएको छ । पुस्तकमा प्रजातिहरूको उपयोगिता तथा वृक्षारोपणमा तिनको सान्दर्भिकताबारे जानकारी दिइएको छ । यस पुस्तकलाई स्थानीय अनुभव, सिकाइ तथा उदाहरणहरू समेटेर पाठकमैत्री सामग्रीका रूपमा प्रस्तुत गरिएको छ । यस पुस्तकमा हाम्रो आफ्नै स्थानीयस्तरको अध्ययन तथा उपलब्ध तथ्याङ्कका आधारमा वनस्पति हुर्कनका लागि उपयुक्त भौगोलिक क्षेत्र, स्थानीय उपयोगिता र पहिचानात्मक विशेषताहरू समेटिएका छन् । त्यसैगरी, यसमा वनस्पतिको प्रचलित स्थानीय नाम, वैज्ञानिक नाम, भौगोलिक फैलावटसँगै पारिस्थितिक विशेषताको संक्षिप्त विवरण र पहिचान गर्न सजिलो होस् भनेर वनस्पतिका मुख्य भागहरू देखिने गरी तस्बिर पनि राखिएका छन् । यस पुस्तकमा स्रोत उल्लेख नगरिएका तस्बिरहरू पुस्तकका लेखकहरूले स्वयं खिचेका हुन् । यस पुस्तकमा प्रजातिको स्थानीय नेपाली नाम लेख्दा प्रायः प्रचलित नामलाई नै प्राथमिकता दिइएको छ । तर, प्रचलित नाम नभएको अवस्थामा कतैकतै जाति र ठाउँ विशेषका नामहरू पनि प्रयोग गरिएका छन्। जाजरकोटमा *Quercus floribunda* लाई थिन्के/ठिन्के र *Quercus leucotrichophora* लाई रियाज तथा सुर्खेतमा *Wendlandia coriacea* लाई लामपाते भनिने भएकाले यी प्रजातिका स्थानीय नाम सोहीअनुसार लेखिएका छन् । त्यसैगरी, पाल्पाको मगर समुदायले *Dalbergia sericea* लाई लक्वाबरेक भन्छन् । प्रजातिको स्थानीय नाम उल्लेख गर्ने क्रममा कतैकतै एउटै प्रजातिका एकभन्दा बढी नाम पनि प्रयोग गरिएका छन् । यसरी उल्लेख गरिएका थप नामहरू पनि जाति र ठाउँ विशेषमा प्रचलित छन् । उदाहरणका लागि, पश्चिम नेपालमा अमलालाई रिखिया, पारिजातलाई सिन्के र राजवृक्षलाई अमलतास भनिन्छ । त्यसैगरी, मधेश प्रदेशमा दबदबेलाई सौरी झिँगड भनिन्छ ।

वृक्षारोपणमा स्थान अनुसार प्रजातिहरूको सान्दर्भिकता दर्शाउन प्रजातिहरूलाई तालिकामा राखेर प्रस्तुत गरिएको छ भने केही प्रजातिहरूलाई नेपालको नक्सामा समेत प्रस्तुत गरिएको छ । त्यसैगरी, कुन वातावरणमा कुन प्रजाति उपयुक्त हुन्छ भन्ने जानकारी प्रजातिको विस्तृत विवरणमा मात्र नभई छुट्टै तालिकामा पनि दिइएको छ ।

यस पुस्तकमा उपलब्ध गराइएका जानकारीहरू विभिन्न विधि र स्रोतहरूबाट प्राप्त गरिएका हुन् । लेखकहरूको वन र वनस्पति सम्बन्धी अनुभव तथा नेपालको विभिन्न जिल्लाहरूमा गरिएको स्थलगत अवलोकन यहाँ उपलब्ध जानकारीका प्रमुख स्रोत हुन् । देशका विभिन्न भागमा स्थानीय किसान तथा वन उपभोक्ताहरूसँग गरिएका छलफल, गोष्ठी र कुराकानीबाट पनि हामीले धेरै जानकारी प्राप्त गरेका छौं । वनस्पतिको प्रत्यक्ष उपयोगिता र वृक्षारोपणमा तिनको सान्दर्भिकताबारे हाम्रो धारणा हामीले दर्जनौं स्थानमा स्थानीय व्यक्तिहरूसँग छलफल गरेर तयार पारेका हौं ।

नेपालमा वनस्पतिको फैलावट सम्बन्धी तथ्याङ्कहरू हामीले मुख्यतः कृष्ण कुमार श्रेष्ठ र सहकर्मीद्वारा लिखित *Plants of Nepal (Gymnosperms and Angiosperms)* पुस्तकबाट साभार गरेका हौं । कतिपय अवस्थामा ती तथ्याङ्कहरूलाई हाम्रो आफ्नै अवलोकनका आधारमा अद्यावधिकसमेत गरिएको छ । रुखहरूको पारिस्थितिकी सम्बन्धी जानकारी जे. के. जेक्सनद्वारा लिखित *Manual of Afforestation in Nepal* नामक पुस्तकको दोस्रो भागबाट पनि लिइएको छ ।

प्रजातिबारेको जानकारी वृक्षारोपणको निर्णयमा निकै महत्त्वपूर्ण हुन्छ, तर यति मात्र पर्याप्त हुँदैन । यस पुस्तकले वृक्षारोपणसँग सम्बन्धित अन्य धेरै आयामहरू, जस्तै बिउ प्रशोधन, नर्सरी स्थापना, रोप्ने विधि र रोपिएका बिरुवाको संरक्षणजस्ता विषयहरू समेटेको छैन । यस पुस्तकमा समावेश गरिएका धेरै प्रजातिहरू परम्परागत उपचार प्रणालीमा समेत उपयोगी छन् । उपचार प्रणालीसँग सम्बन्धित समुदाय, उपयोगी भाग, उपयोगको विधि र निदान गरिने रोगव्याधि समुदाय र भूगोल अनुसार फरक-फरक हुने भएकाले यस पुस्तकमा समेट्न सकिएको छैन । तर हर्रो, बर्रो र अमलाजस्ता केही प्रचलित एवम् स्थापित जडिबुटीहरूको उपयोगलाई भने समावेश गर्ने प्रयास गरिएको छ । यी विषयहरू आफैंमा छुट्टै र बृहत् विषय भएकाले यहाँ समेट्न सकिएन । रैथाने वनस्पतिको प्रवर्द्धन गर्न तयार पारिएको यो पुस्तकमा वृक्षारोपणमा प्रयोग गरिएका बाह्य वनस्पति प्रजातिहरूलाई समेटिएको छैन ।

परिचय

जनसङ्ख्या वृद्धि, शहरीकरण र औद्योगिक कृषिको विस्तारले वन विनाशसँगै प्राकृतिक वातावरणमा नकारात्मक असर पारेको छ । विभिन्न मानवीय क्रियाकलापले वन, खर्क, सिमसार, खेतबारी लगायतका प्राकृतिक एवम् व्यवस्थापन गरिएका विभिन्न पारिस्थितिक प्रणालीहरूमा रुपान्तरण तथा क्षयीकरण निम्त्याएका छन् । पारिस्थितिक प्रणालीहरूमा भएको क्षयीकरण अहिलेको एउटा गम्भीर वातावरणीय चुनौती हो । यस्ता प्रणालीको क्षयीकरणले तिनको उत्पादकत्व घटाउनुका साथै स्थानीय समुदायको जीविकोपार्जनमा प्रत्यक्ष असर पार्दछ । त्यसबाहेक, यसले जैविक विविधतामा ह्रास ल्याउनुका साथै कार्बन उत्सर्जनमा समेत वृद्धि गरेको छ । फलस्वरूप, यसले बहुआयामिक प्रकृतिका अल्पकालीन र दीर्घकालीन नकारात्मक असरहरू निम्त्याएको छ । यस्ता नकारात्मक असरहरू न्यूनीकरण गर्न पारिस्थितिक प्रणालीहरूको पुनर्स्थापना अहिले एउटा महत्त्वपूर्ण वातावरणीय मुद्दाका रूपमा स्थापित भएर आएको छ । वनसँगै वन वरिपरिका पारिस्थितिक प्रणालीहरू (वन परिदृश्य) को उचित ढङ्गले पुनर्स्थापना गर्न सकियो भने यसले वनको जैविक विविधता र उत्पादकत्व बढाउनुका साथै वन वरिपरिका स्थानीय समुदायको जीविकोपार्जनमा समेत सकारात्मक योगदान पुऱ्याउँछ ।

वन लगायतका पारिस्थितिक प्रणालीहरूको पुनर्स्थापनाका लागि संसारभरि नै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पहलहरू सुरु गरिएका छन् । यसै सिलसिलामा, संयुक्त राष्ट्रसङ्घले सन् २०२१ देखि २०३० लाई पारिस्थितिक प्रणाली पुनर्स्थापनाको दशकको रूपमा मनाउँदै छ । त्यसैगरी, बोन चुनौती (Bonn Challenge) अन्तर्गत सन् २०३० सम्ममा ३५ करोड हेक्टर जमिन पुनर्स्थापना गर्ने लक्ष्य राखिएको छ । साथै, विश्वव्यापी जैविक विविधता रूपरेखा (Kunming-Montreal Global Biodiversity Framework) अन्तर्गत सन् २०३० सम्ममा पृथ्वीको क्षयीकरण भएको ३०% भूभाग पुनर्स्थापना गर्ने लक्ष्य राखिएको छ । नेपालको जैविक विविधता रणनीति तथा कार्ययोजना २०२६-२०३० (Nepal Biodiversity Strategy and Action Plan 2026-2030). ले पनि यही लक्ष्य पछ्याएको छ । वन (परिदृश्य) पुनर्स्थापनाका पहलहरूमा वृक्षारोपणलाई एउटा प्रमुख माध्यमको रूपमा अपनाइएको छ र यसको लागि स्थानीयस्तरदेखि लिएर ठुला-ठुला अन्तर्राष्ट्रिय अभियानहरूसम्म सञ्चालन गरिएका छन् । मिलियन, बिलियन हुँदै ट्रिलियन ट्रीसम्मका अभियानअन्तर्गत राज्य तथा विकास साझेदार संस्थाहरूले वृक्षारोपण गरिरहेका छन् ।

तर विडम्बना के छ भने, निरन्तर वृक्षारोपणलाई प्रोत्साहन गर्दै आए पनि अहिलेसम्मका वृक्षारोपणका प्रयासहरू अपेक्षित रूपमा सफल हुन सकेका छैनन् । त्यसैगरी, कतिपय

अवस्थामा त वृक्षारोपणले उल्टै पारिस्थितिकीय तथा सामाजिक पक्षमा नकारात्मक असर पुऱ्याएको पनि देखिन्छ । ठुला वृक्षारोपणका योजनाहरूमा एकल प्रजातिको वृक्षारोपण, प्राकृतिक वनमा बाह्य प्रजातिको वृक्षारोपण, बहुउपयोगी र मिश्रित वन भएका ठाउँमा समेत काठ प्रजातिलाई लक्षित गरी वृक्षारोपण र घाँसे मैदानहरूलाई वनमा रूपान्तरण गर्ने गरी कार्यक्रमहरू सञ्चालन हुँदा वृक्षारोपण आलोचितसमेत बनेको छ । त्यसैले, पछिल्लो समयमा वृक्षारोपणका उपलब्धिबारे लेखाजोखा गर्न यसको प्रक्रिया, प्रभावकारिता तथा दीर्घकालीन वातावरणीय र सामाजिक प्रभावहरूबारे विश्वभर बहस भइरहेको छ ।

वृक्षारोपणको प्रभावकारिता र सफलतामाथि प्रश्न उठ्नुका विभिन्न कारणहरूमध्ये स्थानविशेष योजना नबनाइनु, अनुपयुक्त स्थानमा वृक्षारोपण गरिनु, उपयुक्त प्रजातिको छनोट नगरिनु, प्राथमिकतामा राखिएका प्रजातिहरूको पारिस्थितिकीमा ध्यान नदिनु तथा स्थानीय सहभागिता, ज्ञान र भौगोलिक इतिहासलाई बेवास्ता गरिनु मुख्य कारणहरू हुन् । यसलाई अझ विस्तृत रूपमा विश्लेषण गर्दा, प्राकृतिक वनमा बाह्य प्रजातिको प्रयोग, स्थानीय बिउ स्रोतको उपेक्षा तथा स्थानीय समुदायको सीमित सहभागिता वृक्षारोपण असफल हुनुका प्रमुख कारकहरू हुन् ।

नेपालमा लामो समयसम्म भएको वन फँडानीपछि वृक्षारोपणलाई वन पुनर्स्थापना तथा वन विकासको एउटा बलियो माध्यमका रूपमा अपनाउँदै आइएको छ । विगतमा वन फँडानी गरेर कृषि भूमि विस्तार गर्ने र किसानहरूबाट तिरो उठाउने कार्य राज्यको प्रमुख आम्दानीको स्रोत थियो । निजी वन राष्ट्रियकरण ऐन, २०१३ (सन् १९५७) पश्चात् नेपालमा वन फँडानी झन् बढ्यो । यद्यपि, यस ऐनको मुख्य उद्देश्य वन संरक्षण भए तापनि यसको कार्यान्वयनपछि वन फँडानी बढेको पाइन्छ । सन् १९६० पछि नेपालको पहाडी क्षेत्रमा वन फँडानी र भूक्षय भएको विषयले विश्वव्यापी चासो पाउन थाल्यो र यससँगै नेपालमा वन पुनर्स्थापनाका लागि थुप्रै वृक्षारोपण कार्यक्रम सञ्चालन गरियो । नाङ्गा डाँडापाखालाई पुनः हरियाली बनाउने उद्देश्यले विशेषगरी बाह्य प्रजातिका रुखहरू व्यापक रूपमा वृक्षारोपण गरियो । यस क्रममा काठमाडौँ उपत्यकापूर्वका धेरैजसो पहाडी जिल्लाहरूमा पाटे सल्लाको वृक्षारोपण गरियो । त्यसैगरी, मध्य नेपालको तराईका सर्लाही र महोत्तरी जिल्लामा मसला र टिकको वृक्षारोपण गरियो । चिलाउने-कटुस तथा खस्रुका वन मासिएका ठाउँमा पाटे सल्ला र सालको मिश्रित वन रहेका क्षेत्रमा टिक र मसला जस्ता बाह्य प्रजातिको वृक्षारोपण गरिएकाले तिनको प्रभावकारिता तथा वातावरणीय र सामाजिक प्रभावबारे प्रश्नहरू उठेका छन् । पहाडी भूभागमा गरिएका वृक्षारोपणले भूक्षय रोकथाम र नाङ्गा डाँडापाखामा हरियाली वृद्धि गरे तापनि स्थानीय जैविक विविधता संरक्षण गर्न, स्थानीय समुदायका दैनिक आवश्यकताहरू परिपूर्ति गर्न र उनीहरूको आयआर्जन उकास्न पर्याप्त भूमिका खेल्न सकेका छैनन् ।

यकिन तथ्याङ्क नभएता पनि नेपालमा अहिले हरेक वर्ष दुई करोडभन्दा बढी बिरुवा रोपिन्छन्, जसको अनुमानित आधा हिस्सा वन क्षेत्रमा पर्छ । तर, तिनको सफलताको

दर अपेक्षाभन्दा कम रहेको छ । नेपालका अधिकांश सामुदायिक वनमा उपभोक्ताहरू वृक्षारोपण गर्न इच्छुक भए तापनि प्रजाति छनोटमा भने प्रायः बाह्य पक्षको प्रभाव हुने र समुदायको भूमिका नगन्य हुने गरेको पाइन्छ । यसरी समुदायको सीमित सहभागितामा गरिएका वृक्षारोपणप्रति समुदायले अपनत्व नलिएको पनि देखिन्छ । वृक्षारोपण गर्नुपूर्व समुदायसँग छलफल र स्थानीय आवश्यकताका आधारमा वृक्षारोपणका लागि बिरुवा छनोट गर्न सकेमा समुदायको अपनत्व बढाउन सकिन्छ । प्रजातिको व्यवस्थापन, उपयोग र दीर्घकालीन प्रभावबारे स्थानीयस्तरमा जानकारी नहुँदा वृक्षारोपण अपेक्षित रूपमा प्रभावकारी हुन सकेको छैन । दशकौँअघि वृक्षारोपण गरिएका रुखहरू अहिले धेरै ठाउँमा स्थानीय समुदायका लागि उपयोगी हुनुको सट्टा बोझ बनेका छन् र स्थानीयले ती रुखलाई सम्भव भएसम्म हटाउन खोजेको पाइन्छ । त्यसैले, वृक्षारोपणलाई सामाजिक, पारिस्थितिक र आर्थिक रूपमा प्रभावकारी बनाउन स्थान विशेष अनुसारको रणनीति र स्थानीय समुदायको अर्थपूर्ण सहभागिता आवश्यक छ ।

वृक्षारोपणलाई प्रभावित पार्ने मुख्य पक्षमध्ये नर्सरी पनि एक हो । वृक्षारोपणमा प्रयोग हुने अधिकांश बिरुवाहरू डिभिजन वन कार्यालय तथा भू-संरक्षण कार्यालयअन्तर्गतका नर्सरीहरूबाट उपलब्ध हुन्छन् । यसबाहेक, केही निजी तथा विकास आयोजनाका नर्सरीहरूबाट पनि बिरुवा उपलब्ध हुन्छन् । तर, यस्ता नर्सरीहरूमा चलनचल्तीमा रहेका तथा निश्चित प्रजातिहरूका बिरुवाहरू मात्र उपलब्ध हुन्छन् । यस्ता नर्सरीमा उत्पादित बाह्य प्रजातिका बिरुवाहरू प्राकृतिक वन क्षेत्रमा रोप्ने क्रम अहिले पनि चलिरहेकै छ । नर्सरीमा उत्पादित बिरुवाहरूको विविधता साँघुरो हुनु र धेरैजसो बाह्य प्रजातिलाई प्राथमिकता दिनुका कारण रैथाने प्रजातिहरूले वृक्षारोपणमा उचित महत्त्व पाउन सकेका छैनन् ।

स्थान र आवश्यकता अनुसारको वृक्षारोपण

नेपालको दक्षिणबाट उत्तरतर्फ लाग्दा भूगोलसँगै तापक्रम र जलवायु पनि परिवर्तन हुँदै जान्छ । त्यसैगरी, पूर्वबाट पश्चिमतर्फ लाग्दा वर्षाको मात्रा र चिस्यान पनि घट्दै जान्छ । पूर्वको तुलनामा पश्चिम नेपाल बढी सुक्खा छ । काठमाडौँ उपत्यका नजिकैको फूलचोकीमा धेरै पानी पर्छ भने त्यसभन्दा केही पूर्वमा पर्ने नेपालथोक क्षेत्र तुलनात्मक रूपमा सुक्खा छ । नेपालको भूगोल र हावापानीमा परिवर्तन भएसँगै बोटबिरुवा र वनका प्रकार पनि परिवर्तन हुन्छन् । यही फरकपनले नेपालको जैविक विविधता, पारिस्थितिक प्रणाली र वनका प्रकारमा उच्च विविधता सम्भव बनाएको छ ।

तराईमा राम्रोसँग फस्टाउने साल पहाडतर्फ उक्लिँदै जाँदा साना र बाङ्गाटिङ्गा हुँदै जान्छन् । त्यसैगरी, पहाडका सल्ला र खस्रुहरू तराईमा भेटिँदैनन् । पश्चिम नेपालमा पाइने केही प्रजातिहरू पूर्वी नेपालमा पूर्ण रूपमा पाइँदैनन् भने पूर्वी नेपालमा पाइने केही प्रजातिहरू पश्चिम नेपालमा पूर्ण रूपमा पाइँदैनन् । उदाहरणका लागि, पश्चिम

नेपालमा पाइने विजयसाल र देवदार पूर्वी नेपालमा पाइँदैनन् भने पूर्वी नेपालका लटहर र चिलाउने पश्चिम नेपालमा पाइँदैनन् । यही कारणले नेपालमा ठाउँ अनुसार मानिस/समुदाय र वन/वनस्पतिबीचको सम्बन्ध पनि फरक-फरक छ । त्यसैगरी, भूगोल र ठाउँका आवश्यकताहरू पनि फरक-फरक छन् । पश्चिम नेपालको पहाडी क्षेत्रमा सल्लोको खोटो आम्दानीको प्रमुख स्रोत हो भने पूर्वी पहाडमा उत्तिस आम्दानीको प्रमुख स्रोत हो । यसै कारण, नेपालमा भौगोलिक अवस्था, हावापानी र वन-वनस्पतिमा जस्तै सांस्कृतिक क्षेत्रमा पनि उच्च विविधता पाइन्छ ।

आकार, वृद्धिदर, उपयोगिता, पारिस्थितिकी र वातावरणमा पुऱ्याउने योगदानका आधारमा प्रकृतिमा हामीसँग धेरै थरीका वनस्पतिहरू उपलब्ध छन् । सडक किनार र खोलाको बगरमा लगाइने वनस्पतिहरू फरक-फरक हुन सक्छन् । त्यसैगरी, खुला पार्क र सडकको दायाँ-बायाँ रोपिने वनस्पतिहरू पनि एकै खालका नहुन सक्छन् । खुला जमिन र छायामुनि हुर्किने वनस्पतिहरू पनि फरक-फरक हुन्छन् । पहाडी क्षेत्रको एउटा सानो क्षेत्रमा समेत उत्तर र दक्षिण फर्केका पाखाहरूमा फरक-फरक गुणका वनस्पतिहरू देख्न सकिन्छ ।

सडक, बगर, वन र आवादीमा वृक्षारोपण गर्ने उद्देश्य फरक-फरक हुन्छन्, किनकि यी ठाउँहरूको भौगोलिक अवस्था, हावापानी र आवश्यकता फरक-फरक हुन्छ । विभिन्न पारिस्थितिक प्रणालीमा व्यवस्थापनको आवश्यकता र उद्देश्य अनुसार फरक-फरक प्रकृतिका बोटबिरुवाहरू रोप्न सकिन्छ । वृक्षारोपणको उद्देश्य कतै माटो बग्नबाट रोक्नु, कतै हरियाली बनाउनु र वनको अवस्था सुधार्नु, कतै बाढीको प्रकोप रोक्नु, कतै भूक्षय नियन्त्रण गर्नु, कतै काठदाउरा तथा घाँसको माग पूरा गर्नु, कतै आर्थिक लाभ लिनु, कतै संरक्षण गर्नु वा कतै खाद्य सुरक्षामा योगदान पुऱ्याउनु हुन सक्छ भने कतै एकभन्दा बढी उद्देश्य पनि हुन सक्छन् । तसर्थ, वृक्षारोपणमा आवश्यकता, ठाउँ र उद्देश्य अनुसारका वनस्पतिहरू छनोट गरेर रोप्नुपर्दछ ।

वन क्षेत्रमा रैथाने वनस्पतिको प्रवर्द्धन

वृक्षारोपण गर्ने सन्दर्भमा निजी जमिन र प्राकृतिक वन क्षेत्रमा फरक-फरक नीति अवलम्बन गर्न उपयुक्त हुन्छ । सडक छेउछाउ, बगैँचा, पार्क र निजी जमिनमा अवसर र जोखिम दुवै विचार गरेर बाह्य वनस्पति प्रजातिहरू लगाउन सकिन्छ । तर प्राकृतिक वन क्षेत्रमा भने रैथाने वनस्पति प्रजातिहरू नै उपयुक्त हुन्छन् । यहाँ रैथाने वनस्पति प्रजाति भनेर native plant species लाई भनिएको हो ।

रैथाने बोटबिरुवाहरूले स्थानीयस्तरमा वन्यजन्तु र चराचुरुङ्गीको संरक्षणमा समेत योगदान पुऱ्याउँछन् । प्राकृतिक वन र रैथाने बोटबिरुवाबाट स्थानीय मानिसहरूले आफ्ना आवश्यकताका विविध पैदावारहरू प्राप्त गर्न सक्छन् । रैथाने बोटबिरुवाको विविधता राम्रो हुँदा खडेरी र रोग तथा किराको प्रकोपबाट हुने असर पनि कम हुन्छ ।

त्यसैगरी, रैथाने वनस्पतिहरूको मिश्रित वन हुँदा वन डढेलोको समयमा पनि वनमा क्षति कम हुन्छ। स्थानीयसँग रैथाने प्रजातिका विविध उपयोगिताबारे ज्ञान-सीप हुने भएकाले तिनको उपयोग तथा संरक्षण दुवै गर्न सजिलो हुन्छ। रैथाने वनस्पतिहरूको संरक्षण गर्दा त्यस्ता वनस्पतिसँग सम्बन्धित ज्ञान, सीप र संस्कृतिको संरक्षण एवम् अन्तरपुस्ता ज्ञान हस्तान्तरणमा समेत सहयोग पुग्छ।

प्राकृतिक वन क्षेत्रमा बाह्य प्रजातिहरू रोप्दा स्थानीय जैविक विविधतामा प्रतिकूल असर समेत पर्न सक्छ। उदाहरणका लागि, हाम्रो रैथाने रुख जामुन रोप्दा अनेकौँ चराचुरुङ्गी र बाँदरजस्ता वन्यजन्तुको आहार उपलब्ध हुन्छ। यसको काठ, बोक्रा, पात र फल पनि स्थानीय रूपमा उपयोगी हुन्छन्। त्यसको ठाउँमा बाह्य रुखहरू, जस्तै टिक, मसला र मलेसियन सालजस्ता रुख रोप्दा जामुनजस्तो बहुउपयोगी हुँदैनन्। त्यसैगरी, कहिलेकाहीँ बाह्य प्रजातिहरू मिचाहा हुने जोखिम पनि हुन्छ। विश्वमा वृक्षारोपणका लागि रैथाने क्षेत्रभन्दा बाहिर रोपिएका मसला र सल्लाका केही प्रजातिहरू मिचाहा भएर दुःख दिएका उदाहरणहरू धेरै छन्। नेपालमा पनि इपिलइपिल, पाटे सल्ला र जापानी सल्लाजस्ता प्रजातिहरूले समस्या सिर्जना गर्ने हुन् कि भन्ने चिन्ता व्यक्त हुन थालेको छ। त्यसैले, वन क्षेत्रमा वृक्षारोपण गर्दा सकभर रैथाने जातका बोटबिरुवाकै प्रवर्द्धन गर्नुपर्छ।

बहुउपयोगी वनस्पति र विविधतायुक्त वन

स्वाभाविक रूपमा हाम्रो वन र वनका रुखहरू बहुउपयोगी स्रोत हुन्। जलवायु परिवर्तनका जोखिमसँग जुध्न र हाम्रा सामाजिक, आर्थिक तथा सांस्कृतिक आवश्यकताहरू पूरा गर्न बहुप्रजातीय र मिश्रित वनको महत्त्व झनै बढेको छ। मानव-वन्यजन्तु द्वन्द्व, विशेषगरी बाँदरसँगको द्वन्द्व बढ्नुमा वनको प्राकृतिक समिश्रणमा परिवर्तन आउनु र रैथाने फलफूल एवम् डालेघाँसका रुखहरू कम हुनुलाई पनि एउटा कारणका रूपमा हेरिएको छ। त्यसैगरी, पूर्वी तराईको जलथल वनमा विभिन्न खाले मिचाहा प्रजातिको वन अतिक्रमणले वनमा हात्तीको आहारा हुने डालेघाँस घट्दा एवम् हात्तीको वासस्थानमा मसला र रबरजस्ता बाह्य रुखहरूको वृक्षारोपण हुँदा मानव-हात्ती द्वन्द्व बढ्नमा केही भूमिका खेलेको हुन सक्छ।

हाम्रो वनमा विभिन्न समयमा पाक्ने फल तथा जङ्गली कन्दमूल हुन्छन् र त्यस्ता वनस्पतिहरूलाई समेटेर वृक्षारोपण गर्न सकेमा वनको बहुपयोगिता तथा विविधता समेत कायम राख्न सकिन्छ। तसर्थ, वृक्षारोपण गर्दा डालेघाँस, जङ्गली फलफूल, काठ आदि प्रदान गर्ने बहुउपयोगी रुख-बुट्यानहरू रोप्न सकेमा वनले प्रदान गर्ने विविध सेवाका साथै जैविक विविधता संरक्षणमा पनि सकारात्मक योगदान पुग्न सक्छ। जङ्गली फलफूलहरू पर्यापर्यटन प्रवर्द्धन गर्न र स्थानीयहरूको आयआर्जन वृद्धि गर्नसमेत उपयोगी हुन्छन्।

रैथाने वृक्षारोपणमा स्थानीय बिउ र ज्ञान

रैथाने प्रजाति र प्राकृतिक पुनरुत्पादनको प्रवर्द्धन प्रकृतिमैत्री वृक्षारोपणका महत्त्वपूर्ण अङ्ग हुन् । वृक्षारोपणलाई प्रकृतिसम्मत बनाउन हामीले हाम्रो वरिपरिको परिवेशबाट पनि धेरै कुरा सिक्न सक्छौँ । अहिले वृक्षारोपणका लागि नर्सरीमा सहजै उपलब्ध बिरुवा रोप्ने प्रचलन भए तापनि, हाम्रो आवश्यकताका बिरुवा नर्सरीमा उपलब्ध नभएमा वा सहज पहुँचमा नभएमा हामीले हाम्रै वरिपरिबाट पनि दर्जनौँ प्रजातिका रैथाने बिरुवा प्राप्त गर्न सक्छौँ ।

घरवरिपरिको खुला ठाउँमा भएका सिमलजस्ता ठुला रुखमुनिको भूभागलाई बर्खायामका केही महिनामात्र संरक्षण गर्न सक्ने हो भने त्यस्ता रुखमुनि जामुन, कुट्मेरो, खस्रेटो, गायोजस्ता दर्जनौँ प्रजातिका वनस्पतिका बिरुवा उम्रिन्छन् । चराले एक ठाउँका बिउ अर्को ठाउँमा पुऱ्याउँदा त्यस्ता बिउहरू पनि यसरी संरक्षित स्थानमा उम्रिन्छन् । त्यसै गरी, वर्षायाममा नजिकको वनमा पनि प्रशस्त बिरुवा उम्रिन्छन् । यसरी उम्रिएका बिरुवामध्येबाट स्वस्थ बिरुवा छानेर उपयुक्त स्थानमा वृक्षारोपण गर्न सकिन्छ ।

हामीले यस पुस्तकमा उल्लेख गरेका र हाम्रो वरिपरि उपलब्ध अधिकांश बोटबिरुवा बिउबाट पुनरुत्पादन हुन्छन् । तसर्थ, माउ रुखमा पाकेका फलहरू उपयुक्त समयमा टिपेर नर्सरीमा बिउ जमाउन सकिन्छ । नर्सरीका लागि सरकारी तथा व्यावसायिक नर्सरीको सहयोग लिन सकिन्छ । हामीले वृक्षारोपणमा प्रयोग गर्ने दबदबे, बेडुलो, सिमलीजस्ता प्रजातिहरू हाँगा काटेर पनि सार्न सकिन्छ । फल पाक्ने समय र बिउ अङ्कुरण गराउने विधिबारे स्थानीय ज्ञान भएका व्यक्तिहरू, नर्सरी व्यवसायी र वन प्राविधिकहरूबाट जानकारी प्राप्त गर्न सकिन्छ ।

यस पुस्तकमा उल्लेख गरिएका धेरै वनस्पतिहरू, जस्तै तिल्के, उत्तिस, मैनाकाठ आदि, वृक्षारोपण नगरे पनि आफैँ उम्रिने खालका छन् । तर त्यसका लागि नजिकै माउ रुख हुनुपर्छ । यस्ता बोटबिरुवाको संरक्षण र संवर्द्धन मात्र गर्न सके पनि पुग्छ ।

वृक्षारोपणमा विचार गर्नुपर्ने केही सैद्धान्तिक पक्षहरू

यस पुस्तकमा 'उपयुक्त स्थानमा उपयुक्त रैथाने प्रजाति' भन्ने कुरालाई विशेष प्राथमिकता दिइए तापनि दीर्घकालीन र नतिजामुखी वृक्षारोपणका लागि यति मात्र पर्याप्त छैन । आज उपलब्ध ज्ञान, स्थानीय समुदाय र प्रकृतिबीचको सम्बन्ध एवम् स्थापित मान्यताहरूलाई अङ्गीकार गर्दै वृक्षारोपणलाई दिगो, नतिजामुखी र स्वीकार्य बनाउन विभिन्न सैद्धान्तिक पक्षमा पनि ध्यान दिन आवश्यक छ ।

वृक्षारोपणमा विचार गर्नुपर्ने केही सैद्धान्तिक पक्षहरू

१ प्राकृतिक वन क्षेत्रमा वृक्षारोपणभन्दा प्राकृतिक पुनरुत्पादनलाई प्रवर्द्धन गरौँ।



२ प्राकृतिक वन क्षेत्रमा वृक्षारोपण गर्नुपर्दा रैथाने प्रजाति नै रोजौँ।



३ वृक्षारोपणमा एकलभन्दा मिश्रित वा बहुप्रजाति चयन गरौँ।



४ रैथाने प्रजाति रोप्दा सम्भव भएसम्म स्थानीय बिउ स्रोत नै प्रयोग गरौँ।



५ वृक्षारोपण गर्ने प्रजातिहरूको छनोट सहभागितामूलक विधिबाट गरौँ।



६ नर्सरी बनाउने, बिउ सङ्कलन गर्ने, रोप्ने र संरक्षण प्रक्रियामा स्थानीयहरूको हात र साथ जोडौँ।



७ वृक्षारोपणमा ठुला र छिटो बढ्ने रुखसँगै बुट्यान प्रजातिहरूलाई पनि प्रवर्द्धन गरौँ।



८ स्थानीय स्तरमा लोप हुँदै गएका, दुर्लभ र संस्कृतिसँग सम्बन्धित प्रजातिहरूको प्रवर्द्धन गरौँ।



९ बाह्य प्रजातिहरू वृक्षारोपण गर्दा मिचाहा हुन सक्ने जोखिमबारे जानकारी लिऔँ।



१० वृक्षारोपण गर्दा जैविक विविधता प्रवर्द्धन र संरक्षण गर्ने प्रजातिहरू चयन गरौँ।



११ वृक्षारोपणलाई वन व्यवस्थापन र वन परिदृश्य पुनर्स्थापनाको दीर्घकालीन कार्यको अङ्ग बनाऔँ।



१२ वृक्षारोपण गरेर रुखको सङ्ख्या बढाउनु जति महत्त्वपूर्ण छ, पुराना रुखहरू र प्राकृतिक वन जोगाउनु पनि त्यत्तिकै महत्त्वपूर्ण छ भन्ने कुरा मनन गरौँ।



१३ वृक्षारोपणबाट सृजित लाभको बाँडफाँडमा स्थानीय समुदायको पहुँच बढाऔँ।



नेपालमा वृक्षारोपण एउटा अभियानका रूपमा लामो समयदेखि सञ्चालन हुँदै आएको छ र यसको नतिजास्वरूप वनले ढाकेको क्षेत्र र रुखको घनत्व बढेको पनि छ। यी उपलब्धिसँगै व्यवस्थापनमार्फत वनको अवस्था सुधार र पुनर्स्थापना निरन्तर चल्ने प्रक्रिया हुन्। नेपाल सरकारले प्रस्ताव गरेको जैविक विविधता राष्ट्रिय रणनीति तथा कार्ययोजना २०२६-२०३० को मस्यौदाले नेपालको क्षयीकरण भएको ३०% भूभाग पुनर्स्थापना गर्ने लक्ष्य निर्धारण गरेको सन्दर्भमा वृक्षारोपण अझै बढ्ने देखिन्छ।

वृक्षारोपण लामो समयदेखि वन पुनर्स्थापनाको एउटा महत्त्वपूर्ण कार्य भए तापनि वृक्षारोपण सम्बन्धी सैद्धान्तिक र व्यावहारिक खाका स्पष्ट नहुँदा वृक्षारोपण कार्यक्रम प्रजाति र पारिस्थितिकीबाट सुसूचित हुन सकेको छैन। प्राकृतिक वनमा बाह्य वनस्पति रोपिँदा स्थानीय आवश्यकता र जैविक विविधतामा प्रतिकूल असरसमेत पुगेको देख्न सकिन्छ। वृक्षारोपण अभियानहरूमा हाम्रो रैथाने वनस्पतिको सानो हिस्सा मात्र उपयोग गरिएको छ। थुप्रै महत्त्वपूर्ण वनस्पति र तीसँग सम्बन्धित ज्ञान वृक्षारोपणमा समेट्न सकिएको छैन। तसर्थ, हाम्रो रैथाने वनस्पतिको विविधता र स्थानीय ज्ञानलाई वृक्षारोपणमा प्रयोग गर्नुपर्ने टड्कारो आवश्यकता छ। यससँगै, स्थान विशेष अनुसार प्रजाति छनोट गरी उपयुक्त स्थानमा उपयुक्त रैथाने प्रजातिको प्रवर्द्धन गर्दै वृक्षारोपणको दायरा फराकिलो बनाई प्रकृति, जलवायु र जीविकोपार्जनमा योगदान पुऱ्याउनु आजको आवश्यकता हो।

वृक्षारोपणमा उपयुक्त रैथाने प्रजातिहरूको विस्तृत विवरण

अनौकाठ

Homalium ceylanicum (होमालियम सिलानिकम)



अनौकाठ (सुरिले) ३५ मिटरसम्म अग्लो र सुरिलो काण्ड हुने एक सदाबहार रुख हो। यसका पातहरू पिपिरीका जस्ता दाँते किनारा भएका हुन्छन्। यसका फूलहरू साना र सेता हुन्छन् र पातको कापबाट निस्किएको पुष्पक्रममा फुल्छन्। यसका फलहरू पनि धेरै साना हुन्छन्।

यो पूर्वी नेपालको तराई र चुरे क्षेत्रमा ७०-७०० मिटरसम्मको उचाइमा पाइन्छ।

अनौकाठ सालको मिश्रित वनमा प्राकृतिक रूपमा पाइन्छ। यसका बिउहरू धेरै साना हुने भएकाले तिनको प्रसार हावाद्वारा हुने अनुमान गरिएको छ।

यसको काठ घर निर्माण तथा फर्निचर बनाउन राम्रो मानिन्छ। यसलाई डाले घाँसको रूपमा पनि प्रयोग गरिन्छ।

अनौकाठलाई पूर्वी नेपालको तराई र चुरेका अवस्था बिग्रिएका सालका वनमा वृक्षारोपण गर्न सकिन्छ। त्यसैगरी, प्राकृतिक वनमा वृक्षारोपण गर्दा यसको संरक्षणमा पनि टेवा पुग्छ।

अमला

Phyllanthus emblica (फिल्यान्थस इम्ब्लिका)



अमला (रिखिया) १५ मिटरसम्म अग्लो हुने पतझर रुख हो । यसका पातहरू साना हुन्छन् र मसिना हाँगाहरूमा बाक्लै आएका हुन्छन् । यसका फूलहरू पहेँला-सेता हुन्छन् र मसिना हाँगाहरूको फेदतिर पातको कापमा झुप्पामा फुल्छन् । यसका फलहरू गोलाकार हुन्छन् ।

अमला नेपालको तराईदेखि मध्य पहाडी क्षेत्रसम्म ७०-२००० मिटरसम्मको उचाइमा पाइन्छ ।

यो दक्षिण र पूर्व फर्किएको पारिलो, सुक्खा र खुला पाखा तथा पातलो वनमा राम्रोसँग हुर्किन्छ । गोलो फल भएकाले भिरालो जमिनमा हुँदा यसको बिउलाई पृथ्वीको गुरुत्वाकर्षणले सजिलै प्रसार गर्न सक्छ । वन्यजन्तु, विशेषगरी मलसाँप्रो (माउखाने) र बाँदरहरूले पनि यसको बिउ प्रसारमा ठुलो भूमिका खेल्छन् । सुक्खा र पातलो वनमा यसको पुनरुत्पादन राम्रो हुन्छ ।

अमला काँचै, सुकाएर वा अचार तथा तितौरा बनाएर खाइन्छ । यसको फल आयुर्वेदिक औषधी त्रिफलाको एक प्रमुख अवयव हो । यसको फल बजारमा बिक्री-वितरण पनि गरिन्छ । कहिलेकाहीँ यसलाई डाले घाँसको रूपमा पनि प्रयोग गरिन्छ ।

यसलाई पश्चिम र मध्य नेपालको चुरे र मध्य पहाडका पातलो वनपाखा र खुला ठाउँहरूमा वृक्षारोपण गर्न सकिन्छ ।

अमारो

Spondias pinnata (स्पोन्डियास पिन्नाटा)



अमारो २० मिटरसम्म अग्लो हुने एक पतझर रुख हो । यसका पातहरू संयुक्त र बाक्ला हुन्छन् । यसका फूलहरू साना हुन्छन् र हाँगाको टुप्पोमा पलाउने पुष्पक्रममा फुल्छन् । फूल फुलेको बेलामा यस रुखमा पातहरू हुँदैनन् । यसका फलहरू लप्सीजस्तै आकारका तर लप्सीभन्दा अलि ठुला हुन्छन् ।

यो नेपालको तराईदेखि मध्य पहाडी क्षेत्रसम्म ७०-१४०० मिटरसम्मको उचाइमा पाइन्छ ।

अमारोका रुखहरू पातलो वनमा राम्रोसँग हुर्किन्छन् । यसका बिउहरू स्तनपायी जनावर तथा ठुला चराहरूले प्रसार गर्छन् । डाले घाँसका लागि रूख काट्नाले यसको प्राकृतिक पुनरुत्पादन त्यति राम्रो छैन ।

यसका पातका भेट्ना र पाकेका फल सोझै खानुका साथै अचार तथा चटनी बनाएर पनि खाने गरिन्छ । यसको फल अमिलो हुन्छ । यो रुचाइएको डाले घाँस पनि हो । फल र घाँसका लागि कतैकतै यसको खेती पनि गरिन्छ ।

अमारोलाई लप्सीजस्तै प्रवर्द्धन गरी तराईदेखि मध्य पहाडसम्मका सुक्खा पाखा र खुला ठाउँहरूमा वृक्षारोपण गर्न सकिन्छ ।

अमिलटाँकी Piliostigma malabaricum (पिलियोस्टिग्मा मालाबारिकम)



अमिलटाँकी १५ मिटरसम्म अग्लो हुने एक पतझर रुख हो । यसका पातहरू टाँकीका जस्तै तर अलिकति साना र बढी बाटुला हुन्छन् । यसका भाले र पोथी फूलहरू छुट्टाछुट्टै रुखका पातको काप र हाँगाको टुप्पोमा आउने पुष्पक्रममा फुल्छन् । यसमा टाँकीमा जस्तै च्याप्टा र लामा कोसा फल्छन् ।


यो नेपालको तराईदेखि मध्य पहाडी क्षेत्रसम्म ७०-१३०० मिटरसम्मको उचाइमा पाइन्छ ।

अमिलटाँकी खुला ठाउँदेखि हल्का छायाँ पर्ने ठाउँसम्म तथा सुक्खादेखि ओसिलो ठाउँसम्म राम्रोसँग हुर्किन्छ । यसका फलहरू सुकेर पड्किँदा बिउहरूको प्रसार हुन्छ ।

यो उच्च गुणस्तरको डाले घाँस हो । यसका कलिला पात र फूलहरू तरकारी तथा अचारका रूपमा प्रयोग गरिन्छ । यसका अमिला पातहरू काँचै पनि खाने गरिन्छ ।

अमिलटाँकीलाई तराईदेखि मध्य पहाडसम्मका अवस्था बिग्रिएका वन तथा डाले घाँसका लागि छुट्याइएका ठाउँहरूमा वृक्षारोपण गर्न उपयुक्त हुन्छ ।

अम्रिसो Thysanolaena latifolia (थाइस्यानोलिना ल्याटिफोलिया)



अम्रिसो एक बहुवर्षीय भुइँघाँस हो। यो तीन मिटरसम्म अग्लो हुन्छ र यसका पातहरू बाँसका जस्ता हुन्छन्। यसका फूलहरू धेरै साना हुन्छन् र डाँठको टुप्पोमा हाँगिएको पुष्पक्रममा बाक्लै फुल्छन्।

यो नेपालको तराईदेखि मध्य पहाडी क्षेत्रसम्म ७०-२१०० मिटरसम्मको उचाइमा पाइन्छ।

अम्रिसो प्रशस्त घाम लाग्नेदेखि हल्का छायाँ पर्ने ठाउँसम्म तथा मलिलोदेखि कम उर्वराशक्ति भएको माटोमा पनि राम्रोसँग हुर्किन्छ। यो भिराला पाखाहरूमा पनि पाइन्छ। यसका बिउहरू हावाले प्रसार गर्छ।

यसका फूलसहितका पुष्पक्रमहरूलाई घर-आँगन बढार्ने झाडु (कुचो) बनाउन प्रयोग गरिन्छ। झाडुको बजारमा राम्रो माग छ। यसलाई भिराला पाखाहरूमा भूक्षय नियन्त्रणका लागि पनि रोपिन्छ। यसलाई घाँसका रूपमा पनि प्रयोग गरिन्छ। गाईबस्तुले खाएर बाँकी रहेको डाँठ कागज बनाउन प्रयोग गरिन्छ।

चुरे तथा मध्य पहाडका नाङ्गा डाँडा र भिराला ठाउँहरूमा अम्रिसो रोप्न उपयुक्त हुन्छ। यसले भूक्षय नियन्त्रण गर्नुका साथै हरियाली बढाउन र ग्रामीण किसानहरूको आयआर्जन बढाउन महत्त्वपूर्ण भूमिका खेल्न सक्छ।

अर्चल

Antidesma acidum (एन्टिडेस्मा एसिडम)



अर्चल पाँच मिटरसम्म अग्लो हुने पतझर सानो रुख अथवा ठुलो बुट्यान हो। यसका पातहरू बाक्ला हुन्छन् र खाँदा हल्का अमिलो हुन्छन्। अर्चलका भाले र पोथी फूलहरू फरक-फरक रुखमा पातको कापमा वा हाँगाको टुप्पोतिर पुष्पक्रममा फुल्दछन्। यसका फलहरू साना र गोलाकार हुन्छन्।

अर्चल नेपालको तराईदेखि मध्य पहाडी क्षेत्रसम्म ७०-१६०० मिटरसम्मको उचाइमा पाइन्छ।

यो हल्का सुक्खादेखि हल्का चिस्यान भएको ठाउँसम्म तथा खुलादेखि रुखहरूको छहारी हुने ठाउँसम्म, मुख्यतः सालको मिश्रित वनमा पाइन्छ। यसका बिउहरू चराचुरुङ्गी तथा स्तनपायी जनावरहरूले प्रसार गर्छन्।

अर्चलका पात र फलहरू काँचै तथा अचार बनाएर खाने गरिन्छ। यो एउटा रुचाइएको डाले घाँस पनि हो।

डाले घाँसको चापलाई कम गर्न र वनको अवस्था सुधार्न यसलाई तराई र चुरेका वन भित्र र छेउछाउमा लगाउन उपयुक्त हुन्छ। काफल, ऐँसेलुजस्तै, यसका फल पनि बजारीकरण गर्न सकिन्छ।

असुरो

Justicia adhatoda (जस्टिसिया अधाटोडा)



असुरो दुई मिटरसम्म अग्लो हुने र झाडी बनाउने एक बुट्यान प्रजाति हो। यसका डाँठ र हाँगाहरू आँख्ला परेका हुन्छन् र पातहरू लाम्चा हुन्छन्। यसका फूलहरू सेता हुन्छन् र हाँगाको टुप्पो र पातको कापबाट निस्केका पुष्पक्रममा बाक्लै फुल्छन्। यसका फलहरू टुप्पोतिर मोटो भएका हुन्छन्।

यो नेपालको तराईदेखि मध्य पहाडी क्षेत्रसम्म १००-२००० मिटरसम्मको उचाइमा पाइन्छ।

असुरो दुङ्गा बढी भएका पातला वन र बाटो छेउछाउमा राम्रोसँग हुर्किन्छ। यसका फलहरू छिप्पिएर पड्कीएपछि बिउहरूको प्रसार हुन्छ। यसलाई हाँगा काटेर पनि सजिलै सार्न सकिन्छ।

यसको हाँगा भाँचेर काँचो केरा पकाउन प्रयोग गरिन्छ। यसका पातबाट जैविक मल बनाइन्छ। त्यसैगरी, यसलाई जैविक बार र सजावटका लागि पनि लगाउने गरिन्छ।

असुरोलाई तराईदेखि मध्य पहाडसम्मका सडक छेउछाउमा भूक्षय रोकथामका लागि वृक्षारोपण गर्न सकिन्छ। यसलाई खेतबारीको वरिपरि साथै बगैँचा र कार्यालय परिसरमा पनि रोप्न सकिन्छ।

आँप

Mangifera indica (म्याङ्गिफेरा इण्डिका)



आँप ३५ मिटरसम्म अग्लो हुने एक सदाबहार रुख हो। जङ्गली आँप र घर-बगैँचामा लगाइने आँपको प्रजाति एउटै हो। दुवैका पात र बास्ना उस्तै हुन्छन्। तर, जङ्गली आँपको फल भने सानो हुन्छ र गुदी पनि धेरै हुँदैन। अम्रपाली, माल्दा, दशहरी, कलकत्ते आदि आँपका उन्नत जातहरू हुन्, जुन घरबगैँचामा धेरै लगाइन्छन्।

आँप नेपालको तराईदेखि मध्य पहाडी क्षेत्रसम्म ७०-७०० मिटरसम्मको उचाइमा पाइन्छ।

यो सुक्खादेखि चिस्यानयुक्त ठाउँहरूसम्म पाइन्छ। यसका बिउहरू जनावर तथा मान्छेले प्रसार गर्छन्।

फलको राजा मानिने आँप काँचै तथा पाकेपछि खाइन्छ। यसको काठ फर्निचर बनाउनमा प्रयोग गरिन्छ भने पात हिन्दु कर्मकाण्डहरूमा प्रयोग गरिन्छ।

यसलाई नेपालको तराईदेखि मध्य पहाडी क्षेत्रसम्मका खुला ठाउँ, घर छेउछाउ तथा निजी वनमा वृक्षारोपण गर्न सकिन्छ।

उत्तिस

Alnus nepalensis (अल्नस नेपालेन्सिस)



उत्तिस २५ मिटरसम्म अग्लो हुने पतझर वा अर्ध-पतझर रुख हो जसका बोक्रामा तेर्सा छिद्राहरू पर्याप्त हुन्छन् । यसका छिप्पिएका पातहरू गाढा हरिया हुन्छन् र पातका नसाहरू स्पष्ट देखिन्छन् । यसका भाले र पोथी फूलहरू फरक-फरक हुन्छन् तर एउटै रुखमा फुल्छन् । यसका फलहरू धेरै साना, झिल्लीदार र पखेटा सहितका हुन्छन् ।

नेपालमा विशेष गरी पहाडी क्षेत्रमा पाइने यो रुख चुरेदेखि तल अभिलेख गरिएको छैन । नेपालमा उत्तिस ५००-२६०० मिटरसम्मको उचाइमा पाइन्छ ।

उत्तिस पहिरोले बनाएको खुला भिरालो जमिनमा उम्रिने अग्रणी (Pioneer) प्रजातिहरूमध्ये एक हो । यसका जरामा बस्ने सूक्ष्मजीवहरूले माटोमा नाइट्रोजनको मात्रा बढाएर माटोलाई उर्वर बनाउने काम गर्छन् । यसका बिउहरूलाई हावाले प्रसार गर्छ ।

यसको काठबाट भिनियर बनाइन्छ, जसलाई प्लाइउड र हलुका खाले फर्निचर बनाउन प्रयोग गरिन्छ । यो मध्यम गुणस्तरको डाले घाँस पनि हो ।

यो क्षयग्रस्त भूमिमा पनि सजिलै उम्रिने र छिटो बढ्ने भएकाले पहिरो गएका तथा पहिरोको जोखिम भएका ठाउँहरूमा वृक्षारोपणका लागि उपयुक्त हुन्छ । ओसिलो जमिनमा अलैँचीसँग कृषि वनका लागि पनि यो प्रजाति उपयुक्त हुन्छ । त्यसैगरी, बजार माग राम्रो भएकाले उत्तिस निजी वनमा समेत वृक्षारोपण गर्न सकिन्छ ।

ओखर

Juglans regia (जग्लान्स रेजिया)



ओखर २५ मिटरसम्म अग्लो हुने एक पतझर रुख हो । यसका पातहरू संयुक्त हुन्छन् । यसका भाले र पोथी फूलहरू फरक-फरक हुन्छन् तर एउटै रुखमा फुल्छन् । यसका फलहरू गोलाकारदेखि अण्डाकारसम्म हुन्छन् ।

यो नेपालको मध्य पहाडी क्षेत्रदेखि उच्च हिमाली क्षेत्रसम्म १२००-२७०० मिटरसम्मको उचाइमा पाइन्छ । यो अन्य क्षेत्रको तुलनामा पश्चिम नेपालमा धेरै पाइन्छ । पश्चिम नेपालको हुम्ला-जुम्ला क्षेत्रमा यो व्यापक रूपमा पाइन्छ ।

ओखर प्रायः खोला र खोल्सा नजिकका समथर, गेग्रानयुक्त ठाउँमा राम्रोसँग हुर्किन्छ । त्यसैगरी, यो दक्षिणतिर फर्किएका पाखाहरूमा पनि भेटिन्छ । पश्चिम नेपालमा, लेक पाङ्ग्रो र फिरफिरेसँग यसको मिश्रित प्राकृतिक वनसमेत भेटिन्छ । यसका बिउहरू ठुला चराहरू तथा मुसा र लोखर्केजस्ता जनावरहरूले प्रसार गर्छन् । यसको प्राकृतिक पुनरुत्पादन सन्तोषजनक छैन ।

यसको बिउ भित्रको गुदी खाइन्छ र परम्परागत रीतिरिवाजहरूमा पनि प्रयोग गरिन्छ । यसको बिउको बजार मूल्य पनि धेरै राम्रो छ । यसको काठ आकर्षक हुने भएकाले गुणस्तरीय फर्निचर र बन्दुकको कुन्दा बनाउन प्रयोग गरिन्छ । यसको मूलकाण्ड र फलको बोक्राबाट खैरो रङ निकालिन्छ ।

यसलाई मध्य पहाड तथा उच्च हिमालको खोलाखोल्सी छेउछाउका समथर ठाउँहरूमा र निजी जग्गामा वृक्षारोपण गर्न सकिन्छ ।

औटेङ्ग्रा

Dillenia indica (डिलेनिया इण्डिका)



औटेङ्ग्रा (पाँचफल) १५ मिटरसम्म अग्लो हुने सदाबहार रुख हो । यसका पातहरू टाँटरीका जस्तै देखिएतापनि साना र केही लाम्चा हुन्छन् । पातमा हुने थुप्रै स्पष्ट सहायक नसाहरू र हाँगाका टुप्पामा फुल्ने ठुला, आकर्षक सेता फूलहरूले यसलाई सजिलै चिन्न सकिन्छ । यसका फलहरू ठुला हुन्छन् र पत्रदलले पुरै ढाकेका हुन्छन् ।

औटेङ्ग्रा मध्य र पूर्वी नेपालको तराई र चुरेमा ७०-३०० मिटर उचाइसम्म पाइन्छ ।

उष्णप्रदेशीय वनको यो प्रजाति चिस्यानयुक्त खोल्साखोल्सी नजिकको बलौटे माटोमा धेरै पाइन्छ । यसका बिउहरू हात्ती र अन्य स्तनपायी जनावरहरूले प्रसार गर्छन् । पानीबाट पनि यसका बिउहरू प्रसारित हुन्छन् । प्राकृतिक वनमा यसका रुखहरू धेरै कम पाइन्छन् र यसको सङ्ख्या अझ घट्दो क्रममा छ ।

यसको फलमा हुने बाक्ला पत्रदल काँचै, तरकारी र अचार बनाएर वा दालमा मिसाएर खाइन्छ ।

पूर्वी नेपालको तराई र चुरेमा दुर्लभ औटेङ्गाको संरक्षण, चिस्यानयुक्त खोल्साखोल्सीको पारिस्थितिक प्रणालीमा सुधार तथा हात्तीजस्ता वन्यजन्तुको आहार व्यवस्थापनका लागि खोल्साखोल्सी र नदीछेउमा यसको वृक्षारोपण गर्न सकिन्छ ।

औले चाँप

Magnolia champaca (म्याग्नोलिया चम्पाका)



औले चाँप ३५ मिटरसम्म अग्लो हुने सदाबहार रुख हो । यसका पातहरू लाम्चा-अण्डाकार र चिल्ला हुन्छन् । यसका फूलहरू सुनौला हुन्छन् र पातको कापमा एउटा-एउटा गरी फुल्छन् । यसका फलहरू झुप्पामा फल्छन् । फलको बोक्रा बिबिरायुक्त र खस्रो हुन्छ ।

यो मध्य र पूर्वी नेपालको तराईदेखि पहाडी क्षेत्रसम्म ७०-१९०० मिटरसम्मको उचाइमा पाइन्छ ।

तराईमा यो चिस्यानयुक्त खोल्साखोल्सी नजिक मात्र पाइने भए तापनि पहाडी क्षेत्रमा भने यो सुक्खा जमिनमा पनि हुर्किन्छ । यसलाई प्रायः मन्दिर, बगैँचा र बाटो छेउछाउमा लगाएको पाइन्छ । यसका बिउहरू चराचुरुङ्गीहरूले प्रसार गर्छन् । यसको प्राकृतिक पुनरुत्पादन कम छ ।

औले चाँपको काठ टिकाउ र आकर्षक हुने भएकाले घर निर्माण तथा फर्निचर बनाउन राम्रो मानिन्छ । यसलाई डाले घाँसको रूपमा पनि प्रयोग गरिन्छ र कहीँ-कहीँ धार्मिक महत्त्वले पनि लगाउने गरिन्छ ।

यसलाई मध्य र पूर्वी नेपालमा तराई र चुरेका चिस्यानयुक्त खोल्साखोल्सी नजिक तथा पहाडमा भिरालो ठाउँ बाहेक अन्यत्र वृक्षारोपण गर्दा उपयुक्त हुन्छ । काठ, डाले घाँस र संरक्षणका लागि यसको वृक्षारोपण गर्न सकिन्छ ।

करीपत्ता

Bergera koenigii (बर्गेरा कोइनोजिआई)



करीपत्ता (असारे) ठुलो बुट्यानदेखि सानो रुखसम्म हुने एक अर्धसदाबहार वनस्पति हो । यसका बोटहरू पाँच मिटरसम्म अग्ला हुन्छन् । यसका पातहरू बास्नादार तथा संयुक्त हुन्छन् र कामिनीका पातको तुलनामा पातला हुन्छन् । यसका हरिया-सेता, सुगन्धित फूलहरू हाँगाको टुप्पोमा झुप्पामा फुल्छन् । यसका फलहरू साना, अण्डाकार हुन्छन् र पाक्दा काला हुन्छन् ।

यो नेपालको तराईदेखि मध्य पहाडी क्षेत्रसम्म समुन्द्री सतहदेखि १००-१८०० मिटरसम्मको उचाइमा पाइन्छ ।

करीपत्ता पातलो वन र वन तथा खोला किनारमा राम्रोसँग हुर्किन्छ । यो हल्का छायाँ पर्ने ठाउँदेखि खुला र सुक्खा ठाउँसम्म पाइन्छ । यो एउटा छिटो बढ्ने बोट हो । यसका बिउहरू प्रायः चराचुरुङ्गीहरूले प्रसार गर्छन् ।

यसका पातहरूलाई दाल, तरकारी तथा अचार झान्न प्रयोग गरिन्छ भने पाकेको फल खाइन्छ । तर फल त्यति स्वादिलो भने हुँदैन । त्यसैगरी, यसलाई सिमी, बोडी, काँक्रोजस्ता लहरेबालीका थाँक्राको रुपमा पनि प्रयोग गरिन्छ ।

करीपत्तालाई तराईदेखि मध्य पहाडसम्मका पातला साल तथा नदीतटीय वनहरूको अवस्था सुधार्न वृक्षारोपण गर्दा उपयुक्त हुन्छ ।

कदम

Neolamarckia cadamba (निओलामार्किया कदम्बा)



कदम ३० मिटरसम्म अग्लो हुने एक पतझर रुख हो । यसका हाँगाहरू तेर्सा र लामा हुन्छन् भने पातहरू अण्डाकार हुन्छन् । यसका फूलहरू रबरको बलजस्तो गुच्छामा फुल्छन् ।

यो नेपालको तराईदेखि तल्लो पहाडी क्षेत्रसम्म समुन्द्री सतहदेखि ७०-८०० मिटरसम्मको उचाइमा प्रशस्त पाइन्छ ।

कदम एउटा छिटो बढ्ने रुख हो, जुन तुलनात्मक रूपमा चिसो, बलौटे माटो भएका ठाउँ र खोला किनारमा पाइन्छ । यो क्षयग्रस्त भूमिमा र खुला क्षेत्रमा, जहाँ सूर्यको प्रकाश प्रशस्त मात्रामा पर्छ त्यहाँ पनि सजिलै हुर्किन-बढ्न सक्छ । यसका बिउहरू चराचुरुङ्गीहरूले प्रसार गर्छन् ।

यसको काठ हलुका हुनाले यसलाई प्याकिङ गर्ने बाकस र प्लाइवुड बनाउन प्रयोग गरिन्छ । यसका पाकेका फलहरू खानयोग्य हुन्छन् र मान्छे लगायत विभिन्न वन्यजन्तु जस्तै हात्ती, बाँदर, मृग आदिले खान्छन् । कदमको फल अचार वा तरकारी बनाएर पनि खान सकिन्छ । यसका साथै, यसको फूल मौरीले रुचाउने भएकाले मौरीपालनका लागि पनि यो रुख उपयुक्त मानिन्छ ।

कदमलाई तराईका पातला वन, खुला ठाउँहरू, मिचाहा प्रजातिले अतिक्रमण गरेका ओसिला ठाउँहरू र बाटो छेउछाउमा वृक्षारोपण गर्न सकिन्छ । साथै, यसलाई हल्का पानी जम्ने ठाउँमा पनि लगाउन सकिन्छ ।

काउलो

Litsea glutinosa (लिट्सिया ग्लुटिनोसा)



काउलो (दरद मैदा) २० मिटरसम्म अग्लो हुने एक सदाबहार रुख हो। यसका पातहरू बास्नादार हुन्छन्। यसका फूलका गुच्छाहरू पातका कापमा फुल्छन्। यसका फलहरू गोलाकार हुन्छन्। काउलो भनेर कुट्मेरो परिवारका अन्य प्रजातिहरूलाई पनि भनिन्छ, जसका बोक्रा र पात लेसिला तथा बास्नादार हुन्छन्।

यो मध्य र पूर्वी नेपालको तराईदेखि मध्य पहाडी क्षेत्रसम्म ७०-१७०० मिटरसम्मको उचाइमा पाइन्छ।

काउलो पातलो वन र वनको छेउछाउमा पाइन्छ। यसका बिउहरू चराचुरुङ्गीहरूले प्रसार गर्छन्। यो जराबाट पनि सजिलै पुनरुत्पादन हुन्छ।

यसको बोक्रा धूप बनाउन र खानेकुरालाई लेसिलो बनाउन प्रयोग गरिन्छ। यो एउटा डाले घाँस पनि हो।

यसलाई मध्य र पूर्वी नेपालको तराईदेखि मध्य पहाडी क्षेत्रसम्मका खुला ठाउँ तथा पातलो वनमा वृक्षारोपण गर्न सकिन्छ। यसका टाढासम्म फैलिने जराले भूक्षय रोकथाम गर्न पनि मद्दत गर्छन्। यसैगरी, यो काउलोजस्तै अन्य काउलोका प्रजातिलाई पनि स्थान र आवश्यकता अनुसार वृक्षारोपण गर्न सकिन्छ।

कामिनी

Murraya paniculata (मुर्राया पेनिकुलाटा)



कामिनी (वज्रदन्ति) ठुलो बुट्यानदेखि सानो रुखसम्म हुने एक वनस्पति हो । यसका बोटहरू छ मिटरसम्म अग्ला हुन्छन् । यसका पातहरू चिल्ला, बाक्ला र संयुक्त हुन्छन् । यसका फूलहरू सेता, सुगन्धित हुन्छन् र हाँगाको टुप्पोमा झुप्पामा फुल्छन् । यसका फलहरू साना, अण्डाकार हुन्छन् र पाक्दा रातो-सुन्तला रङका हुन्छन् ।

यो नेपालको तराईदेखि मध्य पहाडी क्षेत्रसम्म समुन्द्री सतहदेखि १००-१३०० मिटरसम्मको उचाइमा पाइन्छ ।


कामिनी साना खोला र ओसिला खोल्साका छेउछाउमा प्राकृतिक रूपमा पाइन्छ । प्राकृतिक वासस्थान बाहेक यो सडक किनार, बगैँचा र मठमन्दिरमा रोपिएको अवस्थामा पनि पाइन्छ । यसका बिउहरू प्रायः चराचुरुङ्गीहरूले प्रसार गर्छन् । यसको प्राकृतिक पुनरुत्पादन त्यति सन्तोषजनक देखिँदैन ।

यसका पातहरू हाँगामा बाक्लो गरी लाग्ने र चिल्ला तथा आकर्षक हुने भएकाले यो सडक किनार र बगैँचाको सजावटका लागि प्रयोग गरिन्छ । त्यसैगरी, यसको बोन्साई बनाएर घर वा कोठा सजाउने पनि गरिन्छ । दाँत दुख्दा यसका पात चपाउने गरेको पनि पाइन्छ ।

कामिनीलाई तराईदेखि मध्य पहाडसम्म घर वरिपरि, सडक किनार र कार्यालयमा रोप्न सकिन्छ । साथै, खेतबारी तथा बगैँचाको बारबेरका लागि पनि वृक्षारोपण गर्न सकिन्छ । त्यसैगरी, यसलाई बोन्साई बनाएर बेच्न पनि सकिन्छ ।

कुँयेल

Trema orientale (ट्रेमा ओरिएन्टेल)



कुँयेल १५ मिटरसम्म अग्लो हुने एक पतझर रुख हो । यसका पातहरू खाक्सीजस्तै खस्रा हुन्छन् । यसका फूलहरू साना हुन्छन् र पातको कापबाट झुप्पामा फुल्छन् । यसका फलहरू साना र अण्डाकार हुन्छन् ।

यो पूर्वी नेपालको तराईदेखि मध्य पहाडी क्षेत्रसम्म ६०-१४०० मिटरसम्मको उचाइमा पाइन्छ ।

कुँयेल एउटा छिटो बढ्ने रुख हो र प्रायः पातलो वनमा जहाँ पर्याप्त घाम लाग्छ त्यहाँ धेरै पाइन्छ । मानव प्रभाव धेरै भएको ठाउँमा पनि यो सजिलै हुर्कन्छ । यसका बिउहरू चराचुरुङ्गीले प्रसार गर्छन् ।

यसको काठ हलुका हुन्छ र दाउराको रूपमा प्रयोग गरिन्छ । यसलाई डाले घाँसका रूपमा पनि प्रयोग गरेको पाइन्छ, तर कतैकतै यसका पातहरू पशुचौपायाका लागि विषालु हुन्छन् पनि भनिन्छ ।

कुँयेललाई पूर्वी नेपालको तराईदेखि मध्य पहाडी क्षेत्रसम्मका खुला ठाउँहरू तथा अवस्था बिग्रिएको वनमा वृक्षारोपण गर्न सकिन्छ । त्यसैगरी, कृषि वनमा पनि कुँयेल उपयुक्त हुन्छ ।

कुट्मेरो

Litsea monopetala (लिट्सिया मोनोपेटाला)



कुट्मेरो २० मिटरसम्म अग्लो हुने एक सदाबहार रुख हो । यसका पातहरू फुस्रा र मिच्दा क्यामुनाजस्तो, तर हल्का बास्नादार हुन्छन् । यसका घ्यू रङका फूलहरू पातको कापमा र पातभन्दा तलको हाँगाका आँख्लामा झुप्पामा फुल्छन् । यसका फलहरू जामुनजस्तै आकारका हुन्छन् ।

कुट्मेरो नेपालको तराईदेखि पहाडी क्षेत्रसम्म ७०-२१०० मिटरसम्मको उचाइमा पाइन्छ ।

प्राकृतिक वनमा यो प्रायः खुला ठाउँमा पाइन्छ । यो वन भन्दा पनि खेतबारीका कान्लामा बढी भेटिन्छ । यसका बिउहरू चराचुरुङ्गीहरूले प्रसार गर्छन् ।

कुट्मेरो एउटा रुचाइएको डाले घाँस हो । रेसम किराको खेती तथा मौरीपालन गर्नेहरूका लागि पनि यो एउटा उपयुक्त रुख हो ।

यसलाई तराईदेखि पहाडसम्म खेतबारीका कान्ला र खुला वन, जमिन तथा पाखाहरूमा डाले घाँसको चाप परिपूर्ति गर्नका लागि वृक्षारोपण गर्न सकिन्छ ।

कुभिण्डे

Kydia glabrescens (काइडिया ग्लाब्रेसेन्स)



कुभिण्डे १० मिटरसम्म अग्लो हुने एक सदाबहार रुख हो। यसका पातहरू गोलाकार र हल्का चिल्लो हुन्छन्। यसका भाले र पोथी रुखहरू छुट्टाछुट्टै हुन्छन् र फूलहरू पातको काप र हाँगाको टुप्पोमा झुप्पामा फुल्छन्। यसका फलहरू साना हुन्छन् र फलको वरिपरि पत्रदलहरू पंखाजस्तै गरी सजिएका हुन्छन्।

यो नेपालको चुरे र मध्य पहाडी क्षेत्रमा ७००-१२०० मिटरसम्मको उचाइमा पाइन्छ।

कुभिण्डे खुला ठाउँ तथा खेतबारीका कान्लामा राम्रोसँग हुर्किन्छ। यसका बिउहरूलाई हावाले प्रसार गर्छ। फूल फुलेको बेला यसको फूलमा धेरै किसिमका पुतली, मौरी तथा अन्य किराहरू बस्छन्। त्यसैले, कुभिण्डेले परागसेचकहरूको संरक्षणमा टेवा पुऱ्याउँछ।

यो एउटा पोसिलो डाले घाँस हो। यसको फूलमा पर्याप्त मात्रामा रस र कुट हुने भएकाले मौरीपालनको लागि यो धेरै राम्रो रुख मानिन्छ।

कुभिण्डेलाई चुरे र मध्य पहाडका खुला ठाउँ तथा खेतबारीका कान्लामा वृक्षारोपण गर्न उपयुक्त हुन्छ।

कोइरालो

Bauhinia variegata (बौहिनिया भेरिगाटा)



कोइरालो १५ मिटरसम्म अग्लो हुने एक पतझर रुख हो । झट्ट हेर्दा यो टाँकीजस्तै देखिन्छ, तर यसको पातको टुप्पोमा रहेको चिरा टाँकीको भन्दा केही कम गहिरो हुन्छ र फूलका कोपिलामा पनि स्पष्ट भिन्नता हुन्छ । यसका आकर्षक फूलहरू पातको काप र हाँगाको टुप्पोमा आउने पुष्पक्रममा फुल्छन् । यसमा च्याप्टा र लामा कोसा फल्छन् ।

यो नेपालमा चुरेको फेदीदेखि मध्य पहाडी क्षेत्रसम्म १००-१९०० मिटरसम्मको उचाइमा पाइन्छ ।

कोइरालो, पातला वन र सुक्खा भिरपाखामा धेरै पाइन्छ । यसका फलहरू सुकेर पड्किँदा बिउहरूको प्रसार हुन्छ ।

यो एउटा रुचाइएको डाले घाँस हो । मध्य पहाडी क्षेत्रमा यसलाई खेतका कान्लाहरूमा घाँस तथा भूक्षय रोकथामका लागि लगाएको देख्न सकिन्छ । यसका कोपिलाको अचार तथा तरकारी स्वादिष्ट मानिन्छ र बजारमा पनि यसको राम्रो माग रहेको देखिन्छ । यसको बोक्रा, फूल, जरा तथा पात आयुर्वेदिक औषधी बनाउन प्रयोग गरिन्छ भने बोक्रा खैरो रङ निकाल्नको लागि पनि प्रयोग गरिन्छ ।

कोइरालोलाई माथिल्लो चुरे तथा मध्य पहाडमा खुला पाखा र खेतबारीका कान्लाहरूमा वृक्षारोपण गर्न उपयुक्त हुन्छ । त्यसैगरी, यसलाई बगैँचा तथा कार्यालय परिसरमा पनि लगाउन सकिन्छ ।

क्यामुना

Syzygium nervosum (सिजिजियम नर्भोसम)



क्यामुना १५ मिटरसम्म अग्लो हुने एक अर्ध-पतझर रुख हो । यसका पातहरू सालको जस्तै आकारका र बास्नादार हुन्छन् । यसका फूलहरू पातको कापबाट निस्किने हाँगिएको पुष्पक्रममा फुल्छन् । यसका फलहरू अण्डाकार र जामुनका भन्दा साना हुन्छन् ।

क्यामुना नेपालको तराईदेखि मध्य पहाडी क्षेत्रसम्म ७०-१४०० मिटरसम्मको उचाइमा पाइन्छ ।

यो चिस्यानयुक्त ठाउँदेखि सुक्खा ठाउँसम्म हुर्कन सक्छ । त्यसैगरी, यो हल्का पानी जम्ने ठाउँहरूमा पनि हुर्किएको पाइन्छ । यसका बिउहरू विशेषगरी चराचुरुङ्गी र स्तनपायी जनावरहरूले प्रसार गर्छन् ।

क्यामुनाको पाकेको फल खाइन्छ । यसको पात डाले घाँसका रूपमा प्रयोग गरिन्छ भने काठ फर्निचर बनाउन प्रयोग गरिन्छ । दार (गिठी) को काठजस्तै यसको काठ पनि ठेकी बनाउन प्रयोग गरिन्छ ।

यसलाई तराई र चुरेका सालको वन र नदीतटीय वनमा वृक्षारोपण गर्दा उपयुक्त हुन्छ । नदीतटमा वृक्षारोपण गर्दा यसले बाढी र पहिरोको जोखिम घटाउँछ ।

खन्यू

Ficus semicordata (फाइकस सेमिकर्डाटा)



खन्यू १० मिटरसम्म अग्लो हुने, दुधिलो चोप आउने एक सदाबहार रुख हो। यसका पातहरू खस्रा र लाम्चा हुन्छन्। यसका फलहरू पातको कापबाट नआई मूल काण्ड र मुख्य हाँगाहरूबाट आएका लामा, मसिना जराजस्ता हाँगाहरूमा फल्छन्।

यो नेपालको तराईदेखि मध्य पहाडी क्षेत्रसम्म ७०-१७०० मिटरसम्मको उचाइमा पाइन्छ।

खन्यू हल्का चिस्यान र चट्टान भएको ठाउँमा राम्रोसँग हुर्किएको देखिन्छ। यो ठुला रुखको छहारीमा भन्दा खुला ठाउँहरूमा पाइन्छ। यसका बिउहरू चराचुरुङ्गी र जनावरहरूले प्रसार गर्छन्। डाले घाँसको चापले प्राकृतिक वनमा यसका रुखहरू घट्दै गएका छन्।

यो रुचाइएको डाले घाँस हो। यसका पोथी रुखमा फल्ने पाकेका फलहरू मान्छे तथा विभिन्न चराचुरुङ्गी र जनावरले खान्छन्। भाले रुखमा लागेका फलहरू (जुन वास्तवमा फल होइनन्) भने खानयोग्य हुँदैनन्।

खन्यूलाई तराईदेखि मध्य पहाडसम्म खोल्साखोल्सी नजिक, कुलो छेउछाउ, खेतको कान्ला र घाँसको लागि छुट्याइएको ओसिलो ठाउँमा वृक्षारोपण गर्न उपयुक्त हुन्छ। यसलाई सुक्खा ठाउँमा पनि रोप्न सकिन्छ, तर ओसिलो ठाउँमा जस्तो सुक्खा ठाउँमा हुर्किँदैन।

खमारी

Gmelina arborea (ग्मेलिना आर्बोरिया)



खमारी २५ मिटरसम्म अग्लो हुने पतझर रुख हो। झट्ट हेर्दा भेल्लर (पिठारी) जस्तै देखिने यसका पातहरू चौडा अण्डाकारका हुन्छन्, जसको फेदतिर २ वटा ग्रन्थिका डामहरू हुन्छन्। यसका फूलहरू खैरा-पहेँला हुन्छन् र हाँगाको टुप्पो र पातको कापबाट आएका पुष्पक्रममा फुल्छन्। यसका फलहरू बाटुला र २.५-३ सेन्टिमिटर लामा हुन्छन्।

नेपालमा यो तराईदेखि मध्य पहाडी क्षेत्रसम्म समुन्द्री सतह देखि ७०-११०० मिटरसम्मको उचाइमा पाइन्छ।

यो छिटो बढ्ने र मध्यम खडेरी प्रतिरोधी रुख हो जसलाई राम्रोसँग बढ्नको लागि सूर्यको किरण पशस्त मात्रामा चाहिन्छ। यसका बिउहरू चराचुरुङ्गी र वन्यजन्तुहरूले प्रसार गर्छन्। प्राकृतिक वनमा यसको घनत्व घट्दो छ।

खमारीको काठ विभिन्न कृषि औजारहरू तथा केही बाजाहरू, जस्तैः मादल, बनाउन प्रख्यात छ। त्यसैगरी, यसको काठ गुणस्तरीय फर्निचर तथा कागज बनाउन पनि प्रयोग गरिन्छ।

खमारीको पारिस्थितिक र आर्थिक विशेषताहरूलाई मध्यनजर गर्ने हो भने यो रुख तराईदेखि मध्य पहाडसम्मका खुला र अवस्था बिग्रिएका वन र वन आसपासका ठाउँहरूमा वृक्षारोपण गर्न उपयुक्त हुन्छ।

खयर

Senegalia catechu (सेनेगालिया क्याटेचु)



खयर १५ मिटरसम्म अग्लो हुने काँडेदार पतझर रुख हो । यसका पातहरू संयुक्त हुन्छन् । यसका फूलहरू पहेँला वा सेता हुन्छन् र पातको कापबाट आएका पुष्पक्रममा फुल्छन् । यसको फल च्याप्टो, सानो टाटाजस्तो हुन्छ ।

यो नेपालको तराईदेखि पहाडी क्षेत्रसम्म ७०-१४०० मिटरसम्मको उचाइमा पाइन्छ ।

खयर नदीतट, बलौटे माटो बढी भएको ठाउँमा र प्रायः दक्षिण फर्किएका र अन्य वनस्पती राम्रोसँग हुर्कन नसक्ने सुक्खा पाखाहरूमा सजिलै हुर्किन्छ । यसलाई हुर्कन सूर्यको प्रकाश पर्याप्त चाहिन्छ । यसका बिउहरूलाई मुख्यतः हावाले प्रसार गर्छ । यसको प्राकृतिक पुनरुत्पादन यति राम्रो हुन्छ कि उपयुक्त ठाउँमा एकपटक लगाएपछि फेरि-फेरि लगाउन आवश्यक पर्दैन ।

यसको काठ पानमा राख्ने कत्था बनाउन प्रयोग गरिन्छ र यसको बजार पनि राम्रै छ । त्यसैगरी, यसको काठ महँगा फर्निचर बनाउन पनि प्रयोग गरिन्छ ।

आर्थिक फाइदाका साथसाथै चुरे संरक्षण र नदीतट व्यवस्थापनका लागि खयरलाई तराई र चुरेका नदीतट तथा सुक्खा पाखाहरूमा वृक्षारोपण गर्न उपयुक्त हुन्छ ।

खरी

Celtis tetrandra (सेल्टिस टेट्रान्ड्रा)



खरी ३५ मिटरसम्म अग्लो हुने एक पतझर रुख हो । यसका पातहरू अण्डाकार हुन्छन् र पातको माथिल्लो सतह चिल्लो हुन्छ । यसका फूलहरू साना हुन्छन् र पातको कापमा झुप्पा वा पुष्पक्रममा फुल्छन् । यसका फलहरू गोलाकार हुन्छन् र पाकेपछि पहेँलो वा सुन्तला रङका हुन्छन् ।

यो नेपालको पहाडी क्षेत्रमा ७००-२८०० मिटरसम्मको उचाइमा पाइन्छ ।

खरी प्रायः बस्ती छेउछाउ र वन किनारमा राम्रोसँग हुर्किएको देखिन्छ । १००० मिटर उचाइभन्दा तल भने यसका रुखहरू धेरै जसो ओसिला ठाउँहरूमा र खोला छेउछाउ भेटिन्छन् । यसका बिउहरू चराचुरुङ्गीहरूले प्रसार गर्छन् । यसको प्राकृतिक पुनरुत्पादन सन्तोषजनक छैन ।

यो एउटा रुचाइएको डाले घाँस हो । यसलाई छहारी तथा सौन्दर्यका लागि पनि रोप्ने गरिन्छ । साथै, यसको काठ भिनियर बनाउन प्रयोग गरिन्छ ।

खरीलाई पहाडी क्षेत्रका चौताराहरू र खेतबारीका छेउछाउमा वृक्षारोपण गर्दा उपयुक्त हुन्छ ।

खाँकर

Albizia odoratissima (अल्बिजिया ओडोराटिसिमा)



खाँकर २५ मिटरसम्म अग्लो हुने एक पतझर रुख हो। यसका पातहरू संयुक्त हुन्छन्। यसका फूलका गुच्छाहरू हरिया-सेता हुन्छन् र हाँगाको टुप्पोमा हाँगिएका पुष्पक्रममा फुल्छन्। यसको फल च्याप्टो टाटाजस्तो हुन्छ।

यो मध्य र पूर्वी नेपालको तराईदेखि मध्य पहाडी क्षेत्रसम्म ७०-१२०० मिटरसम्मको उचाइमा पाइन्छ।

खाँकर प्रशस्त घाम लाग्ने खुला ठाउँहरूमा राम्रोसँग हुर्किन्छ। यसका बिउहरू हावाले प्रसार गर्छ। यसको प्राकृतिक पुनरुत्पादन सन्तोषजनक छैन।

नेपालमा पाइने शिरीष प्रजातिहरूमध्ये यसको काठ टिकाउ मानिन्छ र फर्निचर तथा घर निर्माणमा प्रयोग गरिन्छ। यसलाई डाले घाँसका रूपमा प्रयोग गरिनुका साथै चिया बगानमा छहारीका लागि पनि रोपिन्छ। त्यसैगरी, यसका जराहरूले माटोलाई मलिलो बनाउने तथा भूक्षय नियन्त्रण गर्ने काम पनि गर्छन्।

खाँकरलाई मध्य र पूर्वी नेपालको तराईदेखि मध्य पहाडसम्म खुला ठाउँ, पातलो वन र चिया तथा कफी बगानमा लगाउन उपयुक्त हुन्छ।

गिठी

Pouzolzia rugulosa (पुजोल्जिया रुगुलोसा)



गिठी (दार) १० मिटरसम्म अग्लो हुने एक पतझर रुख हो । यसका पातहरू हल्का लाम्चा वा अण्डाकार हुन्छन् । पातमा तेजपातमा जस्तै तीनवटा मुख्य नसाहरू हुन्छन्, तर पातहरू तेजपातको भन्दा खस्रा हुन्छन् । यसका फूलहरू साना हुन्छन् र पातको कापबाट झुन्डिएर आएका त्यान्द्राहरूमा फुल्छन् । फलहरू धेरै साना र अण्डाकार हुन्छन् ।

गिठी नेपालको चुरेदेखि पहाडी क्षेत्रसम्म ३००-२२०० मिटरसम्मको उचाइमा पाइन्छ ।

यो छिटो बढ्ने र मानव प्रभाव भएको ठाउँमा पनि सजिलै हुर्किने रुख हो । वनको बाहिरी भाग, बाटो र बस्ती छेउछाउमा यो धेरै देखिन्छ । यसका बिउहरू हावाले प्रसार गर्छ । यसको प्राकृतिक पुनरुत्पादन सन्तोषजनक भए तापनि यसको घनत्व घट्दो छ ।

यसको काठ पानीले कम सडाउने र नफुट्ने भएकाले ठेकी, चौकोसहरू बनाउन र घरको दलानमा प्रयोग गर्न उच्च कोटीको मानिन्छ । यो एउटा रुचाइएको डाले घाँस पनि हो । यसको बोक्रा डोरी बनाउनका साथै रोटी कमलो र मिठो बनाउनसमेत प्रयोग गरिन्छ ।

गिठी माथिल्लो चुरे र मध्य पहाडमा बस्ती नजिकका खुला ठाउँहरू, कान्लाहरू, वनको बाहिरी भाग र घरगोठ नजिक वृक्षारोपण गर्न उपयुक्त हुन्छ ।

गुन्सी

Podocarpus neriifolius (पोडोकार्पस नेरिफोलियस)



गुन्सी २५ मिटरसम्म अग्लो हुने एक सदाबहार रुख हो । यसका पातहरू साँघुरा, लाम्चा र थोरै बाङ्गिएका हुन्छन् । यसका साना सिम्टाहरू पातको कापबाट निस्कन्छन्, र भाले र पोथी रुखहरू फरक-फरक हुन्छन् । यसका फलजस्ता देखिने परिपक्व पोथी सिम्टा ठ्याक्कै तराईतिर पाइने भलायोको फलजस्तै देखिन्छन्, तर अलि साना हुन्छन् ।

यो मध्य नेपालको मध्य पहाडी क्षेत्रमा ८००-१५०० मिटरसम्मको उचाइमा पाइन्छ ।

गुन्सी धेरैजसो ओसिला तथा पानी बग्ने खोल्साखोल्सी छेउछाउमा राम्रोसँग हुर्किएको देखिन्छ । यसको परिपक्व पोथी सिम्टा चराचुरुङ्गी तथा चमेराहरूले खाने भएकाले यसको बिउको प्रसार चराचुरुङ्गी तथा चमेरामार्फत नै हुन्छ । यसको प्राकृतिक पुनरुत्पादन सन्तोषजनक भए तापनि प्राकृतिक वनमा यसका रुखहरूको सङ्ख्या निकै कम छ ।

यसको काठ पहेँलो, आकर्षक र बलियो हुने भएकाले घर तथा गोठ निर्माणमा प्रयोग गरिन्छ ।

गुन्सीलाई मध्य नेपालको मध्य पहाडमा वृक्षारोपण गर्न उपयुक्त हुन्छ । कार्यालय तथा बगैँचामा सजावटका लागि र काठ उत्पादन तथा संरक्षणका लागि ओसिला वन तथा खोल्साखोल्सी छेउछाउमा यसलाई वृक्षारोपण गर्न सकिन्छ ।

गोगन

Saurauia napaulensis (सौराउइया नपाउलेन्सिस)



गोगन २० मिटरसम्म अग्लो हुने एक सदाबहार रुख हो । यसका पातहरू ठुला, लाम्चा, खस्रा, खैरा (तल्लो सतहमा) र करौंतीजस्ता दाँते किनारा भएका हुन्छन् । यसका पातहरू हाँगाका टुप्पातिर अलि बढी झुम्मिएका हुन्छन् । यसका फूलहरू गुलाबी हुन्छन् र पातको कापबाट निस्किएका पुष्पक्रममा फुल्छन् । यसका फलहरू साना र गोलाकार हुन्छन् ।

नेपालमा यो प्रजाति मध्य पहाडी क्षेत्रमा ७००-२१०० मिटरसम्मको उचाइमा पाइन्छ ।

यो वनदेखि घर छेउछाउसम्म तथा ओसिला ठाउँदेखि सुक्खा ठाउँसम्म राम्रोसँग हुर्किएको पाइन्छ । यसका बिउहरू चराचुरुङ्गी तथा फल खाने साना जनावरहरूले प्रसार गर्छन् ।

पशुपालनका लागि गोगन एक गुणस्तरीय डाले घाँस हो । यसका पातसँगै कलिला हाँगाहरू पनि डालेघाँसका रूपमा प्रयोग हुने हुनाले खेर जाने भाग कम हुन्छ । यसको पाकेको फल गुलियो र स्वादिलो हुन्छ । साथै, यसका आकर्षक पात र फूलका कारण यसलाई कार्यालयको सजावटका लागि पनि प्रयोग गर्न सकिन्छ ।

यस रुखलाई मध्य पहाडका वन, डाले घाँसका लागि छुट्याइएका ठाउँ तथा कार्यालय परिसरमा वृक्षारोपण गर्दा उपयुक्त हुन्छ ।

चक्रासी

Chukrasia tabularis (चुक्रासीया ट्याबुलारिस)



चक्रासी (चेक्रासी) ३० मिटरसम्म अग्लो हुने पतझर रुख हो । यसका पातहरू संयुक्त हुन्छन् र झट्ट हेर्दा टुनीका जस्ता देखिन्छन् । चक्रासीका फूलहरू साना र घ्यू रङका हुन्छन् र हाँगिएको पुष्पक्रममा फुल्छन् । यसका फलहरू टुनीको भन्दा निकै ठुला हुन्छन् र बोक्रामा बाक्लै साना गिर्खा भएका हुन्छन् ।

नेपालमा चक्रासी तराईदेखि तल्लो पहाडी क्षेत्रसम्म ७०-९०० मिटरसम्मको उचाइमा पाइन्छ ।

प्राकृतिक रूपमा चक्रासी खोल्साखोल्सी नजिक भेटिन्छ तर वृक्षारोपण गरेको ठाउँहरू हेर्ने हो भने यो खुला र सुक्खा क्षयीकरण भएका वनमा पनि सजिलै हुर्किएको देखिन्छ । यो एउटा छिटो बढ्ने रुख हो । यसका बिउहरू हावाले प्रसार गर्छ । यसको प्राकृतिक पुनरुत्पादन निकै राम्रो हुन्छ र माउ रुखको वरिपरि यसका बेर्ना प्रशस्त भेटिन्छन् ।

यसको काठ गुणस्तरीय फर्निचर तथा घर बनाउन प्रयोग गरिन्छ ।

प्राकृतिक वनमा यसको सङ्ख्या घट्दै गएकाले पूर्वी नेपालको तराई र चुरेका वन, विशेषगरी खोल्साखोल्सीको छेउछाउमा यसको वृक्षारोपण गर्न उपयुक्त हुन्छ । त्यसैगरी, आयआर्जनका लागि निजी वनमा पनि यसलाई रोप्न सकिन्छ ।

चिउरी

Diploknema butyracea (डिप्लोनिमा ब्युटिरेसिया)



चिउरी २५ मिटरसम्म अग्लो हुने र दुधिलो चोप आउने एक पतझर रुख हो। यसका पातहरू बाक्ला हुन्छन् र हाँगाको टुप्पातिर झुपक्क आएका हुन्छन्। सेतादेखि हल्का पहेँला हुने यसका फूलहरू पातको कापमा झुप्पामा फुल्छन्। यसका अण्डाकार, चुच्चे फलहरूमा १-३ वटासम्म बिउ हुन्छन्।

चिउरी नेपालको चुरे र मध्य पहाडी क्षेत्रमा १००-१५०० मिटरसम्मको उचाइमा पाइन्छ।

चिउरी हल्का सुक्खा जमिन, पारिला पाखाहरू, नदीतट तथा घरबारी छेउमा बढी भेटिन्छ। माटोको सतह पातलो भएको ठाउँहरूमा पनि यो सजिलै हुर्किन्छ। यसका बिउहरू चराचुरुङ्गी र वन्यजन्तुहरूले प्रसार गर्छन्। प्राकृतिक वनमा यसको सङ्ख्या घट्दै गएको छ।

यसका पातहरू डाले घाँसको लागि र पाकेको फल खान र रक्सी बनाउनको लागि प्रयोग गरिन्छ। यसको बिउको तेल निकालिन्छ र साबुनदेखि विभिन्न प्रकारका सौन्दर्य सामाग्री बनाउन प्रयोग गरिन्छ। यसको बोक्रा र खली (पिना) कीटनाशक तथा माछा मार्ने विषका रूपमा प्रयोग गरिन्छ। पातको दुनाटपरी खुट्नेदेखि लिएर चेपाङ समुदायमा यसको धार्मिक तथा सांस्कृतिक महत्त्व पनि छ। यसको फूल मौरीपालनको लागि निकै उपयुक्त मानिन्छ र चिउरीको मह बजारमा बिक्री हुन्छ। यसको काठलाई मौरीको घार बनाउनका लागि पनि अत्यन्तै राम्रो मानिन्छ।

केही हदसम्म खडेरी सहन सक्ने भएकाले चिउरी, चुरे र मध्य पहाडका पारिला पाखा र नाङ्गा चट्टानी डाँडाहरूमा वृक्षारोपणका लागि उपयुक्त हुन्छ।

च्यासी Vaccinium gaultheriifolium (भ्याक्सिनियम गौल्थेरिफोलियम)



च्यासी चार मिटरसम्म अग्लो हुने एक बुट्यान हो । यसका पातहरू धसिङ्गरेको जस्तै हुन्छन् र पातको तल्लो सतह सेतो हुन्छ । यसका फूलहरू राता हुन्छन् र पातको कापबाट निस्केका पुष्पक्रममा फुल्छन् । यसका चुत्रोको जस्तै गोलाकार फल हुन्छन् ।

च्यासी पूर्वी नेपालको मध्य र उच्च पहाडी क्षेत्रमा १३००-२६०० मिटरसम्मको उचाइमा पाइन्छ ।

यो खुला भिरालो ठाउँ र वन छेउछाउमा राम्रोसँग हुर्किएको देखिन्छ । यसका बिउहरू चराचुरुङ्गी तथा फल खाने जनावरहरूले प्रसार गर्छन् ।

यसको पाकेको फल अमिलो-गुलियो स्वादको हुन्छ र अचार बनाएर पनि खाने गरिन्छ । यसको फलको पौष्टिक गुणका कारण बजार विस्तारको सम्भावना पनि छ ।

च्यासीलाई स्वादिलो फल र भूक्षय रोकथामका लागि पूर्वी नेपालको मध्य र उच्च पहाडका पातलो वन एवम् खुला भिराला जमिनमा वृक्षारोपण गर्न उपयुक्त हुन्छ ।

जमाने मान्द्रो

Berberis napaulensis (बर्बेरिस नपाउलेन्सिस)



जमाने मान्द्रो (भोटे चुत्रो) ठुलो बुट्यानदेखि सानो रुखसम्म हुने एक सदाबहार वनस्पति हो । यसका पातहरू संयुक्त हुन्छन् र अन्य चुत्रोभन्दा धेरै ठुला हुन्छन् । यसका फूलहरू पहेँला हुन्छन् र हाँगाको टुप्पोमा आउने पुष्पक्रमहरूमा बाक्लै फुल्छन् । यसका फलहरू साना, अण्डाकार हुन्छन् र पाकेपछि निला रङका हुन्छन् ।

यो नेपालको मध्य तथा उच्च पहाडी क्षेत्रमा १२००-३६०० मिटरसम्मको उचाइमा पाइन्छ ।

जमाने मान्द्रो खुला ठाउँदेखि जङ्गलमा ठुला रुखको छायाँ पर्ने ठाउँसम्म राम्रोसँग हुर्किएको देखिन्छ । यसका बिउहरू चराचुरुङ्गी तथा जनावरहरूले प्रसार गर्छन् ।

यसको पाकेको फल खाइन्छ । यसको फलबाट रक्सी पनि बनाइन्छ । यसको जरा र बोक्राबाट पहेँलो रङ निकालिन्छ । पछिल्ला दुई वर्षमा यसको जराको बेचबिखन बढ्नुका साथै यसका बोटहरूको सङ्ख्या पनि धेरै घटेको छ । यसलाई कतै-कतै बगैँचामा पनि लगाइएको देखिन्छ ।

यस बहुउपयोगी बोटलाई मध्य तथा उच्च पहाडका खुला पाखा र नाङ्गा डाँडाहरूमा भूक्षय रोकथाम गर्न, आयआर्जन बढाउन तथा बगैँचा र कार्यालय सजावटका लागि वृक्षारोपण गर्न उपयुक्त हुन्छ ।

जामुन

Syzygium cumini (सिजिजियम क्युमिनी)



जामुन (जमुना, फडिर) ३५ मिटरसम्म अग्लो हुने एक सदाबहार रुख हो । यसका पातहरू चिल्ला र बाक्ला हुन्छन् र पातमा हुने समानान्तर सहायक नसाहरूले यसलाई सजिलै चिन्न सकिन्छ । यसका फूलहरू पातको कापबाट निस्कने हाँगिएको पुष्पक्रममा फुल्छन् । यसका फलहरू गोलादेखि केही लाम्चासम्म हुन्छन् । जामुन र फडिर वनस्पति वर्गीकरणमा एउटै प्रजाति भए तापनि स्थानियहरूले फलको आकार र पातको बास्नाको आधारमा दुई फरक जात हुन भनी छुट्याउँछन् ।

जामुन नेपालको तराईदेखि मध्य पहाडी क्षेत्रसम्म ७०-१५०० मिटरसम्मको उचाइमा पाइन्छ ।

जामुन विशेषगरी हल्का पानी जम्ने ठाउँ र खोला छेउछाउमा राम्रोसँग हुर्किन्छ । यति भन्दै गर्दा, यो सुक्खा ठाउँहरूमा पाइँदै नपाइने भने होइन । पानी, चराचुरुङ्गी र स्तनपायी जनावरहरूले यसका बिउहरू प्रसार गर्छन् ।

यसको पाकेको फल खाइन्छ । यसलाई डाले घाँसको रूपमा पनि प्रयोग गरिन्छ । पानीले कम असर गर्ने तथा सुकेपछि नबाङ्गिने गुणका कारण यसको काठलाई घर निर्माण र फर्निचरका लागि विशेष प्राथमिकता दिइन्छ । यसको काठ पहिलेपहिले इनार बनाउन पनि प्रयोग गरिन्थ्यो ।

यसलाई तराई र चुरेका नदीतटीय वन, पानी जम्ने खाली जमिन तथा घर छेउछाउमा लगाउन उपयुक्त हुन्छ । नदीतटमा वृक्षारोपण गर्दा यसका माटोको माथिल्लो भागमा फैलिने जराको जालोले बाढी र पहिरोको जोखिम घटाउँछ ।

टाँकी

Bauhinia purpurea (बौहिनिया पर्पुरिया)



टाँकी १२ मिटरसम्म अग्लो हुने एक सदाबहार रुख हो । कोइरालोका जस्तै यसका पातहरू बाटुला हुन्छन् र टुप्पोमा चिरा परेका कारण दुई खण्डमा विभाजित देखिन्छन् । यसको पातको टुप्पोमा रहेको चिरा कोइरालोको भन्दा बढी गहिरो हुन्छ । यसका फूलहरू आकर्षक हुन्छन् र पातको काप र हाँगाको टुप्पोमा आउने पुष्पक्रममा फुल्छन् । यसका कोसा पनि कोइरालोका जस्तै च्याप्टा र लामा हुन्छन् ।

यो नेपालमा चुरेको फेदीदेखि मध्य पहाडी क्षेत्रसम्म १००-१६०० मिटरसम्मको उचाइमा पाइन्छ । यो प्राकृतिक वनमा कम र बस्ती छेउछाउमा बढी भेटिन्छ ।

टाँकी कोइरालोजस्तै पातला वन र सुक्खा भिरपाखामा धेरै पाइन्छ । यसका फलहरू सुकेर पड्किँदा बिउहरूको प्रसार हुन्छ ।

यो धेरै रुचाइएको डाले घाँस हो । मध्य पहाडी क्षेत्रमा यसलाई खेतका कान्लाहरूमा घाँसका लागि बाक्लै लगाएको देख्न सकिन्छ । कोइरालोको जस्तै, यसका फूलका कोपिलाको पनि अचार तथा तरकारी बनाएर खाइन्छ, तर कोइरालोको जस्तो राम्रो भने मानिदैन । यसको बोक्राबाट खैरो रङ निकाल्न र डोरी बनाउन सकिन्छ ।

टाँकीलाई चुरे र मध्य पहाडमा खुला पाखा र खेतबारीका कान्लाहरूमा भूक्षय रोकथाम तथा घाँसका लागि वृक्षारोपण गर्न उपयुक्त हुन्छ । त्यसैगरी, यसलाई बगैँचा, सडक किनार तथा कार्यालय परिसरको सजावटका लागि पनि रोप्न सकिन्छ ।

टुनी

Toona ciliata (टुना सिलिएटा)



टुनी ३० मिटरसम्म अग्लो हुने एक पतझर रुख हो । यसका पातहरू संयुक्त हुन्छन् । यसका भाले र पोथी फूलहरू फरक-फरक हुन्छन् र हाँगाको टुप्पोनजिक लत्रिएका पुष्पक्रममा बाक्लै फुल्छन् । यसका फलहरू बकाइनोका भन्दा लाम्चा हुन्छन् र छिप्पिँदा पाँच भागमा फुटेर खुल्छन् ।

यो नेपालको तराईदेखि मध्य पहाडी क्षेत्रसम्म ७०-१७०० मिटरसम्मको उचाइमा पाइन्छ ।

टुनी ओसिला खोल्साखोल्सी नजिक र खोला छेउछाउका मलिलो माटो भएका ठाउँमा राम्रोसँग हुर्किन्छ । डढेलो जोखिम भएका र सुक्खा ठाउँहरूमा यो राम्रोसँग हुर्किँदैन । यसका बिउहरू प्रायः हावाले प्रसार गर्छ । यसको प्राकृतिक पुनरुत्पादन सन्तोषजनक देखिन्छ, तर बिउ उम्रिने क्रममा हल्का वर्षापछि लामो खडेरी परेमा धेरै बिरुवा मर्छन् ।

यसको आकर्षक रातो र पानीले सजिलै नबिगार्ने काठ फर्निचर बनाउन प्रयोग गरिन्छ । कतिपय ठाउँमा त यसलाई सालपछिको राम्रो काठका रूपमा संरक्षण गरेको पनि पाइन्छ । यसको काठ मौरीको घार बनाउन प्रयोग गरिन्छ । केही दशकअघिसम्म यसका फूलबाट रातो रङ निकाल्ने गरिन्थ्यो ।

टुनीलाई तराईदेखि मध्य पहाडसम्म मलिलो माटो भएका खोल्साखोल्सी नजिक र खोला किनारमा रोप्न उपयुक्त हुन्छ । भिरालो जमिनमा पनि यो हुर्कन्छ, तर वृक्षारोपण गर्दा समथर जमिनमा गरिएमा यसको सफलता दर बढी हुन्छ । साथै, यसलाई निजी वनमा पनि लगाउन सकिन्छ ।

ट्यांगा

Micromeles vestita (माइक्रोमेलिस भेस्टिटा)



ट्यांगा १० मिटरसम्म अग्लो हुने एक पतझर रुख हो । यसका पातहरू अण्डाकार हुन्छन् र पातको तल्लो सतह सेतो अथवा सेतो-खैरो हुन्छ । यसका फूलहरू घ्यू रङका हुन्छन् र हाँगाको टुप्पोमा झुप्पामा फुल्छन् । फलहरू मयलका जस्तै आकारका हुन्छन् र पाक्दा रातो हुन्छन् ।

ट्यांगा नेपालको पहाडी र उच्च हिमाली क्षेत्रमा १३००-३७०० मिटरसम्मको उचाइमा पाइन्छ ।

यो एउटा छिटो बढ्ने रुख हो र प्रायः पर्याप्त घाम लाग्ने पातलो वनमा पाइन्छ । यसका बिउहरू चराचुरुङ्गी र जङ्गली जनावरहरूले प्रसार गर्छन् ।

ट्यांगाको पाकेको फल खाइन्छ र पात डाले घाँसको रूपमा प्रयोग गरिन्छ ।

यो उच्च पहाड र उच्च हिमालका पातला वनमा वृक्षारोपण गर्न उपयुक्त हुन्छ ।

ढटेलो

Prinsepia utilis (प्रिन्सेपिया युटिलिस)



ढटेलो पाँच मिटरसम्म अग्लो हुने काँडायुक्त झाडीदार वनस्पति हो। यसका पातहरू धेरैजसो एक्ला-एक्लै आउँछन् भने कहिलेकाहीँ झुप्पामा पनि आउँछन्। यसका काँडाबाट पनि प्रायः पात पलाउँछन्। यसका फूलहरू सेता हुन्छन् र पातको कापबाट निस्कने साना पुष्पक्रममा फुल्छन्। यसका फलहरू जामुनजस्तै आकार र रङका हुन्छन्।

यो नेपालको मध्य पहाडी क्षेत्रदेखि उच्च हिमाली क्षेत्रसम्म ११००-३४०० मिटरसम्मको उचाइमा पाइन्छ। पूर्वी नेपालमा कमै मात्रामा देखिने यो वनस्पति पश्चिम नेपालमा भने प्रशस्त पाइन्छ।

ढटेलो खुला ठाउँमा राम्रोसँग हुर्किन्छ। बाटो छेउजस्ता रुखो ठाउँमा पनि यो सजिलै हुर्किएको देख्न सकिन्छ। यसका बिउहरू चराचुरुङ्गी तथा जनावरहरूले प्रसार गर्छन्।

पश्चिम नेपालका जुम्ला तथा मुगु जिल्लाहरूमा यसलाई खेतबारीको संरक्षणका लागि बारका रूपमा प्रयोग गरेको देखिन्छ। यसलाई स्थानीय स्तरमा खाने तेल उत्पादनका लागि पनि प्रयोग गर्छन्।

उच्च पहाडी भेगमा यस प्रजातिलाई सडक छेउ र खेतबारीमा रोप्न सकिन्छ। साथै ढटेलो बगैँचा र कार्यालय परिसरमा पनि वृक्षारोपण गर्न सकिन्छ।

तिजु

Diospyros lanceifolia (डायोस्पाइरोस ल्यान्सिफोलिया)



तिजु (खल्दु, खल्लुक) ३० मिटरसम्म अग्लो हुने एक सदाबहार रुख हो। यसका पातहरू बाक्ला, चिल्ला र गाढा हरिया हुन्छन्। यसका फूलहरू पातको कापमा फुल्छन्। यसका फलहरू गोलाकार र झुसिला (सुरुवाती अवस्थामा) हुन्छन्।

यो नेपालको मध्य पहाडी क्षेत्रमा ४००-१५०० मिटरसम्मको उचाइमा पाइन्छ।

तिजु सुक्खा ठाउँदेखि ओसिला खोल्साखोल्सीसम्म सजिलै हुर्किन्छ। ओसिला ठाउँहरूमा यो सुरिलो भएर बढेको देखिन्छ भने सुक्खा ठाउँहरूमा झाङ्गिएर बढेको पाइन्छ। यसको बिउ फल खाने जनावरहरूले प्रसार गर्छन्।

यसको फल स्वादिलो हुने भएकाले मानिस, बाँदर, चराचुरुङ्गी तथा अन्य जीवजन्तुले खाने गर्दछन्। यसको काठ छिटो फुट्ने भएकाले गाउँघरमा गोठ बनाउन मात्रै प्रयोग गरिन्छ। पानीले छिट्टै कुहाउने भएकाले पानीको प्रत्यक्ष सम्पर्कमा रहने संरचनाहरूमा यसको प्रयोग गरिँदैन। यसको काठ घरेलु औजार (कोदालो, बन्चरो, खुर्पा आदि) का बिँड बनाउन पनि प्रयोग गरिन्छ।

तिजुलाई मध्य पहाडमा सुक्खा पाखा तथा भूक्षय भएका ठाउँमा वृक्षारोपण गरी छिट्टै हरियाली स्थापना गर्न सकिन्छ। त्यसैगरी, यसलाई पानीका मुहानको संरक्षणका लागि पनि वृक्षारोपण गर्न सकिन्छ।

तिल्के

Wendlandia heynei (वेन्डल्यान्डिया हेय्नीआई)



तिल्के १० मिटरसम्म अग्लो हुने एक सदाबहार रुख हो । यसका पातहरू सेता-झुसिला हुन्छन्, विशेषगरी तल्लो सतहमा । यसका फूलहरू साना हुन्छन् र हाँगाको टुप्पोमा हाँगिएका पुष्पक्रममा फुल्छन् । यसका फलहरू गोलाकार र झुसिला हुन्छन् ।

यो नेपालको चुरे र मध्य पहाडी क्षेत्रमा १००-१४०० मिटरसम्मको उचाइमा पाइन्छ ।

तिल्के पहिरो गएका पारिला पाखाहरू, गेग्यानयुक्त खोलाको बगर र बाटो छेउछाउ हुर्कने एउटा प्रजाति हो । यसका बिउहरू हावाले प्रसार गर्छ ।

तिल्के प्रायः दाउराको रूपमा प्रयोग हुन्छ । यसको काठ घरेलु औजार (मुख्यतः हँसिया) को बिँड बनाउन पनि प्रयोग गरिन्छ ।

यसलाई चुरे तथा मध्य पहाडका (विशेषगरी तल्लो मध्य पहाडमा) पहिरो गएका ठाउँहरू, पहिरो जोखिमयुक्त क्षेत्रहरू तथा गेग्यानयुक्त खोलाको बगरमा भूक्षय र पहिरो नियन्त्रण गर्न वृक्षारोपण गर्दा उपयुक्त हुन्छ ।

तेजपात

Cinnamomum tamala (सिनामोमम टमला)



तेजपात (दालचिनी, सिन्काउली) २० मिटरसम्म अग्लो हुने सदाबहार रुख हो। यसका सुगन्धित, चिल्ला पातहरूमा तीनवटा मुख्य नसाहरू हुन्छन्। यसका फूलहरू सेता-घ्यू रङका हुन्छन् र पातको कापबाट निस्किएका पुष्पक्रममा फुल्छन्। यसका फलहरू जामुनका जस्तै हुन्छन् तर तुलनात्मक रूपमा अलि साना हुन्छन्।

नेपालमा तेजपात चुरे र पहाडी क्षेत्रमा ४००-२३०० मिटरसम्मको उचाइमा पाइन्छ।

यो प्राकृतिक वनमा धेरैजसो उत्तर र उत्तर-पूर्व फर्किएको पाखा र खोल्साखोल्सीमा भेटिन्छ। त्यसैगरी, यो चिस्यानयुक्त ठाउँहरूमा अरु रुखको मुनि पनि राम्रोसँग हुर्किएको पाइन्छ। यसका बिउहरू चराचुरुङ्गीहरूले प्रसार गर्छन्।

धेरै अघिदेखि हाम्रो भान्सामा गरम मसलाको रूपमा प्रयोग हुँदै आएका तेजपातका बोक्रा र पात अहिले विभिन्न औषधी तथा मसलाका लागि बजारमा प्रख्यात छन् र व्यापारिक हिसाबले पनि धेरै महत्त्वपूर्ण छन्। साथै, यसको फूल मौरीले निकै नै रुचाएको पाईन्छ।

घर छेउछाउ र बारीको कान्लादेखि सुरु भएको यसको वृक्षारोपण अहिले प्राकृतिक वन र सडक किनारमा पनि हुन थालेको छ। यसलाई चुरे तथा पहाडका चिस्यानयुक्त नाँगा पाखा र घर-बारीमा वृक्षारोपण गर्न उपयुक्त हुन्छ। प्राकृतिक मिश्रित सालको वनमा यसको जथाभावी वृक्षारोपण गर्दा वनको पारिस्थितिक अवस्थामा ह्रास आउन सक्ने भएकाले वृक्षारोपण गर्दा सावधानी पनि अपनाउनुपर्ने देखिन्छ।

थाकल

Cycas pectinata (साइकस पेक्टिनाटा)



थाकल (कलवल) पाँच मिटरसम्म अग्लो हुने एक सदाबहार रुख हो। यसका संयुक्त पातहरू सुपारीका पातहरूजस्तै गरी काण्डको (कहिलेकाहीँ हाँगाको) टुप्पोमा पलाउँछन्। यसका भाले र पोथी रुखहरू छुट्टाछुट्टै हुन्छन्। यसको भाले अङ्ग विशाल हुन्छ। पोथी रुखमा गोलाकार बिउहरू लाग्छन्। यो चुरे क्षेत्रमा प्रशस्त पाइने फल खाने थाकलभन्दा भिन्न प्रजातिको थाकल हो।

यो पूर्वी र मध्य नेपालको तराई तथा चुरे क्षेत्रमा ७०-७०० मिटरसम्मको उचाइमा पाइन्छ।

भिरालो जमिनमा, हल्का ओसिलोदेखि हल्का सुक्खा ठाउँसम्म थाकल राम्रोसँग हुर्किन्छ। यसका ठुला बिउहरूलाई पृथ्वीको गुरुत्वाकर्षण, पानी र जनावरहरूले एक ठाउँबाट अर्को ठाउँमा पुऱ्याउने काम गर्छन्। यसको प्राकृतिक पुनरुत्थान सन्तोषजनक भए तापनि प्राकृतिक जङ्गलमा यसको सङ्ख्या घट्दो क्रममा छ।

यसका कलिला पातहरू (जुन निगुरोजस्ता देखिन्छन्) तरकारी र अचार बनाएर खाइन्छ। पातलाई कहिलेकाहीँ घाँसका रूपमा पनि प्रयोग गरिन्छ।

थाकलको रुख आकर्षक हुने भएकाले घर तथा कार्यालयको सजावटका लागि पूर्वी तथा मध्य नेपालको तराई र चुरे क्षेत्रमा लगाउन उपयुक्त हुन्छ। त्यसैगरी, प्राकृतिक वनमा वृक्षारोपण गर्दा यसको संरक्षणमा पनि टेवा पुग्छ।

थिन्के / ठिन्के

Quercus floribunda (क्वेर्कस् फ्लोरिबुण्डा)



थिन्के २० मिटरसम्म अग्लो हुने एक सदाबहार रुख हो । यसका पातहरू खस्रुका जस्तै हुन्छन् तर खस्रुमा जस्तो पातको तल्लो सतहमा झुस हुँदैन । यसका भाले र पोथी फूलहरू छुट्टाछुट्टै हुन्छन् र पातको कापबाट साना झुप्पामा फुल्छन् । यसको फलहरू खस्रुका जस्तै हुन्छन् तर खस्रुको जस्तो गोलाकार नभई अण्डाकार हुन्छन् ।

थिन्के पश्चिम र मध्य नेपालको उच्च पहाडी क्षेत्रमा २०००-२८०० मिटरसम्मको उचाइमा पाइन्छ । पश्चिम नेपालमा त यसको वन नै देख्न पाइन्छ ।

यो अलि गहिरो माटो र चिसो ठाउँमा हुर्किने रुख हो र प्रायः उत्तर फर्किएका पाखा र पहाडका चिसा खोँचका भित्तामा भेटिन्छ । यसका बिउहरू साना स्तनपायी जनावरहरूले प्रसार गर्छन् । यसको प्राकृतिक पुनरुत्पादन सन्तोषजनक भए तापनि चरम दोहनका कारण यसको घनत्व घटेको आँकलन गर्न सकिन्छ ।

यो एउटा रुचाइएको डाले घाँस हो । यसको काठ घर बनाउन राम्रो मानिन्छ र कृषि औजारका बिँड बनाउन पनि प्रयोग गरिन्छ ।

थिन्केलाई पश्चिम नेपालको उच्च पहाडी भेगमा चिस्यानयुक्त पाखा, खोँच र फाँटहरू र क्षयीकरण भएका वनमा वृक्षारोपण गर्न उपयुक्त हुन्छ ।

दबदबे

Garuga pinnata (गरुगा पिन्नाटा)



दबदबे (सौरी झिँगड) ३० मिटरसम्म अग्लो हुने एक पतझर रुख हो । झट्ट हेर्दा धेरै मानिस यसलाई सिँगाने (हल्लुडे) सँग झुक्किए पनि झुसिला तथा किनारामा दाँत भएका संयुक्त पातहरूले यसलाई सिगानेबाट सजिलै छुट्याउन सकिन्छ । यसका फूलहरू सेता-घ्यू रङका हुन्छन् र पातको कापबाट निस्किने हाँगिएका पुष्पक्रममा फुल्छन् । यसका फलहरू गोलाकार र अमलाजस्तै देखिने हुन्छन् ।

यो नेपालको तराईदेखि मध्य पहाडी क्षेत्रसम्म ७०-१२०० मिटरसम्मको उचाइमा पाइन्छ ।

दबदबे ओसिला ठाउँदेखि सुक्खा पाखासम्म राम्रोसँग हुर्किन्छ । यसका बिउहरू फल खाने जनावरहरूले प्रसार गर्छन् । यसलाई हाँगा काटेर सजिलै सार्न सकिन्छ ।

यो एउटा रुचाइएको डाले घाँस हो । यसको काठ हलुका खालका फर्निचर बनाउन प्रयोग गरिन्छ ।

दबदबेलाई तराईदेखि मध्य पहाडसम्मको वन र डाले घाँसका लागि छुट्याइएका ठाउँहरूमा वृक्षारोपण गर्दा उपयुक्त हुन्छ ।

दबदबे

Symplocos theifolia (सिम्प्लोकस थीइफोलिया)



दबदबे करिब १० मिटरसम्म अग्लो हुने एक सदाबहार रुख हो । यसका पातहरू बाक्ला र गाढा हरिया हुन्छन्, जुन सुक्दा गाढा पहेँला हुन्छन् । यसका फूलहरू सेता हुन्छन् र पातको कापबाट निस्किएका साना पुष्पक्रममा बाक्लै फुल्छन् । यसका फलहरू जामुनजस्ता आकारका तर साना हुन्छन् ।

नेपालमा यो प्रजाति मध्य पहाडी तथा उच्च पहाडी क्षेत्रमा १२००-३४०० मिटरसम्मको उचाइमा पाइन्छ ।

दबदबे ओसिला पाखाहरूमा खस्रुको वन तथा चौडापाते रुखहरूको मिश्रित वनमा राम्रोसँग हुर्किन्छ । यो वनमा ठुला रुखमुनि पनि सजिलै आउँछ । यसका बिउहरू फल खाने चराचुरुङ्गी तथा जनावरहरूले प्रसार गर्छन् ।

यसलाई डाले घाँसका रूपमा प्रयोग गरिन्छ । मौरी पालन गर्नेहरूका लागि यो एउटा राम्रो रुख हो ।

दबदबेलाई नेपालको मध्य तथा उच्च पहाडमा ओसिला पाखाहरू र पातलो वनमा वृक्षारोपण गर्न उपयुक्त हुन्छ । यसलाई पाटे (रातो) सल्लाको वनमा पनि रोप्न सकिन्छ ।

दुधिलो

Ficus neriifolia (फाइकस नेरिफोलिया)



दुधिलो १५ मिटरसम्म अग्लो हुने एक पतझर रुख हो । यसका मसिना डाँठ र पातका भेट्नाहरू राता हुन्छन् । यसका पातहरू चिल्ला र हल्का लाम्चा हुन्छन् । यसका फलहरू पातको कापबाट दुई-दुईवटा आएका हुन्छन् ।

यो नेपालको मध्य तथा उच्च पहाडी क्षेत्रमा ९००-२९०० मिटरसम्मको उचाइमा पाइन्छ ।

यो मानव प्रभाव बढी भएका ठाउँहरू, जस्तै क्षयीकरण भएका वन, वनको किनारा, घर तथा खेतबारीको छेउछाउ र गोठ राखिएका ठाउँनजिक भेटिन्छ । यो पाटे र खोटे सल्लाका वनहरूमा पनि सजिलै उम्रिएको र हुर्किएको देखिन्छ । यसका बिउहरू चराचुरुङ्गीहरूले प्रसार गर्छन् ।

पहाडी क्षेत्रमा दुधिलो एउटा रुचाइएको डाले घाँस हो ।

यसलाई पहाडी क्षेत्रमा वन, घाँसका लागि छुट्याइएका ठाउँ र घरगोठ छेउछाउमा वृक्षारोपण गर्न उपयुक्त हुन्छ । त्यसैगरी, पाटे सल्ला लगाइएका ठाउँहरूमा वनको समृद्धीकरणका लागि पनि यसलाई वृक्षारोपण गर्न सकिन्छ ।

धयँरो

Woodfordia fruticosa (वुडफोर्डिया फ्रुटिकोसा)



धयँरो करिब पाँच मिटरसम्म अग्लो हुने, झ्याम्म परेको झाडी बनाउने एक ठुलो बुट्यान हो । कहिलेकाहीँ यो रुखजस्तो पनि देखिन्छ । यसका पातहरू लाम्चो आकारका, हाँगामा नजिक-नजिक हुने र भेट्ना नहुने हुन्छन् । यसका फूलहरू रातो-सुन्तला रङका हुन्छन् र पातको कापमा झुप्पामा फुल्छन् । यसका फलहरू अलैँचीजस्ता आकारका हुन्छन् ।

नेपालमा यो चुरेको फेदीदेखि मध्य पहाडी क्षेत्रसम्म १००-१५०० मिटरसम्मको उचाइमा पाइन्छ ।

धयँरो खुला स्थान र पारिला पाखाहरूमा राम्रोसँग हुर्किन्छ । फूल फुलेको बेला यो निकै आकर्षक देखिन्छ र यसको झाडीमा धेरै चराचुरुङ्गी फूलको रस खान आउँछन् । यसका बिउहरू चराचुरुङ्गी र हावाद्वारा प्रसार हुन्छन् ।

यसका विभिन्न भागहरू (विशेषगरी फूल र पातका कलिला मुना) प्रयोग गरेर धेरै किसिमका परम्परागत औषधी बनाइन्छन् । यसलाई घाँसका रूपमा पनि प्रयोग गरिन्छ । यसको फूलको रस मानिसहरूले पनि खाने गर्छन् । फूललाई रातो रङ निकाल्न पनि प्रयोग गरिन्छ ।

चुरे तथा मध्य पहाडी क्षेत्रमा धयँरोलाई बगैँचाको सजावट, खेतबारी बार्न तथा भिराला पाखाहरूमा भूक्षय रोक्न वृक्षारोपण गर्दा उपयुक्त हुन्छ ।

नीम

Azadirachta indica (अजाडिरक्टा इन्डिका)



नीम २० मिटरसम्म अग्लो हुने एक सदाबहार रुख हो । यसका संयुक्त पातहरू झट्ट हेर्दा बकाइनोका जस्ता देखिन्छन्, तर चाख्दा निकै तितो स्वादका हुन्छन् । यसका फूलहरू सेता हुन्छन् र पातको कापबाट निस्केका पुष्पक्रममा फुल्छन् । यसका फलहरू पनि बकाइनोका जस्तै हुन्छन् ।

यो नेपालको तराईदेखि मध्यपहाडी क्षेत्रसम्म १००-२००० मिटरसम्मको उचाइमा पाइन्छ । नेपालमा यो विशेषगरी मधेश प्रदेशको चुरे क्षेत्रमा प्राकृतिक रूपमा पाइन्छ भने अन्य ठाउँमा बस्ती छेउछाउमा रोपेको पाइन्छ ।

प्राकृतिक वनमा नीम दक्षिण फर्किएका पाखामा राम्रोसँग हुर्किन्छ । यसका बिउहरू विशेषगरी चराचुरुङ्गी तथा जनावरहरूले प्रसार गर्छन् । यो एउटा छिटो बढ्ने रुख हो ।

नीमलाई विभिन्न किसिमका परम्परागत औषधीदेखि आधुनिक शृङ्गार सामग्री बनाउनसम्म प्रयोग गरिन्छ । यसलाई छहारीका लागि पनि रोप्ने गरिन्छ । यसका विभिन्न भागबाट निकालिएको तेल र हरिया पातहरूलाई कीटनाशक तथा कीटप्रतिरोधकका रूपमा पनि प्रयोग गरिन्छ ।

यसलाई तराईदेखि मध्य पहाडसम्म घरआँगन तथा बाटो छेउछाउमा वृक्षारोपण गर्न उपयुक्त हुन्छ । त्यसैगरी, चुरेका पातला वनहरूमा पुनर्स्थापना गर्न वृक्षारोपण गर्दा पनि यसलाई उपयुक्त प्रजातिका रूपमा प्रयोग गर्न सकिन्छ ।

पलाँस

Butea monosperma (ब्यूटिया मोनोस्पर्मा)



पलाँस १५ मिटरसम्म अग्लो हुने एक पतझर रुख हो । यसका पातहरू तीनपत्रे हुन्छन् । यसको पात झरेको बेला फुल्ने सुन्तला-राता रङका फूलहरूले यसलाई आकर्षक बनाउँछन् । शिरीषका जस्तै यसका फलहरू च्याप्टा टाटाजस्ता हुन्छन्, तर अलि साना हुन्छन् ।

यो नेपालको तराईदेखि मध्य पहाडी क्षेत्रसम्म ७०-१२०० मिटरसम्मको उचाइमा पाइन्छ ।

पलाँस पातलो वन, वन छेउछाउ तथा बस्ती क्षेत्रमा राम्रोसँग हुर्किन्छ । यसका बिउहरूलाई मुख्यतः हावाले प्रसार गर्छ ।

यो एउटा बहुउपयोगी रुख हो । यसको पात डाले घाँसका रूपमा प्रयोग गरिन्छ । फूलबाट सुन्तला रङ निकालिन्छ र काठ धार्मिक कार्यमा होम (हवन) गर्न प्रयोग गरिन्छ । त्यसैगरी, यसले माटोको उर्वराशक्ति बढाउने काम पनि गर्छ ।

पलाँसलाई तराईदेखि मध्य पहाडसम्मका पातला तथा क्षयीकरण भएका सालका मिश्रित वनमा वृक्षारोपण गर्न उपयुक्त हुन्छ । साथै, यसलाई बस्ती छेउछाउ, सडक किनारा र कार्यालय परिसरमा सजावटका लागि पनि वृक्षारोपण गर्न सकिन्छ ।

पारिजात Nyctanthes arbor-tristis (निक्टान्थीस आर्बर-ट्रिस्टिस)



पारिजात (सिन्के) आठ मिटरसम्म अग्लो हुने एक पतझर रुख हो । यसका पातहरू निकै खस्रा हुन्छन् । यसका फूलहरू सेता सुगन्धित हुन्छन् र पातको काप र हाँगाको टुप्पोबाट निस्किएका पुष्पक्रममा फुल्छन् । यसका फलहरू गोलाकार र च्याप्टा हुन्छन् ।

यो नेपालको तराईदेखि मध्य पहाडी क्षेत्रसम्म ७०-१७०० मिटरसम्मको उचाइमा पाइन्छ । तराईको वनमा यो फाट्टफुट्ट मात्रै पाइन्छ ।

पारिजात सुक्खा ठाउँमा, विशेषगरी चुरे र मध्य पहाडी क्षेत्रका पारिला पाखाहरूमा, राम्रोसँग हुर्किन्छ । यसका हलुका च्याप्टा बिउहरू हावाद्वारा प्रसार हुन्छन् ।

पारिजातका आकर्षक र सुगन्धित फूलका कारण यसलाई घर-आँगन, बगैँचा तथा कार्यालय परिसरमा रोपिन्छ । यसको फूल धूप बनाउन प्रयोग गरिन्छ । यसको पात तथा हाँगाहरू बाख्राको घाँसका रूपमा प्रयोग गरिन्छन् । बाँके-बर्दिया क्षेत्रका थारु समुदायले यसको एउटा मसिनो हाँगाबाट टपरी खुट्ने चारवटा सिन्का (जसलाई पछि टुक्राएर धेरैवटा मसिना सिन्का बनाइन्छ) बनाउँछन् ।

यस रुखलाई तराईदेखि मध्य पहाडका घर, बगैँचा तथा कार्यालय परिसरमा वृक्षारोपण गर्न उपयुक्त हुन्छ । त्यसैगरी, यसलाई चुरे र मध्य पहाडका नाङ्गा डाँडाहरू तथा सुक्खा खुला ठाउँहरूमा पनि वृक्षारोपण गर्न सकिन्छ ।

पितौँजी

Putranjiva roxburghii (पुत्रन्जीवा रक्सबर्गीआई)



पितौँजी २० मिटरसम्म अग्लो हुने एक सदाबहार रुख हो। यसका मसिना हाँगाहरू झपक्क परेका हुन्छन् र पातहरू अशोकका जस्तै तर अलि छोटा हुन्छन्। यसका भाले र पोथी फूलहरू फरक-फरक रुखमा पातको कापमा एक्ला-एक्लै वा झुप्पामा फुल्छन्। यसका फलहरू गोलाकार हुन्छन्।

यो नेपालको तराई तथा चुरे क्षेत्रमा १००-३०० मिटरसम्मको उचाइमा पाइन्छ।

पितौँजी खोलाकिनार लगायत अन्य ओसिला ठाउँदेखि सुक्खा ठाउँसम्म पाइन्छ। यसका बिउहरू मुख्यतः चराचुरुङ्गी तथा जनावरहरूले प्रसार गर्छन्।

यो एउटा राम्रो डाले घाँस हो। यसका झपक्क परेका हाँगाहरूले रुखलाई आकर्षक बनाउँछन् र यसलाई छहारी तथा सौन्दर्यका लागि पनि रोप्ने गरिन्छ।

नेपालको तराई तथा चुरेमा पितौँजीलाई घरबारीको छेउछाउ, सडक किनार तथा कार्यालय र बगैँचाहरूमा वृक्षारोपण गर्न उपयुक्त हुन्छ।

पिपल

Ficus religiosa (फाइकस रिलिजिओसा)



पिपल २५ मिटरसम्म अग्लो हुने, दुधिलो चोप आउने एक पतझर रुख हो । यसका पातहरू लामो टुप्पो सहितका अण्डाकार तथा पानपाते हुन्छन् । यसका फलहरू पातको कापमा जोडीमा फल्छन् र साना हुन्छन् ।

यो नेपालको तराईदेखि मध्य पहाडी क्षेत्रसम्म ७०-१५०० मिटरसम्मको उचाइमा पाइन्छ ।

पिपलको बिउको अङ्कुरण हुन पानी अत्यावश्यक भए पनि यो सुक्खा ठाउँहरूमा र सडक छेउछाउ राम्रोसँग हुर्किन्छ । यसका बिउहरू चराचुरुङ्गीहरूले प्रसार गर्छन् । बाटो निर्माण तथा विस्तारका क्रममा धेरै ठाउँमा पिपलका रुखहरू काटिँदा यसका ठुला तथा पुराना रुखहरूको सङ्ख्या घटेको छ ।

यसको फल चराचुरुङ्गीको लागि धेरै राम्रो मानिन्छ । यो हिन्दु र बौद्ध धर्मावलम्बीहरूका लागि पवित्र र पूजनीय रुख हो ।

पिपललाई तराईदेखि मध्य पहाडसम्म खुला ठाउँमा, सडक किनारमा, पाटि-पौवा, र मन्दिर नजिक लगाउन उपयुक्त हुन्छ । यसलाई सडक किनारमा लगाउँदा यसको माथि फैलिने जराहरूले सडकलाई असर गर्न सक्ने भएकाले सडकको आडमै भन्दा अलि पर लगाउँदा उपयुक्त हुन्छ ।

पैयुँ

Prunus cerasoides (प्रूनस सेरअसोइडीज)



पैयुँ करिब १५ मिटरसम्म अग्लो हुने एक पतझर रुख हो । यसका पातहरूको किनारामा ग्रन्थियुक्त दाँतहरू हुन्छन् । यसका फूलहरू गुलाबी हुन्छन् र नयाँ पात आउनुअघि अथवा नयाँ पातसँगसँगै साना-साना झुप्पामा फुल्छन् । यसका फलहरू डल्ले खुर्सानीजस्ता देखिन्छन्, तर अलि साना हुन्छन् ।

यो नेपालको मध्य तथा उच्च पहाडी क्षेत्रमा १३००-२७०० मिटरसम्मको उचाइमा पाइन्छ ।

पैयुँ खुला सुक्खा ठाउँदेखि हल्का ओसिला ठाउँसम्म राम्रोसँग हुर्किन्छ । यसका बिउहरू मुख्यतः फल खाने चराचुरुङ्गीहरूले प्रसार गर्छन् । पाटे र खोटे सल्लाका वनहरूमा पनि यो राम्रोसँग हुर्किन्छ ।

यो हिउँदमा हरियो रहन्छ र यसलाई डाले घाँसका रूपमा प्रयोग गरिन्छ । यसको पाकेको फल खाइन्छ र हाँगाहरू हिन्दू धर्मावलम्बीहरूले पूजाआजामा प्रयोग गर्छन् । यसका हाँगाबाट खुकुरीको दाप तथा कृषि औजारका बिँडहरू बनाइन्छ र काठ घरगोठ निर्माणमा प्रयोग गरिन्छ । यो रुख फूल फुलेका बेला आकर्षक देखिने भएकाले यसलाई कार्यालय तथा बगैँचाको सजावटका लागि पनि प्रयोग गरिन्छ ।

यस बहुउपयोगी पैयुँलाई मध्य तथा उच्च पहाडमा खेतका कान्लाहरू, घाँसका लागि छुट्टाएका ठाउँहरू र कार्यालय परिसरमा लगाउदा उपयुक्त हुन्छ । यसलाई पातलो वनमा पनि लगाउदा उपयुक्त हुन्छ । पाटे सल्लाको वनको समृद्धीकरणका लागि पनि यसलाई वृक्षारोपण गर्न सकिन्छ ।

फलेदो

Erythrina stricta (एरिथ्राइना स्ट्रिक्टा)



फलेदो १५ मिटरसम्म अग्लो हुने एक पतझर रुख हो । यसको काण्ड र हाँगाहरूमा काँडा हुन्छन् । यसका पातहरू पलाँसका जस्तै तीनपत्रे हुन्छन् । पलाँसमा जस्तै यसमा पनि फूलहरू रातो रङका हुन्छन् र पात झरेको बेला फुल्ने गर्छन् । यसका फलहरू सिमीका कोसाजस्ता हुन्छन् ।

यो नेपालको तराईदेखि मध्य पहाडी क्षेत्रसम्म ७०-१६०० मिटरसम्मको उचाइमा पाइन्छ । अन्य क्षेत्रहरूको तुलनामा यो चुरे क्षेत्रमा बढी भेटिन्छ ।

फलेदो चट्टानी भिर, खोला छेउछाउ तथा वनजङ्गल आसपासका खुला ठाउँहरूमा राम्रोसँग हुर्किन्छ । यसका बिउहरू चराचुरुङ्गी तथा पानीद्वारा प्रसार हुन्छन् ।

यसलाई डाले घाँसका रूपमा प्रयोग गरिन्छ र कहिलेकाहीँ सजावटका लागि बाटो छेउछाउमा लगाएको पनि पाइन्छ । यसको काठ प्याकेजिङ बाकस बनाउन प्रयोग गरिन्छ ।

फलेदो तराईदेखि मध्य पहाडका चट्टानी खुला ठाउँ, अवस्था बिग्रिएको वन र बाटोको छेउछाउमा वृक्षारोपण गर्न उपयुक्त हुन्छ ।

फलेदो

Erythrina arborescens (एरिथ्राइना आर्बोरेसेन्स)



फलेदो १५ मिटरसम्म अग्लो हुने एक पतझर रुख हो। अरू फलेदोका प्रजातिहरूजस्तै यसमा पनि काण्ड र हाँगाहरूमा काँडा हुन्छन्। पात पूर्ण रूपमा विकास भएपछि मात्र वर्षायाममा फुल्ने यसका फूलहरूले यसलाई फलेदोका अन्य प्रजातिहरूबाट सजिलै छुट्याउन सकिन्छ। यसका फलहरू पनि सिमीका कोसाजस्ता हुन्छन्।

यो नेपालको मध्य र उच्च पहाडी क्षेत्रमा १३००-३००० मिटरसम्मको उचाइमा पाइन्छ।

फलेदो भिरालो ठाउँ, पातलो वन र खुला ठाउँहरूमा राम्रोसँग हुर्किन्छ। यसका बिउहरू चराचुरुङ्गीहरूले प्रसार गर्छन्।

यसलाई डाले घाँसका रूपमा प्रयोग गरिन्छ र सजावटका लागि सडक किनार तथा बगैँचामा लगाएको पनि पाइन्छ। निकै कम रुखहरू फुल्ने समयमा यो रुख फुल्ने र यसको फूलको रस धेरै किसिमका चराहरूले खाने भएकाले फूल फुलेको समयमा यस रुख वरिपरि धेरै चराहरू देख्न पाइन्छ।

फलेदो मध्य र उच्च पहाडका भिराला तथा खुला ठाउँहरू र पातलो वनमा वृक्षारोपण गर्न उपयुक्त हुन्छ। यसको वृक्षारोपण गर्दा एकातर्फ समुदायले डाले घाँस पर्याप्त मात्रामा पाउँछन् भने अर्कोतर्फ यसले जैविक विविधता संरक्षणमा पनि टेवा पुऱ्याउँछ। त्यसैगरी, यसले माटोको उर्वराशक्ति बढाउने काम पनि गर्छ।

बकाइनो

Melia azedarach (मेलिया अजेडराक)



बकाइनो १५ मिटरसम्म अग्लो हुने एक पतझर रुख हो । यसका पातहरू संयुक्त हुन्छन् । यसका फूलहरू सेता-बैजनी रङका हुन्छन् र पातको कापबाट निस्केका हाँगिएका पुष्पक्रममा फुल्छन् । यसका फलहरू जामुनजस्ता आकारका हुन्छन् र पाक्दा पहेँला हुन्छन् ।

नेपालमा यो तराईदेखि मध्य पहाडी क्षेत्रसम्म १००-१००० मिटरसम्मको उचाइमा पाइन्छ ।

खुला ठाउँ रुचाउने यो रुख वन छेउछाउ र बस्तीमा पाइन्छ । यो एउटा छिटो बढ्ने रुख हो । यसका बिउहरू चराचुरुङ्गी तथा फल खाने जनावरहरूद्वारा प्रसार हुन्छन् ।

बकाइनो बाख्रापालनका लागि राम्रो डाले घाँस हो । यसको काठ हल्का हुन्छ र फर्निचर बनाउन प्रयोग गरिन्छ । यसलाई अदुवा, बेसार, आलु आदि जस्ता बालीमा छापो हाल्न पनि प्रयोग गरिन्छ । त्यसैगरी, यसलाई हरित मल बनाउन पनि प्रयोग गरिन्छ ।

यसलाई तराईदेखि मध्य पहाडसम्म वन छेउ, डाले घाँसका लागि छुट्याइएका ठाउँ तथा घरबारी छेउछाउ वृक्षारोपण गर्न उपयुक्त हुन्छ ।

बडहर

Artocarpus lacucha (आर्टोकार्पस लकुचा)



बडहर २० मिटरसम्म अग्लो हुने र सेतो चोप आउने एक पतझर रुख हो । यसका छिप्पिएका पातहरू खस्रा हुन्छन् । यसका एउटै रुखमा भाले र पोथी फूलहरू छुट्टाछुट्टै हुन्छन् । पाक्दा पहेँलो हुने यसका फलहरू अनियमित आकारका र चाउरी परेका जस्ता देखिन्छन् ।

बडहर नेपालको तराईदेखि पहाडसम्म ७०-२२०० मिटरसम्मको उचाइमा पाइन्छ ।

यो चिस्यानयुक्त ठाउँदेखि सुक्खा ठाउँसम्म पाइन्छ र प्राकृतिक वन भन्दा बाहिर खेतबारीमा बढी भेटिन्छ । यसका बिउहरू चराचुरुङ्गी र स्तनपायी जनावरहरूले प्रसार गर्छन् । प्राकृतिक वनमा यसको सङ्ख्या निकै कम छ र पुनरुत्पादन पनि सन्तोषजनक छैन ।

बडहर एक बहुउपयोगी रुख हो । यो निकै रुचाइएको डाले घाँस हो । यसका पाकेका फलहरू मान्छेले मात्रै नभई विभिन्न चराचुरुङ्गी तथा बाँदर लगायतका जनावरहरूले खान्छन् । यसको फल बजारमा बेच्ने गरेको पनि देखिन्छ । यसको काठ धमिराले नखाने हुँदा धेरै किसिमका फर्निचर बनाउन प्रयोग गरिन्छ ।

यसलाई तराईदेखि मध्य पहाडसम्म घरखेत छेउछाउ र खुला ठाउँमा वृक्षारोपण गर्न उपयुक्त हुन्छ ।

बर

Ficus benghalensis (फाइकस बेङ्घालेन्सिस)



बर २० मिटरसम्म अग्लो हुने, दुधिलो चोप निस्कने एक सदाबहार रुख हो । यसका हाँगाहरूबाट थुप्रै लत्रिएका जराहरू निस्कन्छन्, र बुढो रुखमा यस्ता जराहरू सहायक काण्डजस्ता बन्छन् । यसका पातहरू बाक्ला र अण्डाकार हुन्छन् । यसका फलहरू सुन्तला रङका हुन्छन् र पातको कापबाट एकदेखि दुईवटासम्म पलाएका हुन्छन् ।

यो नेपालको तराईदेखि मध्य पहाडी क्षेत्रसम्म ७०-१५०० मिटरसम्मको उचाइमा पाइन्छ ।

प्राकृतिक अवस्थामा बरको अङ्कुरण र सुरुवाती वृद्धि अन्य रुखमाथि, चट्टानको काप वा भित्ताको चिरामा हुन्छ । यो खोला किनार, ठुला चट्टान भएका ठाउँ तथा खुला स्थानमा राम्रोसँग हुर्किन्छ । पिपलको तुलनामा बरमा सुक्खा सहन सक्ने क्षमता बढी हुन्छ । यसको फल चराचुरुङ्गी तथा जनावरहरूले खाने भएकाले यसको बिउको प्रसार जनावर तथा चराचुरुङ्गीहरूकै माध्यमबाट हुन्छ ।

धार्मिक तथा सांस्कृतिक महत्त्व बोकेको यो रुख हिन्दु तथा बौद्ध दुवै धर्मावलम्बीका लागि पवित्र मानिन्छ, र धेरै मठमन्दिर वरिपरि यसका रुखहरू पाइन्छन् । यसलाई छहारीका लागि चौतारोमा पनि रोप्ने गरिन्छ ।

पिपल पतझर रुख भएकाले केही महिना नाङ्गो देखिन्छ, तर बर सदाबहार छायाँदार रुख भएकाले यसलाई तराईदेखि मध्य पहाडसम्मका खुला ठाउँ, पाटी-पौवा, मन्दिर वरिपरि तथा चौतारोमा छहारी र धार्मिक तथा सांस्कृतिक प्रयोजनका लागि वृक्षारोपण गर्न उपयुक्त हुन्छ ।

बर्रो

Terminalia bellirica (टर्मिनालिया बेलिरिका)



बर्रो ३० मिटरसम्म अग्लो हुने एक पतझर रुख हो । यसका पातहरू हाँगाको टुप्पोतिर झुप्पामा देखिन्छन् । यसका फूलहरू साना हुन्छन् र पातको काप र हाँगाको टुप्पोबाट निस्किएका पुष्पक्रममा फुल्छन् । यसका फलहरू गोलाकार, फुस्रा र खैरा हुन्छन् ।

नेपालमा यो प्रजाति तराईदेखि मध्य पहाडी क्षेत्रसम्म ७०-११०० मिटरसम्मको उचाइमा पाइन्छ ।

बर्रो सालको मिश्रित वन र गाउँघर वरिपरिका खुला स्थानहरूमा राम्रोसँग हुर्किन्छ । यसका प्रशस्त मात्रामा फल्ने र लामो समयसम्म रहने फलहरू धेरै जनावर तथा चराचुरुङ्गीहरूले खाने गर्छन् । त्यसैले वनको पारिस्थितिक प्रणालीलाई सन्तुलित राख्न यसले महत्त्वपूर्ण भूमिका खेल्छ । यसको बिउको प्रसार फल खाने जनावर तथा चराचुरुङ्गीहरूले गर्छन् ।

बर्रोको फल त्रिफलाको एक मुख्य अवयव हो । यो डाले घाँसको रूपमा पनि प्रयोग गरिन्छ । यसको बिउ भित्रको गुदी खाने गरिन्छ । यसको काठ फर्निचर बनाउन प्रयोग हुन्छ ।

यस बहुउपयोगी रुखलाई वनको पारिस्थितिक प्रणाली सुदृढ बनाउन तराईदेखि मध्य पहाडसम्मका क्षयीकृत साल मिश्रित वनमा वृक्षारोपण गर्न उपयुक्त हुन्छ ।

बाँस

बाँस सुरिला खामा हुने र गाँज बनाउने बहुवर्षीय प्रजातिहरूको समूह हो। बाँसका खामाहरू आँख्ला परेका र खोक्रा हुन्छन्। नेपालका बाँसहरूलाई दुई समूहमा विभाजन गर्न सकिन्छः ठुला बाँस (*Bambusa/Dendrocalamus*) र साना बाँस (निगालो)। नेपालमा ठुला बाँस र निगालो दुवै समूहमा एकभन्दा धेरै प्रजातिहरू छन्। बाँस आफ्नो जीवनकालमा एकपटक मात्र फुल्छ र नेपाली समाजमा बाँस फुलेपछि मर्छ भन्ने मान्यता छ, जुन सबै प्रजातिमा लागू हुँदैन।


नेपालमा ठुला बाँसका प्रजातिहरू तराईदेखि मध्य पहाडी क्षेत्रसम्म र निगालोका प्रजातिहरू मध्य पहाडी क्षेत्रदेखि हिमाली क्षेत्रसम्म पाइन्छन्।

बाँसका प्रजातिहरू एकदम छिटो बढ्छन् र प्रजाति अनुसार फरक-फरक ठाउँमा पाइन्छन्। यसका प्रजातिहरू समथर जमिनदेखि भिराला पाखासम्म, खेतबारीका कान्लादेखि वनसम्म र सुक्खा ठाउँदेखि ओसिला ठाउँसम्म राम्रोसँग हुर्किन्छन्। त्यसैगरी, डढेलो लाग्ने वनमा पनि बाँस हत्तपत्त मासिएको देखिँदैन। बिरलै मात्र फूल फुल्ने भएकाले बाँसलाई बीउबाट भन्दा पनि माटोमुनि हुने जरायुक्त हाँगाहरू सारेर रोप्ने गरिन्छ।

बाँस बहुउपयोगी वनस्पति हो। पशुपालनका लागि बाँसका प्रजातिहरू राम्रो डाले घाँसका रूपमा प्रयोग गरिन्छन्। केही निगालोका टुसा र केही ठुला बाँसका तामा अचार तथा तरकारी बनाएर खाइन्छन्। निगालो र केही ठुला बाँसका खामा धेरै लचिला हुन्छन् र डोका-डाला, नाङ्लो तथा अन्य हस्तकला एवम् घरेलु सामग्री बनाउन प्रयोग गरिन्छ। खामा कडा हुने बाँसहरूलाई परम्परागत घर बनाउन, बारबेर गर्न र निर्माण कार्यमा मचान बनाउन प्रयोग गरिन्छ। बाँस घरायसी तथा सामुदायिक खपतका लागि जति महत्त्वपूर्ण छ, त्यति नै उद्योग-व्यवसायका लागि पनि महत्त्वपूर्ण छ। निगालोबाट बाँसुरी र मुरलीजस्ता बाजाहरू पनि बनाइन्छन्। आजकल बाँसका भाँडाकुँडा, पानी राख्ने बोतल, हस्तकलाका सामग्री, उपहार सामग्री तथा तरकारी काट्ने चौकीजस्ता सामग्री बनाउने लघु तथा मझौला उद्योगहरू फस्टाउँदै गएका छन् र ती सामग्रीको बजारमा माग पनि राम्रो छ। त्यसैगरी, बाँस भूक्षय रोकथाम गर्न तथा नदीतट उकास्न र व्यवस्थापन गर्न पनि धेरै प्रभावकारी हुन्छ। तराईमा बाढीको बेग र क्षति केही हदसम्म घटाउन पनि बाँस उपयोगी हुन्छ।

समुदायको सहभागितामा उचित प्रजाति छनोट गरी निगालोलाई उच्च पहाड र उच्च हिमालमा तथा ठुला बाँसहरूलाई तराईदेखि मध्य पहाडसम्म वृक्षारोपण गर्न उपयुक्त हुन्छन्। बाँसलाई नदीतट, खोल्साखोल्सी, भिराला पाखाहरू र क्षयीकरण भएका वनमा वृक्षारोपण गर्न उपयुक्त हुन्छ। त्यसैगरी, सामुदायिक वनका खाली ठाउँ तथा निजी वनमा यसको वृक्षारोपण गरेर आयआर्जन पनि गर्न सकिन्छ।

बाँस गाभा Arundina graminifolia (अरुन्डिना ग्रामिनिफोलिया)



बाँस गाभा झट्ट हेर्दा सानो बाँसको गाँजजस्तै देखिने एक प्रकारको जमिनमा हुने सुनाखरी हो । यसका पातहरू बाँसका जस्तै हुन्छन्, तर साना हुन्छन् । यसका फूलहरू आकर्षक हुन्छन् र डाँठको टुप्पोमा फुल्छन् । यसका फलहरू हल्का लाम्चा र पोरा परेका हुन्छन् ।

यो मध्य र पूर्वी नेपालको चुरे तथा मध्य पहाडी क्षेत्रमा २००-२३०० मिटरसम्मको उचाइमा पाइन्छ ।

यो खुला ठाउँमा राम्रोसँग हुर्किन्छ । चुरेमा यो प्रायः साना खोलाखोल्सीको डिलमा पाइन्छ भने मध्य पहाडमा मानव बस्ती छेउछाउका ओसिला पाखाहरूमा पाइन्छ । यो पहिरो गएको ठाउँमा पनि सजिलै हुर्किन्छ । यसका बिउहरू हावाले प्रसार गर्छ । यसका माटोमुनि हुने हाँगाहरू काटेर सजिलै बिरुवा उत्पादन गर्न सकिन्छ ।

बाँस गाभा आकर्षक हुने भएकाले यसलाई बगैँचामा लगाउने गरिन्छ । यसको माटोमुनि हुने हाँगा र जराको जालोले भूक्षय रोक्न पनि मद्दत गर्छ ।

यसलाई मध्य र पूर्वी नेपालको चुरे तथा मध्य पहाडका बगैँचा तथा कार्यालय सजावटका लागि र खुला खोलाखोल्सी तथा ओसिला पाखाहरूमा भूक्षय रोकथामका लागि वृक्षारोपण गर्न उपयुक्त हुन्छ ।

बाख्रे घाँस

Streblus asper (स्ट्रेब्लस एस्पर)



बाखे घाँस १५ मिटरसम्म अग्लो हुने सदाबहार रुख हो। यसका पातहरू खाक्सीजस्तै खस्रा हुन्छन्। यसका भाले र पोथी फूलहरू फरक-फरक हुन्छन् र पातको कापमा फुल्छन्। फलहरू साना, गोला-गोला र सुन्तला रङका हुन्छन्।

नेपालमा यो तराई र चुरे क्षेत्रमा ७०-५०० मिटरसमको उचाइमा पाइन्छ।

बाखे घाँस अलि बढी बलौटे माटो भएका ठाउँहरू जस्तै नदीतट, बाटो छेउछाउ र बर्सेनि बाढी पस्ने वनमा राम्रोसँग हुर्किन्छ। यसका बिउहरू चराचुरुङ्गीहरूले प्रसार गर्छन्।

यो एउटा रुचाइएको डाले घाँस हो। यसका पाकेका फलहरू खाइन्छ।

बाखे घाँसलाई तराई र चुरेका अलि बढी बलौटे माटो हुने ठाउँहरू र खोला किनारमा वृक्षारोपण गर्न उपयुक्त हुन्छ। यसो गर्नाले डालेघाँसको चाप व्यवस्थापन हुनुका साथै नदीतटको संरक्षण पनि हुन्छ।

बान्टे Lithocarpus pachyphyllus (लिथोकार्पस प्याकिफिलस)



बान्टे २५ मिटरसम्म अग्लो हुने सदाबहार रुख हो । यसका पातहरू अर्खौलोका जस्तै हुन्छन् । यसका भाले र पोथी फूलहरू छुट्टाछुट्टै हुन्छन् । यसका फलहरू अर्खौलोमा जस्तै कपजस्तो संरचनामा बसेका हुन्छन् ।

बान्टे पूर्वी नेपालको मध्य र उच्च पहाडी क्षेत्रमा २१००-२९०० मिटरको उचाइसम्म मात्रै पाइन्छ ।

यो एउटा ढिलो बढ्ने रुख हो, जुन अलि सेपिलो पाखाहरूमा बढी पाइन्छ । प्राकृतिक वनमा यो लालीगुराँस, अंगेरी र खसुजस्ता रुखहरूसँग मिसिएर आएको पाइन्छ । यसका बिउहरू थुप्रै स्तनपायी जनावरहरूले प्रसार गर्छन् ।

यसलाई डाले घाँसको रूपमा प्रयोग गरिन्छ । यसका पाकेका फलहरू मान्छे लगायत विभिन्न वन्यजन्तुले खाने गर्छन् ।

बान्टे पूर्वी नेपालमा मध्य र उच्च पहाडका उत्तर र पश्चिम फर्किएका घाम कम लाग्ने नाङ्गा पाखा र अवस्था बिग्रिएको वनहरूमा वृक्षारोपण गर्न उपयुक्त हुन्छ ।

बेडु

Ficus palmata subsp. virgata
(फाइकस पाल्माटा उपप्रजाति भिर्गाटा)



बेडु करिब १० मिटरसम्म अग्लो हुने एक पतझर रुख हो। नियमित रूपमा काटिएको अवस्थामा यो बुट्यानजस्तो पनि देखिन्छ। यसका पातहरू अण्डाकार र हल्का खस्रा हुन्छन्। यसका फलहरू पातको काँपमा एकदेखि दुईवटासम्म फल्छन्।

यो पश्चिम नेपालमा चुरेदेखि पहाडी क्षेत्रसम्म २००-२३०० मिटरसम्मको उचाइमा पाइन्छ।

बेडु अलि सुक्खा ठाउँ, बाटो छेउछाउ तथा खेतबारीका कान्ला-कान्लीमा राम्रोसँग हुर्किन्छ। यसको फल चराचुरुङ्गी तथा जनावरहरूले रुचाएर खाने भएकाले यसको बिउको प्रसार जनावर तथा चराचुरुङ्गीहरूकै माध्यमबाट हुन्छ।

यसको पाकेको फल स्वादिलो हुन्छ। यो एउटा स्तरीय डाले घाँस पनि हो।

सुक्खा क्षेत्रमा मध्यम गर्मीदेखि मध्यम चिसोसम्म सहन सक्ने यो बिरुवालाई सुक्खा वन, डाले घाँसका लागि छुट्याइएका ठाउँ, खेतका कान्ला तथा बाँझो जमिनमा वृक्षारोपण गर्न उपयुक्त हुन्छ। यसलाई पश्चिम नेपालको चुरे, मध्य पहाड तथा उच्च पहाडमा वृक्षारोपण गर्न सकिन्छ।

बेडुलो

Ficus subincisa (फाइकस सबइन्साइजा)



बेडुलो पाँच मिटरसम्म अग्लो हुने एक सदाबहार रुख हो। कहिलेकाहीं यो बुट्यानजस्तो पनि हुन्छ। वरपिपलमा जस्तै यसमा पनि दुधिलो चोप निस्कन्छ। यसका पातहरूको टुप्पो चुच्चो परेको हुन्छ र टुप्पोनजिकका किनारामा प्रायः केही दाँतहरू हुन्छन्। यसका फलहरू पातको काँपमा एक-एकवटा गरी फल्छन्। फलको बोक्रामा प्रायः गिर्खा हुन्छन्।

नेपालमा यो चुरेदेखि मध्य पहाडी क्षेत्रसम्म २००-१८०० मिटरसम्मको उचाइमा पाइन्छ।

यो ढिलो बढ्ने रुख हो। यो रुख ओसिलो जमिनदेखि केही सुक्खा जमिनसम्म तथा वनदेखि खेतका कान्लासम्म राम्रोसँग हुर्किन्छ। यसको बिउ चराचुरुङ्गी तथा फल खाने साना जनावरहरूले प्रसार गर्छन्।

बेडुलो एउटा उच्च गुणस्तरको डाले घाँस हो।

बेडुलोलाई चुरे र मध्य पहाडका वन छेउछाउ, डाले घाँसका लागि छुट्याइएका ठाउँ तथा बारीका कान्लाहरूमा वृक्षारोपण गर्न उपयुक्त हुन्छ। यसलाई कान्लाहरूमा रोप्दा कान्ला भत्किने समस्या पनि कम हुन्छ।

बेल

Aegle marmelos (एगल मार्मेलोस)



बेल १२ मिटरसम्म अग्लो हुने पतझर काँडेदार रुख हो। यसका पातहरू तीनपत्रे हुन्छन्। यसका फूलहरू पातको कापमा एउटा-एउटा वा झुप्पामा फुल्छन्। यसका फलहरू कडा, गोलाकार र बास्नादार हुन्छन्।

नेपालमा यो तराईदेखि मध्य पहाडी क्षेत्रसम्म ७०-१४०० मिटरको उचाइमा अभिलेख गरिएको छ।

बेल सुक्खा जमिन, पारिलो पाखा, बाडीले उकासेको क्षेत्र तथा गेग्रानयुक्त ठाउँहरूमा राम्रोसँग हुर्किन्छ। यसलाई राम्रो सँग हुर्किन-बढ्न सूर्यको प्रकाश बढी चाहिन्छ। यसका बिउहरू चराचुरुङ्गी र स्तनपायी जनावरहरूले प्रसार गर्छन्। प्राकृतिक वनमा यसका रुखहरू घट्दै गएका छन्।

हिन्दू संस्कारमा पूजाआजामा बेलपत्र शिवलाई चढाउने गरिन्छ। नेवार समुदायमा, बेलको फलसँग प्रतीकात्मक विवाह गर्ने संस्कार पनि छ। यसको पाकेको फलको गुदी त्यसै वा सर्वत तथा मुरब्बा बनाएर खाइन्छ। फल र फलबाट बनेको सर्वत बजारीकरण गर्न सकिने हुनाले घरेलु उद्यम सञ्चालन गर्न समेत सकिन्छ।

बेल खडेरी सहन सक्ने रुख भएकाले यसलाई तराई, चुरे र तल्लो पहाडका सुक्खा बन्जर जमिनमा वृक्षारोपण गर्न उपयुक्त हुन्छ। यसका गहिरा जराले माटोलाई बलियो गरी समात्ने हुनाले भिरालो जमिनको माटो संरक्षणमा पनि उपयोगी हुन्छ।

भिमल

Grewia optiva (ग्रेविया अप्टिभा)



भिमल करिब १२ मिटरसम्म अग्लो हुने एक पतझर रुख हो । यसका पातहरू अण्डाकार र झुसिला हुन्छन् । यसका फूलहरू सेता हुन्छन् र पातको विपरीत दिशाबाट निस्किएको पुष्पक्रममा फुल्छन् । यसका साना फलहरू चार खण्डमा विभाजित हुन्छन् ।

नेपालमा यो चुरेको फेदीदेखि मध्य पहाडी क्षेत्रसम्म १००-२००० मिटरसम्मको उचाइमा पाइन्छ ।

भिमल धेरैजसो खुला वन र पारिला पाखाहरूमा पाइन्छ । यसका बिउहरू चराचुरुङ्गी तथा फल खाने जनावरहरूद्वारा प्रसार हुन्छन् ।

यो उच्च गुणस्तरको डाले घाँस हो । यसका पाकेका फलहरू खानयोग्य हुन्छन् । यसको बोक्रा डोरी बनाउन प्रयोग गरिन्छ भने हाँगाहरू खुर्पा र बन्चरोको बिँड बनाउन प्रयोग गरिन्छ ।

भिमललाई चुरे र मध्य पहाडका वन छेउछाउ, डाले घाँसका लागि छुट्याइएका ठाउँ तथा खेतका कान्लाहरूमा वृक्षारोपण गर्न उपयुक्त हुन्छ ।

भुजेत्रो

Butea buteiformis (ब्यूटिया ब्युटीफर्मिस)



भुजेत्रो पाँच मिटरसम्म अग्लो हुने एक बुट्यान हो। यसका पातहरू पलाँसका जस्तै तीनपत्रे तर धेरै ठुला हुन्छन्। यसका फूलहरू सुन्तला-राता रङका हुन्छन् र पातको काप र हाँगाको टुप्पोबाट निस्किएका पुष्पक्रममा फुल्छन्। यसका फलहरू पनि पलाँसका जस्ता हुन्छन्।

यो नेपालको चुरे र मध्य पहाडी क्षेत्रमा २००-२३०० मिटरसम्मको उचाइमा पाइन्छ।

भुजेत्रो खुला ठाउँहरूमा, विशेष गरी चट्टानी पाखाहरू र सडक किनारमा राम्रोसँग हुर्किन्छ। यसका बिउहरू हावाले प्रसार गर्छ। वर्षायाममा फुल्ने यस बुट्यानको फूलको रस धेरै किसिमका चराहरूले खान्छन्।

यसका ठुला पातहरू राम्रो मल हुने भएकाले सोत्तरको रूपमा प्रयोग गरिन्छ। यसको फूल चराचुरुङ्गी संरक्षण तथा मौरीपालनको लागि पनि धेरै राम्रो हुन्छ। यसको बिउबाट पेट सम्बन्धि समस्याको लागि परम्परागत औषधी पनि बनाइन्छ।

भुजेत्रोलाई चुरे तथा मध्य पहाडका भिराला सडक किनारका पाखाहरू र चट्टानी डाँडाहरूमा वृक्षारोपण गर्दा भूक्षय रोकथामदेखि सडक सौन्दर्यीकरण र जैविक विविधता प्रवर्द्धनमा टेवा पुग्छ।

भेटिभर Chrysopogon zizanioides (क्रिसोपोगन जिजानियोइडिज)



तस्बिरः AI को सहयोगमा

भेटिभर एक बहुवर्षीय भुइँघाँस हो । यो तीन मिटरसम्म अग्लो हुन्छ । यसका पातहरू माटो नजिकैबाट गाँजमा आउँछन् तथा मसिना र लामा हुन्छन् । अम्रिसोजस्तै यसमा पनि फूलहरू साना हुन्छन् र डाँठको टुप्पोमा हाँगिएको पुष्पक्रममा बाक्लै फुल्छन् । यसका फूलहरूमा धेरै साना काँडा हुन्छन् ।

यो नेपालको तराईदेखि मध्य पहाडी क्षेत्रसम्म ७०-१४०० मिटरसम्मको उचाइमा पाइन्छ ।

भेटिभरले प्रशस्त घाम लाग्ने ठाउँ रुचाउँछ । प्राकृतिक अवस्थामा यो धेरैजसो खोला किनार र खुला ठाउँहरूमा पाइन्छ । माटोमा दुई-तीन मिटरसम्म तल जान सक्ने यसका बाक्लो गरी फैलिने जराहरूले यसलाई प्रतिकूल अवस्थामा (उर्वराशक्ति कम भएको माटो, सुक्खा ठाउँ र पानी जम्ने ठाउँहरूमा) पनि सजिलै हुर्किन मद्दत गर्छन् । यसका बिउहरू हावाले प्रसार गर्छ ।

यसका जराबाट बास्नादार तेल (भेटिभर तेल) निकालिन्छ, जसको अत्तर उद्योगमा राम्रो माग छ । केही वर्षयता यसलाई भूक्षय रोक्न र बागमतीजस्ता प्रदूषित नदीको पानी सफा गर्न पनि प्रयोग गर्न थालिएको सुनिन्छ ।

तराईदेखि मध्य पहाडसम्म भूक्षय रोक्न र खोला-नाला तथा तालतलैयाको पानी सफा गर्न भेटिभरलाई रोप्न उपयुक्त हुन्छ । नाङ्गा डाँडा र पहिरो गइरहने भिराला ठाउँहरूमा यो धेरै उपयुक्त हुन्छ ।

मदाने Acrocarpus fraxinifolius (एक्रोकार्पस फ्र्याक्सिनिफोलियस)



मदाने ४० मिटरसम्म अग्लो हुने एउटा पतझर रुख हो । यसका पातहरू संयुक्त हुन्छन् र निकै ठुला हुन्छन् । यसका फूलहरू राता-हरिया हुन्छन् र हाँगाको टुप्पोतिर हल्का लाम्चा झुप्पामा बाक्लै फुल्छन् । इपिलइपिलमा जस्तै यसमा च्याप्टा कोसा फल्छन् ।

यो पूर्वी नेपालको तराईदेखि मध्य पहाडी क्षेत्रसम्म १००-१२०० मिटरसम्मको उचाइमा प्राकृतिक रूपमा पाइन्छ । यो तराई र मध्य पहाडी क्षेत्रमा फाट्टफुट्ट मात्र भेटिन्छ भने चुरेमा प्रशस्त पाइन्छ । मध्य नेपालमा भने यो कतैकतै रोपिएको अवस्थामा पनि भेटिन्छ ।

मदाने एउटा छिटो बढ्ने रुख हो । पर्याप्त घाम लाग्ने खोल्साखोल्सी छेउछाउ र ओसिला ठाउँहरूमा यो राम्रोसँग हुर्किन्छ । यसका सुकेका फलहरू फुट्दा बिउहरू प्रसार हुन्छन् ।

यसको काठ नरम हुने भएकाले प्लाइउड बनाउन राम्रो मानिन्छ । यो एउटा डाले घाँस पनि हो ।

मदाने पूर्वी नेपालको तराई र चुरेका चिया बगानहरूमा छाँयाका लागि र निजी वनमा प्लाइउड उद्योगका लागि वृक्षारोपण गर्न उपयुक्त हुन्छ । यो खुला ठाउँ एवम् वनका अवस्था सुधार्न पनि रोप्न सकिन्छ ।

मयल

Pyrus pashia (पाइरस प्यासिया)



मयल १० मिटरसम्म अग्लो हुने एक पतझर रुख हो । यसका पातहरू अण्डाकार हुन्छन् । यसका फूलहरू सेता हुन्छन् र नयाँ पात आउनुअघि अथवा नयाँ पातसँगसँगै झुप्पामा फुल्छन् । यसका फलहरू नास्पातीजस्ता तर अलि साना हुन्छन् ।

यो नेपालमा विशेषगरी मध्य पहाडी क्षेत्रदेखि उच्च हिमाली क्षेत्रसम्म ७००-३१०० मिटरको उचाइमा पाइन्छ ।

मयल धेरैजसो खुला वन, खुला स्थान र बस्ती छेउछाउमा राम्रोसँग हुर्किन्छ । यसका बिउहरूलाई फल खाने चराचुरुङ्गी तथा जनावरहरूले प्रसार गर्छन् ।

यसको नास्पातीजस्तो फल पाकेपछि खाइन्छ र स्वादमा हल्का टर्रो हुन्छ । यसलाई डाले घाँस तथा जैविक बारबेरको रूपमा पनि प्रयोग गरिन्छ । त्यसैगरी यसलाई बाटो छेउछाउमा सौन्दर्यकालागि पनि प्रयोग गर्न सकिन्छ ।

मयललाई मध्य पहाडदेखि उच्च हिमालसम्म बाटो तथा घरबारी छेउछाउ लगाउँदा उपयुक्त हुन्छ । यसलाई पातलो वनमा पनि लगाउँदा राम्रो हुन्छ ।

मैनाकाठ

Tetrameles nudiflora (टेट्रामेलिस नुडिफ्लोरा)



मैनाकाठ ४० मिटरसम्म अग्लो हुने एक पतझर रुख हो । यसका पातहरू पिठारी (भेल्लर) का जस्ता देखिए तापनि दाँते किनारा भएका हुन्छन् । यसका फूलहरू साना हुन्छन् र पात झरेको बेला मसिना पुष्पक्रममा फुल्छन् । यसका फलहरू साना हुन्छन् ।

यो पूर्वी नेपालको तराई र चुरे क्षेत्रमा ७०-५०० मिटरसम्मको उचाइमा पाइन्छ ।

मैनाकाठ एउटा छिटो बढ्ने रुख हो, जुन खोल्साखोल्सी छेउछाउ, साना खोलाका किनार र ओसिला ठाउँहरूमा राम्रोसँग हुर्किन्छ । यसका बिउहरू हावा र पानीले प्रसार गर्छ । यसको रुख ठुलो हुने र लाहाँचे चराले सजिलै प्याल पार्न सक्ने भएकाले रुखको काण्डको माथिल्लो भागमा प्रायः थुप्रै प्यालहरू हुन्छन् । ती प्यालहरूमा लाहाँचे, मैना लगायतका थुप्रै चराहरूले गुँड बनाउँछन् ।

यसको काठ निकै नरम हुन्छ र प्लाइउड, प्याकेजिङका बाकस र नरम काठका औजारहरू बनाउन प्रयोग गरिन्छ ।

मैनाकाठ पूर्वी नेपालको तराई र चुरेका साना खोला छेउछाउ र ओसिला ठाउँहरूमा वृक्षारोपण गर्न उपयुक्त हुन्छ । यसका हाङ्गिने जराको जालोले खोलाकिनारमा भूक्षय रोक्न मद्दत गर्छ ।

मौवा

Madhuca longifolia (मधुका लङ्गिफोलिया)



मौवा (महुवा) २५ मिटरसम्म अग्लो हुने, दुधिलो चोप आउने एक पतझर रुख हो। बीचतिर सबैभन्दा चौडा हुने यसका पातहरू हाँगाको टुप्पातिर झपक्क आएका हुन्छन्। घ्यूजस्ता सेतादेखि हल्का पहेँला हुने यसका फूलहरू पातको कापबाट झुप्पामा फुल्छन्। यसका फलहरू चिउरीका जस्तै हुन्छन्।

मौवा पश्चिम र मध्य नेपालको तराईमा १००-२०० मिटरसम्मको उचाइमा पाइन्छ।

यो हल्का सुक्खा र समथर जमिन, विशेषगरी सालको मिश्रित वनमा बढी पाइन्छ। यसका बिउहरू चमेराहरूले प्रसार गर्छन्।

मौवाका गुलिया र बास्नादार फूलहरू रक्सी बनाएर वा त्यसै पनि खाने गरिन्छ। यसको बिउबाट निकालिएको तेल तरकारी पकाउन प्रयोग गरिन्छ भने खली (पिना) चाहिँ माछा मार्न प्रयोग गरिन्छ। यसको काठ निर्माणकार्य तथा फर्निचरमा प्रयोग गरिन्छ। मौरी पालन गर्नेहरूका लागि यो एउटा राम्रो रुख हो।

यो रुखलाई पश्चिम र मध्य नेपालको तराईका खुला ठाउँ र वनमा वृक्षारोपण गर्न उपयुक्त हुन्छ।

राजवृक्ष

Cassia fistula (क्यासिया फिस्टुला)



राजवृक्ष (अमलतास) १५ मिटरसम्म अग्लो हुने एक पतझर रुख हो । यसका पातहरू संयुक्त हुन्छन् । यसका सुन्दर पहँला फूलका झुप्पाहरू पातको कापमा फुल्छन् र ती झुप्पाहरू भुइतिर फर्किएका हुन्छन् । यसका फलहरू सर्लक्क परेका, एक-डेढ हात लामो लौरीजस्ता हुन्छन् ।

यो नेपालको तराईदेखि मध्य पहाडी क्षेत्रसम्म ७०-१४०० मिटरसम्मको उचाइमा पाइन्छ ।

राजवृक्ष विशेषगरी सालको पातलो वन र प्रशस्त घाम लाग्ने खुला ठाउँमा राम्रोसँग हुर्किन्छ । यसका बिउहरू जङ्गली जनावरहरूले प्रसार गर्छन् ।

यसको फलभित्रको गुदी पेट सम्बन्धी समस्याका लागि परम्परागत औषधी बनाउन प्रयोग गरिन्छ । यसको लामो समयसम्म रहने आकर्षक फूलका लागि यसलाई बाटो छेउछाउ तथा उद्यानहरूमा पनि लगाइन्छ ।

राजवृक्ष तराईदेखि मध्य पहाडसम्म बाटो छेउछाउ र उद्यान तथा कार्यालय परिसरमा वृक्षारोपण गर्न उपयुक्त हुन्छ ।

रानी चाँप

Magnolia doltsopa (म्याग्नोलिया डोल्ट्सोपा)



रानी चाँप ३० मिटरसम्म अग्लो हुने एक पतझर रुख हो। यसका पातहरूको तल्लो सतह खैरो-झुसिलो हुन्छ। यसका फूलहरू ठुला, सेता र आकर्षक हुन्छन् र पातको कापमा फुल्छन्। यसका फलहरू औले चाँपका जस्तै तर निकै कम बिबिरा भएका हुन्छन्।

रानी चाँप मध्य र पूर्वी नेपालको पहाडी क्षेत्रमा १९००-२६०० मिटरसम्मको उचाइमा प्राकृतिक रूपमा पाइन्छ।

यो प्रायः समशीतोष्ण चौडापाते वनको छेउछाउ र बस्तीमा पाइन्छ। यसका बिउहरू चराचुरुङ्गीहरूले प्रसार गर्छन् र यसको प्राकृतिक पुनरुत्पादनमा समस्या छ।

औले चाँपको जस्तै यसको काठ पनि टिकाउ र आकर्षक हुन्छ र घर निर्माण तथा फर्निचर बनाउन राम्रो मानिन्छ। यसलाई डाले घाँस र आकर्षक फूलका लागि पनि लगाउने गरिन्छ।

रानी चाँप मध्य र पूर्वी नेपालको पहाडका खुला जमिन, वन, घर छेउछाउ, सडक किनार तथा कार्यलयमा रोप्न उपयुक्त हुन्छ। त्यसैगरी, संरक्षणको हिसाबले पनि यसको वृक्षारोपण गर्नु महत्त्वपूर्ण छ।

रिट्ठा

Sapindus mukorossi (स्यापिण्डस मुकोरोसी)



रिट्ठा २५ मिटरसम्म अग्लो हुने एक पतझर रुख हो । यसका पातहरू संयुक्त हुन्छन् । यसका फूलहरू साना हुन्छन् र हाँगाको टुप्पोमा आउने हाँगिएका पुष्पक्रममा फुल्छन् । यसका फलहरू गोलाकार हुन्छन् ।

यो नेपालको मध्य पहाडी क्षेत्रमा ७००-१४०० मिटरसम्मको उचाइमा पाइन्छ ।

रिट्ठा खुला, सुक्खा ठाउँ, बाटोछेउ तथा घर-खेत वरपर राम्रोसँग हुर्किन्छ । यसका बिउहरू मुख्यतः पृथ्वीको गुरुत्वाकर्षणद्वारा प्रसार हुन्छन् ।

केही दशक अघिसम्म गाउँतिर साबुन सजिलै नपाइँदा यसको फललाई थिचेर कपडा धुन प्रयोग गरिन्थ्यो । अहिले यसको फल साबुन तथा स्याम्पु उद्योगमा व्यापक रूपमा प्रयोग गरिन्छ ।

यसलाई मध्य पहाडमा भूक्षय रोकथाम तथा आयआर्जनका लागि खुला, सुक्खा ठाउँहरू र बाटो छेउमा वृक्षारोपण गर्न सकिन्छ ।

रियाज Quercus leucotrichophora (क्वेर्कस् ल्युकोट्राइकोफोरा)



रियाज २० मिटरसम्म अग्लो हुने एक सदाबहार रुख हो । यसका पातहरू बाँझका जस्ता अलि साँघुरा हुन्छन् । यसका भाले र पोथी फूलहरू छुट्टाछुट्टै हुन्छन् र पातको कापबाट साना झुप्पामा फुल्छन् । यसका फलहरू थिन्केको भन्दा अलि लाम्चा हुन्छन् ।

रियाज नेपालको पहाडी क्षेत्रमा १५००-२८०० मिटरसम्मको उचाइमा पाइन्छ । पूर्वी नेपालमा कतैकतै पाइने रियाजको पश्चिम नेपालमा भने जङ्गल नै देख्न सकिन्छ ।

यो दक्षिण र पूर्व फर्किएको अलि पारिलो पाखामा राम्रोसँग हुर्किन्छ । यसका फलहरू स्तनपायी जनावरहरू र ठुला चराचुरुङ्गीहरूले प्रसार गर्छन् । पश्चिम नेपालमा यसको वनमा डाले घाँसका लागि ठुलो चाप देखिन्छ ।

पश्चिम नेपालको पहाडी भेगमा यो एउटा रुचाइएको डाले घाँस हो । यसको काठ घर बनाउनका लागि प्रयोग गरिन्छ । कहिलेकाँही यसको फल खाने गरेको पनि पाइन्छ ।

रियाज पश्चिम नेपालको उच्च पहाडका पारिला पाखा, पातलो जङ्गल तथा खुला ठाउँहरूमा वृक्षारोपण गर्न उपयुक्त हुन्छ ।

लक्वाबरेक

Dalbergia sericea (डाल्बर्जिया सेरिसिया)



लक्वाबरेक २० मिटरसम्म अग्लो हुने एक पतझर रुख हो। यसका पातहरू संयुक्त हुन्छन्। यसका फूलहरू पातको कापबाट निस्किएका हाँगिएका पुष्पक्रममा फुल्छन्। यसका फलहरू सिसौका जस्ता च्याप्टा कोसा हुन्छन्।

यो नेपालको तराईदेखि मध्य पहाडी क्षेत्रसम्म ७०-२१०० मिटरसम्मको उचाइमा पाइन्छ।

लक्वाबरेक सुक्खा पाखाहरू तथा बाटो छेउछाउमा राम्रोसँग हुर्किन्छ। यसका फलहरूलाई सजिलै हावाले एक ठाउँबाट अर्को ठाउँसम्म पुऱ्याउन सक्छ, त्यसैले यसको बिउको प्रसार हावाद्वारा नै हुन्छ।

यसको काठ राम्रो र टिकाउ हुन्छ र विभिन्न फर्निचर तथा घर निर्माणमा प्रयोग गरिन्छ। यसको काठ सिसौको काठको तुलनामा बलियो मानिन्छ। यो डाले घाँस पनि हो। लक्वाबरेकले भूक्षय रोक्न र जमिनको उर्वराशक्ति बढाउन सहयोग पुऱ्याउँछ।

यसलाई चुरे तथा मध्य पहाडका नाङ्गा सुक्खा पाखाहरूमा वृक्षारोपण गर्न उपयुक्त हुन्छ।

लटहर

Artocarpus chama (आर्टोकार्पस चामा)



लटहर ३५ मिटरसम्म अग्लो हुने एक ठुलो पतझर रुख हो । कटहरजस्तै लटहरबाट पनि दूधजस्तो चोप निस्कन्छ । यसका पातहरू गाढा हरिया हुन्छन् । यसका फूलहरू साना हुन्छन् र पातको कापबाट निस्कने गोलाकार गुच्छाहरूमा फुल्छन् । यसका फलहरू कटहरका जस्तै तर साना र अलि बढी डल्ला हुन्छन् ।

यो पूर्वी नेपालको तराई र चुरेमा ७०-२०० मिटरसम्मको उचाइमा पाइन्छ ।

लटहर पानीको स्रोत नजिक तथा गहिरो, ओसिलो भूभागमा राम्रोसँग हुर्किन्छ । यसका बिउहरू ठुला चराचुरुङ्गी तथा स्तनपायी जनावरहरूले प्रसार गर्छन् । यसको बिउ अङ्कुरण राम्रो भए पनि डाले घाँसका लागि अत्यधिक दोहन गरिने भएकाले यसको प्राकृतिक पुनरुत्पादनमा समस्या देखिएको छ ।

यो एउटा रुचाइएको डाले घाँस हो । यसको काँचो फलको तरकारी बनाएर खाइन्छ भने पाकेको फल त्यसै खाइन्छ । यसको काठ राम्रो मानिन्छ र विभिन्न फर्निचर तथा घर निर्माण कार्यमा प्रयोग गरिन्छ ।

लटहरलाई पूर्वी नेपालको तराई र चुरेमा वनका खोल्साखोल्सी छेउछाउ र गहिरा, ओसिला ठाउँहरूमा वृक्षारोपण गर्न राम्रो हुन्छ ।

लप्सी Choerospondias axillaris (कोरोस्पोन्डियस एक्जिलारिस)



लप्सी ३० मिटरसम्म अग्लो हुने एक पतझर रुख हो । यसका पातहरू संयुक्त र टुनीका पातसँग मिल्दाजुल्दा हुन्छन् । यसका भाले र पोथी फूलहरू प्रायः छुट्टाछुट्टै रुखमा फुल्छन् भने कहिलेकाहीँ एउटै रुखमा पनि फुल्छन् । यसका फलहरू हल्का लाम्चा तर गोलाकार हुन्छन् र पाक्दा पहेँला हुन्छन् ।

यो मध्य र पूर्वी नेपालको मध्य पहाडी क्षेत्रमा ७००-१७०० मिटरसम्मको उचाइमा पाइन्छ ।

लप्सी सूर्यको प्रकाश बढी चाहिने प्रजाति हो । पूर्व तथा दक्षिण फर्किएका, मलिलो माटो भएका पाखाहरूमा र खेतबारी छेउछाउमा यो राम्रोसँग हुर्किन्छ । यसका बिउहरू ठुला चराहरू तथा फल खाने जनावरहरूले प्रसार गर्छन् ।

यसको फल अमिलो हुन्छ र पाकेपछि खाइन्छ । यसको फलबाट तितौरा, चटनी तथा अचार बनाएर खाने र बेच्ने गरिन्छ । त्यसैगरी, यसको फलको धुलो बनाएर अमिलो स्वादका लागि खाने तथा बेच्ने गरिन्छ । यसलाई डाले घाँसका रूपमा प्रयोग गरिए तापनि यो त्यति राम्रो डाले घाँस भने होइन ।

लप्सीलाई मध्य तथा पूर्वी नेपालको मध्य पहाडमा, विशेषगरी १०००-१७०० मिटरसम्मको उचाइमा, पर्याप्त घाम लाग्ने पाखा तथा बाँझो जमिनमा वृक्षारोपण गर्न उपयुक्त हुन्छ ।

लाँकुरी

Fraxinus floribunda (फ्राक्सिनस् फ्लोरिबुण्डा)



सामान्यतया ३० मिटर र कहिलेकाहीँ ३५ मिटरसम्म अग्लो हुने लाँकुरी एक पतझर रुख हो । सुरिलो बढेको र फूल नफुलेको अवस्थामा यो रुख टुनीसँग झुक्किने खालको हुन्छ । यसका पातहरू संयुक्त हुन्छन् । यसका फूलहरू साना र सेता हुन्छन् र हाँगाको टुप्पोमा हाँगिएका पुष्पक्रममा फुल्छन् । यसका फलहरू हल्का लाम्चा र पखेटायुक्त हुन्छन् ।

यो नेपालको मध्य तथा उच्च पहाडी क्षेत्रमा १२००-२३०० मिटरसम्मको उचाइमा पाइन्छ ।

लाँकुरी प्रायः उत्तर मोहडाका पाखाहरूमा प्रशस्त पाइने भए तापनि दक्षिण मोहडाका सुक्खा पाखाहरूमा पनि यो हुर्किन्छ । यसको बिउ हलुका र पखेटा भएका हुने हुनाले हावाले सजिलै उडाएर टाढासम्म प्रसार गर्छ । पाटे र खोटे सल्लाका वनहरूमा पनि यो राम्रोसँग हुर्किएको देखिन्छ ।

प्रायः पानीका मूलहरूको संरक्षण र चौतारोका लागि लाँकुरी रोप्ने गरिन्छ । लाँकुरीको रुख रोप्दा पानीको मूल कहिल्यै पनि सुक्दैन भन्ने विश्वास गरिन्छ । पहाडी क्षेत्रका पुराना ढुङ्गेधारा तथा पँधेराहरूमा प्रायः निकै बुढा लाँकुरीका रुखहरू पाइन्छन् ।

यसका जरा फैलिएर जाने र हावाको दबाब सजिलै सहन सक्ने भएकाले यो रुख सडक किनार, पानीका मुहान र चौतारामा वृक्षारोपण गर्न उपयुक्त हुन्छ । पाटे सल्ला लगाएका ठाउँहरूमा वनको समृद्धीकरणका लागि पनि यसलाई वृक्षारोपण गर्न सकिन्छ ।

लाङटाङ सल्ला

Larix potaninii var. himalaica
(लारिक्स पोटानिनी भेराइटी हिमालेइका)



तस्बिर: रिता क्षेत्री

लाङटाङ सल्ला ४० मिटरसम्म अग्लो हुने एक पतझर सल्ला हो । अन्य सल्लाहरूमा जस्तै यसमा पनि सियोजस्ता तर अलि छोटा (४ सेन्टिमिटरभन्दा साना) हुन्छन् र एउटै झुप्पामा १५ भन्दा बढी भेटिन्छन् । यसका सिम्टाहरू ६.५ सेन्टिमिटरसम्म लामा र ठाडा हुन्छन् र प्रत्येक सिम्टाभित्र पखेटा भएका बिउहरू हुन्छन् ।

यो मध्य नेपालको उच्च पहाडी र उच्च हिमाली क्षेत्रमा, विशेषगरि लाङटाङ उपत्यकामा, २४००-४००० मिटरसम्मको उचाइमा पाइन्छ ।

लाङटाङ सल्ला विशेषगरी भोजपत्र, गुराँस तथा अन्य सल्लाहरूको वनमा पाइन्छ । लाङटाङ राष्ट्रिय निकुञ्ज स्थापना भई संरक्षणका प्रयासहरू सुरु हुनुअघि दाउरा तथा काठका लागि यस रुखको अत्यधिक दोहन गरिएकाले यो प्राकृतिक वनमा दुर्लभ भएको छ । यसका सिम्टाहरू परिपक्व भएपछि खुल्दै जान्छन् र हावाको माध्यमबाट बिउको प्रसार हुन्छ ।

यसको काठ घर तथा गोठ निर्माणमा प्रयोग हुन्छ । यसका हरिया पातहरू असोज-कार्तिक महिनामा पहँला हुने भएकाले यसलाई घर तथा कार्यालय सजावटको लागि पनि प्रयोग गरेको पाइन्छ ।

यस रुखलाई मध्य नेपालको उच्च पहाड र हिमालका घर तथा कार्यालयको सुन्दरता बढाउनका साथै खाली रहेका पाखाहरूमा संरक्षणका हेतुले वृक्षारोपण गर्न उपयुक्त हुन्छ ।

लामपाते

Duabanga grandiflora (डुवाबङ्गा ग्रान्डिफ्लोरा)



लामपाते (पानी साज, मदाने) ३० मिटरसम्म अग्लो हुने एक सदाबहार रुख हो। यसका पातहरू बाक्ला र कडा खाले हुन्छन्। यसका फूलहरू ठुला र सेता हुन्छन् र लच्किएका हाँगाका टुप्पामा झुप्पामा फुल्छन्। यसका फलहरू काठजस्तै साह्रा हुन्छन् र फेदमा नझर्ने पत्रदलहरू स्पष्ट देखिन्छन्।

नेपालमा यो तराईदेखि पहाडी क्षेत्रसम्म ७०-२००० मिटरसम्मको उचाइमा पाइन्छ।

सुक्खा ठाउँमा विरलै पाइने यो रुख खुला खोलाखोल्साको छेउछाउ तथा चिस्यानयुक्त ठाउँ र पाखाहरूमा राम्रोसँग हुर्किन्छ। यो एउटा छिटो बढ्ने रुख हो र यसका बिउहरू हावा र पानीले प्रसार गर्छन्।

यसको काठ हलुका हुन्छ र विभिन्न घरेलु काठसामग्री (जस्तै ठेकी), बाजा (जस्तै मादल), प्लाइवुड तथा घर बनाउन प्रयोग गरिन्छ।

यो तराईदेखि मध्य पहाडसम्मका नदीतटीय र चिस्यानयुक्त खुला क्षेत्रहरूमा वृक्षारोपण गर्न उपयुक्त हुन्छ। काठका लागि यसलाई निजी वनमा पनि लगाउन सकिन्छ। त्यसैगरी, पानीको स्रोत संरक्षणका लागि यसलाई पानीको मूलनजिक पनि रोप्न सकिन्छ।

लामपाते Wendlandia coriacea (वेन्डल्यान्डिया कोरियासिया)



लामपाते १० मिटरसम्म अग्लो हुने एक सदाबहार रुख हो। यसका पातहरू चिल्ला हुन्छन्। यसका फूलहरू साना र सेता हुन्छन् र हाँगाको टुप्पोमा हाँगिएको पुष्पक्रममा फुल्छन्। यसका फलहरू गोलाकार र चिल्ला हुन्छन्।

यो नेपालको चुरे र पहाडी क्षेत्रमा २००-१९०० मिटरसम्मको उचाइमा पाइन्छ।

यो पहिरो गएका पारिला पाखाहरूमा सजिलै हुर्कने एउटा प्रजाति हो। यो मानव प्रभाव भएका ठाउँहरू तथा बाटो छेउछाउमा पनि हुर्कन्छ। यसले चिसो ठाउँभन्दा सुक्खा ठाउँ बढी रुचाउँछ। यसका बिउहरूलाई हावाले प्रसार गर्छ।

लामपातेको काठ दाउराको रूपमा, हाँगाहरू कृषि औजारको बिँड बनाउन र पात बाखाका लागि घाँसको रूपमा प्रयोग गरिन्छ।

यसलाई मध्य पहाडमा पहिरो गएका ठाउँहरू तथा पहिरो जोखिमयुक्त क्षेत्रहरूमा भूक्षय र पहिरो नियन्त्रण गर्न वृक्षारोपण गर्न उपयुक्त हुन्छ।

लाली

Aglaia spectabilis (अग्लाया स्पेक्टाबिलिस)



लाली ३० मिटरसम्म अग्लो हुने एक सदाबहार रुख हो । यसको बोक्रा र फलबाट दूधजस्तो चोप निस्कन्छ । यसका पातहरू संयुक्त हुन्छन् । यसका फूलहरू साना हुन्छन् र पातको कापबाट पलाएका हाँगिएका पुष्पक्रममा फुल्छन् । यसका फलहरू ओखरजत्रै तर खैरा झुसिला हुन्छन् ।

यो पूर्वी नेपालको तराई र चुरे क्षेत्रमा ७०-२०० मिटरसम्मको उचाइमा पाइन्छ ।

यो सालको मिश्रित वनमा खोलाखोल्सी किनारको ओसिला ठाउँमा प्राकृतिक रूपमा पाइन्छ । यसका बिउहरू केही ठुला चराहरू र खोलाखोल्सीमा बग्ने पानीले एक ठाउँबाट अर्को ठाउँसम्म प्रसार गरेको देखिन्छ । यसको प्राकृतिक पुनरुत्पादन सन्तोषजनक भए तापनि यो नेपालमा एउटा दुर्लभ रुख हो ।

लालीको नाम अनुसारको रातो काठ फर्निचर बनाउन उच्च कोटीको मानिन्छ ।

यसलाई पूर्वी नेपालको तराई र चुरेका ओसिला खोल्साखोल्सी छेउछाउमा गुणस्तरीय काठ तथा संरक्षणका हेतुले वृक्षारोपण गर्न उपयुक्त हुन्छ ।

लेक पाङ्ग्रो

Aesculus indica (एस्कुलस इन्डिका)



लेक पाङ्ग्रो २० मिटरसम्म अग्लो हुने एक पतझर रुख हो । यसका हत्केलाजस्तै आकार भएका पातहरू ५-९ वटा पत्रक मिलेर बनेका हुन्छन् । यसका फूलहरू सेता-गुलाबी हुन्छन् र हाँगाको टुप्पोमा आउने पुष्पक्रममा झपक्क फुल्छन् । यसका फलहरू गोलाकार हुन्छन्, जसभित्र एउटा ठुलो कालो बिउ हुन्छ ।

यो पश्चिम र मध्य नेपालको मध्य तथा उच्च पहाडी क्षेत्रमा १७००-३१०० मिटरसम्मको उचाइमा पाइन्छ । पश्चिम नेपालका केही स्थानमा, विशेषगरी हुम्ला-जुम्लामा, यसको मिश्रित प्राकृतिक वनसमेत भेटिन्छ ।

लेक पाङ्ग्रोको प्राकृतिक वन खोला किनारका समथर ठाउँ र खोल्साखोल्सी छेउछाउमा भेटिन्छ । यसले ओखर र फिरफिरेका प्रजातिहरूसँग मिश्रित वन बनाउँछ । यसका बिउहरूको प्रसार गुरुत्वाकर्षणद्वारा हुन्छ ।

यसको काठ घर निर्माणमा प्रयोग हुन्छ भने पात र हाँगालाई डाले घाँसका रूपमा प्रयोग गरिन्छ । यसको बोक्रा, फल र बिउमा थुप्रै औषधीय गुण हुन्छन् । जाजरकोटतिर यसको बिउ संकलन गरी बेच्ने गरेको पनि देखिन्छ । यसको सुन्दर पात र आकर्षक फूलहरूका कारण यसलाई बाटो तथा बगैँचा सौन्दर्यकरणका लागि पनि प्रयोग गरिन्छ । कतैकतै त यसको बिउको पिठोबाट विशेष परिकार बनाएर खाने पनि गरिन्छ ।

लेक पाङ्ग्रोलाई पश्चिम र मध्य नेपालको मध्य तथा उच्च पहाडमा सौन्दर्यकरणका लागि प्रयोग गर्न सकिने रुखका रूपमा वृक्षारोपण गर्न उपयुक्त हुन्छ । त्यसैगरी, यसको बिउको बजारको सम्भावना बुझेर यसलाई निजी जग्गामा पनि लगाउन सकिन्छ ।

लोक्ता

Daphne bholua (ड्याफ्ने भोलुआ)



लोक्ता तीन मिटरसम्म अग्लो हुने एउटा बुट्यान हो । यसका पातहरू हल्का बाक्ला र चिल्ला हुन्छन् । यसका फूलहरू सुगन्धित, सेतो-बैजनी रङका हुन्छन् र हाँगाका टुप्पा तथा पातको कापमा झुप्पामा फुल्छन् । यसका फलहरू साना, अण्डाकार र पाक्दा काला हुन्छन् ।

यो नेपालको मध्य पहाडी क्षेत्रदेखि उच्च हिमाली क्षेत्रसम्म १७००-३२०० मिटरसम्मको उचाइमा पाइन्छ ।

यो प्रायः ओसिला समशीतोष्ण वनमा पाइन्छ । यो खुला ठाउँमा भन्दा मध्यम छायाँमा, ठुला रुखहरूको मुनि राम्रोसँग हुर्किन्छ । यसका बिउहरूलाई मुख्यतः पृथ्वीको गुरुत्वाकर्षण र फल खाने चराचुरुङ्गीहरूले प्रसार गर्छन् ।

लोक्ताको बोक्रा विशेषगरी नेपाली कागज बनाउन प्रयोग गरिन्छ । नेपाली कागज हस्तनिर्मित प्रविधिबाट बनाइने एक किसिमको कागज हो, जसलाई सरकारी कागजात, शुभकामना कार्ड तथा धूप बनाउन प्रयोग गरिन्छ । यसको बोक्राबाट डोरी र नाम्लो पनि बनाइन्छ ।

यसलाई मध्य पहाड र उच्च हिमालका ओसिला समशीतोष्ण वनहरूमा (जस्तै, खस्रु, थिन्के र अन्य चौडापाते प्रजातिका मिश्रित वनहरूमा) वृक्षारोपण गर्न सकिन्छ । त्यसैगरी, यसलाई निजी वनहरूमा पनि वृक्षारोपण गर्न सकिन्छ ।

लौठसल्ला

Taxus contorta (ट्याक्सस कन्टोर्टा)



लौठसल्ला ३५ मिटरसम्म अग्लो हुने एक सदाबहार रुख हो। यसका पातहरू मसिना हाँगाहरूमा एउटा-एउटा गरी आएका हुन्छन्। यसका पातहरू टुप्पो तिर साँघुरिएका हुदैनन् र अलि सिधा हुन्छन्। यसका भाले र पोथी अंगहरू छुट्टाछुट्टै रुखमा पातको कापमा पलाउँछन्। यसका फलहरू रातो र कपजस्ता हुन्छन्।

यो पश्चिम र मध्य नेपालको उच्च पहाडी क्षेत्रदेखि उच्च हिमाली क्षेत्रसम्म २०००-३५०० मिटरसम्मको उचाइमा पाइन्छ।

लौठसल्ला ओसिला पाखा र छायाँ पर्ने ठाउँहरूमा राम्रोसँग हुर्किन्छ। यसका बिउहरू चराचुरुङ्गीले प्रसार गर्छन्। यसको प्राकृतिक पुनरुत्पादन राम्रो भए तापनि अत्यधिक दोहनका कारण वनमा यसको घनत्व घट्दो छ।

यसको काठ घर निर्माण र विभिन्न फर्निचर बनाउन प्रयोग गरिन्छ। यसको बोक्रा र पातबाट क्यान्सरजस्ता रोगहरूको औषधी बनाइन्छ, र यसको बजार मूल्य पनि राम्रो छ। यसको फलको रातो भाग मात्र खान योग्य हुन्छ।

यसलाई पश्चिम र मध्य नेपालको उच्च पहाड र उच्च हिमालमा वन तथा निजी जग्गामा वृक्षारोपण गर्न उपयुक्त हुन्छ।

लौठसल्ला

Taxus wallichiana (ट्याक्सस वालिचियना)



लौठसल्ला ३० मिटरसम्म अग्लो हुने एक सदाबहार रुख हो । यसका पातहरू मसिना हाँगाहरूमा एउटा-एउटा गरी आएका हुन्छन् । यसका पातहरू टुप्पो तिर साँघुरिएका हुन्छन् । यसका भाले र पोथी अंगहरू छुट्टाछुट्टै रुखमा पातको कापमा पलाउँछन् । यसका फलहरू रातो र कपजस्ता हुन्छन् ।

यो मध्य र पूर्वी नेपालको उच्च पहाडी क्षेत्रदेखि उच्च हिमाली क्षेत्रसम्म १९००-३५०० मिटरसम्मको उचाइमा पाइन्छ ।

लौठसल्ला ओसिला पाखा र छायाँ पर्ने ठाउँहरूमा राम्रोसँग हुर्किन्छ । यसका बिउहरू चराचुरुङ्गीले प्रसार गर्छन् । यसको प्राकृतिक पुनरुत्पादन राम्रो भए तापनि अत्यधिक दोहनका कारण वनमा यसको घनत्व घट्दो छ ।

यसको काठ घर निर्माण र विभिन्न फर्निचर बनाउन प्रयोग गरिन्छ । यसको बोक्रा र पातबाट क्यान्सरजस्ता रोगहरूको औषधी बनाइन्छ, र यसको बजार मूल्य पनि राम्रो छ । यसको फलको रातो भाग खाइन्छ ।

यसलाई मध्य र पूर्वी नेपालको उच्च पहाड र उच्च हिमालमा वन तथा निजी जग्गामा वृक्षारोपण गर्न उपयुक्त हुन्छ ।

वनसुन्तला

Garcinia cowa (गार्सिनिया कोवा)



वनसुन्तला १५ मिटरसम्म अग्लो हुने, पहेँलो चोप आउने एक सदावहार रुख हो। यसका पातहरू चिल्ला र बाक्ला हुन्छन्। यसका भाले र पोथी फूलहरू छुट्टाछुट्टै रुखमा फुल्छन्। फलहरूमा सुन्तलामा जस्तै केस्रा हुने भएकाले यसलाई वनसुन्तला भनिएको हो।

वनसुन्तला मध्य र पूर्वी नेपालको तराई र चुरे क्षेत्रमा ७०-६०० मिटरसम्मको उचाइमा पाइन्छ।

वनसुन्तला प्रायः चिस्यानयुक्त खोल्साखोल्सी नजिक र वन हुँदै बग्ने साना खोलाका किनारमा भेटिन्छ। यसका बिउहरू स्तनपायी जनावर र पानीले प्रसार गर्छन्। वनमा यसका रुखहरू घट्दै गएका छन्।

यसका पाकेका फलहरू मिठो हुन्छन्। यो एउटा रुचाइएको डाले घाँस पनि हो र यसको काठ घरको बलो र डाँडा बनाउन प्रयोग गरिन्छ।

यो दुर्लभ रुखलाई मध्य तथा पूर्वी नेपालको तराई र चुरेका वनमा चिस्यानयुक्त खोल्साखोल्सी नजिक र घाँसका लागि छुट्याइएका ठाउँहरूमा चिस्यानयुक्त स्थान हेरी वृक्षारोपण गर्न सकिन्छ।

विजयसाल

Pterocarpus marsupium (टेरोकार्पस मार्सुपियम)



विजयसाल ३५ मिटरसम्म अग्लो हुने एक पतझर रुख हो । यसका पातहरू संयुक्त हुन्छन् । यसका फूलहरू पहेँला हुन्छन् र हाँगाको टुप्पो तथा पातको कापबाट निस्कने हाँगिएका पुष्पक्रममा फुल्छन् । यसका फलहरू च्याप्टा र सानो हातेपङ्खाजस्ता हुन्छन् ।

यो पश्चिम र मध्य नेपालको तराई र चुरे क्षेत्रमा १००-६४० मिटरसम्मको उचाइमा पाइन्छ ।

यो सालको मिश्रित वनमा राम्रोसँग हुर्किन्छ । यसका च्याप्टा, पखेटा भएका बिउहरू हावाद्वारा प्रसार हुन्छन् । यो ढिलो बढ्ने रुख हो र यसको प्राकृतिक पुनरुत्पादन खासै सन्तोषजनक छैन । प्राकृतिक वनमा यसको घनत्व घट्दै गएको अवस्थामा नेपाल सरकारले यसको संरक्षण र दिगो संवर्द्धनका लागि यसलाई प्राथमिकतामा राखी 'विजयसाल संरक्षण कार्ययोजना २०१८-२०२२' बनाएको छ ।

विजयसालको काठ बहुउपयोगी हुन्छ र नेपाली भान्सामा प्रयोग हुने भाँडाकुँडादेखि लिएर विशिष्ट फर्निचरसम्म बनाउन प्रयोग गरिन्छ । यसको काठबाट अम्खौरा र गिलास पनि बनाउने गरिन्छ । त्यसैगरी, यसको पात तथा हाँगाहरूलाई डाले घाँसका रूपमा प्रयोग गरिन्छ ।

यस संरक्षित प्रजातिलाई पश्चिम र मध्य नेपालको तराई र चुरेमा पातला सालको वन र खुला ठाउँहरूमा वृक्षारोपण गर्न उपयुक्त हुन्छ ।

सतिसाल

Dalbergia latifolia (डाल्बर्जिया ल्याटिफोलिया)



सतिसाल २६ मिटरसम्म अग्लो हुने एक पतझर रुख हो । यसका पातहरू सिसौका जस्तै संयुक्त तर बढी बाटुला हुन्छन् । यसका फूलहरू साना र सेता हुन्छन् र पातको कापबाट हाँगिएको पुष्पक्रममा फुल्छन् । यसका फलहरू पनि सिसौका जस्तै हुन्छन् ।

नेपालमा यो रुख तराईदेखि मध्य पहाडी क्षेत्रसम्म ७०-१००० मिटरसम्मको उचाइमा पाइन्छ । अन्य क्षेत्रहरूको तुलनामा यो चुरे क्षेत्रमा बढी भेटिन्छ ।

सतिसाल पानी नजम्ने, हल्का छायाँ पर्ने ठाउँदेखि सुक्खा ठाउँसम्म राम्रोसँग हुर्किन्छ । यसका हलुका बिउहरू हावाद्वारा प्रसार हुन्छन् । यसको प्राकृतिक पुनरुत्पादन सन्तोषजनक भए तापनि काठका लागि हुने अत्यधिक दोहन तथा यसको ढिलो बढ्ने प्रवृत्तिका कारण प्राकृतिक वनमा यसको सङ्ख्या घट्दो क्रममा छ ।

यसको कालो-खैरो मिश्रित रङको आकर्षक काठ सामान्यदेखि उच्च कोटीका फर्निचर, गितारजस्ता साङ्गीतिक उपकरण, बन्दुकको कुन्दो तथा सजावटका सामग्री बनाउन प्रयोग गरिन्छ ।

सतिसाललाई तराई र चुरेका अवस्था बिग्रिएका वन तथा वन आसपासका क्षेत्रमा संरक्षणका उद्देश्यले वृक्षारोपण गर्न उपयुक्त हुन्छ ।

सादन

Ougeinia oojeinensis (औजिनिया उजेनेन्सिस)



सादन १५ मिटरसम्म अग्लो हुने र ढिलो बढ्ने पतझर रुख हो। यसका पातहरू तीनपत्रे हुन्छन्। यसका फूलहरू सेता-गुलाबी हुन्छन् र हाँगाका आँख्ला र टुप्पाबाट निस्कने झुप्पामा फुल्छन्। यसका फलहरू च्याप्टा र बीच-बीचमा खुम्चिएका हुन्छन्।

सादन नेपालमा धेरैजसो चुरे क्षेत्रमा देखिए तापनि यो तराई र पहाडमा पनि पाइन्छ। यो ७०-१५०० मिटरसम्मको उचाइमा पाइन्छ। पूर्वदेखि पश्चिम नेपाल जाँदै गर्दा यसको बाहुल्यता पश्चिमतिर बढी देखिन्छ।

सादन प्रायः अलि सुक्खा र भिरालो ठाउँमा पाइने ढिलो बढ्ने रुख हो। यसका बिउहरू हावाले प्रसार गर्छ। यसको पुनरुत्पादन राम्रो भए तापनि अधिक दोहनका कारण प्राकृतिक वनमा यसको घनत्व घटेको अनुमान गर्न सकिन्छ। त्यसैगरी यसका जराहरूले माटोलाई मलिलो बनाउन पनि मद्दत गर्दछन्।

सादन एउटा रुचाइएको डाले घाँस हो। यसको काठ चाम्रो र टिकाउ हुने भएकाले यसलाई विभिन्न कृषि औजारका बिँड, ठेकी, हलोको जुवा, बयलगाडाको चक्का र अचानो बनाउन प्रयोग गरिन्छ। यसको काठबाट सामग्रीहरू बनाएर घरेलु उद्यम सञ्चालन गर्न समेत सकिन्छ।

बहुउपयोगी सादनलाई पश्चिम र मध्य नेपालको तराई-भावर र चुरेका क्षयीकरण भएका तथा पातला वनहरूमा वृक्षारोपण गर्न उपयुक्त हुन्छ। यसलाई भूक्षय नियन्त्रणका लागि पनि लगाउन सकिन्छ।

सानो लाबर

Ficus curtipes (फाइकस कर्टिपिस)



सानो लाबर १५ मिटरसम्म अग्लो हुने, दुधिलो चोप निस्कने एक सदाबहार रुख हो। यसका पातहरू बाक्ला र चिल्ला हुन्छन्। यसका फलहरू पातको कापबाट एकदेखि दुईवटासम्म आएका हुन्छन्। फलको बाहिरी सतहमा हुने राता थोप्लाहरूले यसलाई आकर्षक देखाउँछन्।

प्राकृतिक वनमा यो पूर्वी नेपालको तराईदेखि मध्य पहाडी क्षेत्रसम्म ७०-७०० मिटरसम्मको उचाइमा अभिलेख गरिएको छ। काठमाडौँ उपत्यकाका सडक किनारमा भने यसको वृक्षारोपण गरिएको हो।

सानो लाबर ओसिला, सुक्खा तथा रुखा सबै स्थानहरूमा राम्रोसँग हुर्किन्छ। यसको बिउ चराचुरुङ्गी तथा फल खाने साना जनावरहरूले प्रसार गर्छन्। यसको प्राकृतिक पुनरुत्पादनमा समस्या छ।

यसलाई डाले घाँसका रूपमा प्रयोग गरिन्छ। यसका चिल्ला पात र फलहरूले यस रुखलाई आकर्षक बनाउँछन्, त्यसैले यसलाई सजावटका लागि पनि वृक्षारोपण गरिएको भेटिन्छ।

सानो लाबरको रुख आकर्षक हुने भएकाले यसलाई पूर्वी र मध्य नेपालको तराईदेखि मध्य पहाडसम्म घर, कार्यालय, सडक तथा बगैँचामा वृक्षारोपण गर्न उपयुक्त हुन्छ।

सिप्लिगान

Crateva unilocularis (क्राटिभा युनिलोकुलारिस)



सिप्लिगान १५ मिटरसम्म अग्लो हुने एक पतझर रुख हो । यसका पातहरू तीनपत्रे हुन्छन् । यसका फूलहरू सेता-पहेँला हुन्छन् र हाँगाको टुप्पोबाट निस्किएका पुष्पक्रममा फुल्छन् । यसका फलहरू पिठारी (भेल्लर) का जस्ता देखिन्छन् ।

यो नेपालको तराईदेखि मध्य पहाडी क्षेत्रसम्म १००-१८०० मिटरसम्मको उचाइमा पाइन्छ ।

यो खुला वनमा अलि बढी बलौटे माटो भएका ठाउँहरूमा राम्रोसँग हुर्किन्छ । यसका बिउहरू चराचुरुङ्गी तथा फल खाने जनावरहरूले प्रसार गर्छन् ।

सिप्लिगानका कलिला पातहरू अचार, तरकारी तथा गुन्द्रुक बनाएर खाने गरिन्छ । यो राम्रो डाले घाँस पनि हो । यसको हरियो सागको माग बजारमा राम्रो छ ।

यसलाई तराईदेखि मध्य पहाडसम्मका खुला वन तथा खेतबारीमा वृक्षारोपण गर्न उपयुक्त हुन्छ ।

सिमल

Bombax ceiba (बम्ब्याक्स सेइबा)



सिमल ३५ मिटरसम्म अग्लो हुने पतझर काँडेदार रुख हो । यसका संयुक्त पातहरू एकै ठाउँबाट आएका ५ देखि ७ वोटा पत्रहरूले बनेका हुन्छन् । रुख नाङ्गो भएको बेला फुल्ने ठुला र राता आकर्षक फूलहरूले यसलाई सजिलै चिन्न सकिन्छ । यसको फलभित्र सेता भुवामा खदिएका थुप्रै बिउहरू हुन्छन् ।

नेपालमा सिमल तराईदेखि मध्य पहाडी क्षेत्रसम्म ७०-१४०० मिटरसम्मको उचाइमा पाइन्छ ।

सिमल नदीतटीय वनमा पाइने एउटा मुख्य प्रजाति हो । यो बलौटे माटो र खुला ठाउँमा राम्रोसँग हुर्किन्छ र छिटो बढ्छ । सेता भुवामा खदिएका यसका बिउहरूलाई हावाले प्रसार गर्छ । नदीतटीय वनमा यसको पुनरुत्पादन राम्रो भए तापनि यसका ठुला रुखहरू घट्दै गएका छन् ।

यसको कमलो काठ प्याकिङ गर्ने बाकस, सलाईका काँटी, प्लाईउड र डुङ्गा बनाउन प्रयोग गरिन्छ । यसको फलमा हुने भुवा सिरानी बनाउन प्रयोग गरिन्छ । कतै-कतै यसको फूलको तरकारी र अचार पनि खाइन्छ । गाईवस्तुको खोले बनाउन पनि यसका फूलहरूको प्रयोग गरिन्छ । नेपालमा कतिपय ठाउँमा सानो रुखको जरा पनि खाने गरिन्छ । यसको रुखमा प्रायः मौरीका घार र गिद्धका गुँड भेटिन्छन् ।

सिमल तराईदेखि मध्य पहाडसम्म नदीतटीय क्षेत्रको अवस्था सुधार्न तथा गिद्धलगायतका ठुला चराहरूको संरक्षणका लागि वृक्षारोपण गर्न उपयुक्त प्रजाति हो ।

सिमली

Vitex negundo (भाइटेक्स निगुन्डो)



सिमली ठुलो बुट्यानदेखि सानो रुखसम्म हुने एउटा पतझर वनस्पति हो । यो १० मिटरसम्म अग्लो हुन्छ । यसका संयुक्त पातहरू तीनदेखि पाँच पत्रे हुन्छन् । यसका फूलहरू हल्का बैजनी रङका हुन्छन् र हाँगाको टुप्पो र माथिल्ला पातहरूको कापबाट निस्किएका पुष्पक्रममा फुल्छन् । यसका साना गोलाकार फलहरू पाक्दा काला हुन्छन् ।

यो नेपालको तराईदेखि उच्च पहाडी क्षेत्रसम्म १००-२६०० मिटरसम्मको उचाइमा पाइन्छ ।

सिमली क्षयग्रस्त भूमि, खुला ठाउँहरू र वन छेउछाउमा, जहाँ सूर्यको प्रकाश प्रशस्त मात्रामा पर्छ, त्यहाँ राम्रोसँग हुर्किन्छ । त्यसैगरी, यो खेतबारी र मोटरबाटोको छेउछाउमा पनि राम्रोसँग हुर्किन्छ । यसका बिउहरू चराचुरुङ्गी र जनावरहरूले प्रसार गर्छन् ।

यसलाई खेतबारीका कान्लामा बारबेरकालागि लगाउने गरिन्छ ।

सिमलीलाई जैविक बारबेराका लागि तराईदेखि उच्च पहाडसम्म वृक्षारोपण गर्न सकिन्छ । पाखोबारीका कान्लाहरूमा यसलाई रोप्दा भूक्षय नियन्त्रणमा प्रभावकारी हुन्छ ।

सिरिङ्गे / सिलिगे — Osmanthus fragrans (ओस्मान्थस फ्रागे्रन्स)



सिरिङ्गे करिब १२ मिटरसम्म अग्लो हुन सक्ने मध्यम आकारको सदाबहार रुख हो । यसका पातहरू झट्ट हेर्दा आँपका जस्ता देखिन्छन्, तर आँपका पातभन्दा साँघुरा हुन्छन् । यसका फूलहरू साना, सुगन्धित र सेता-घ्यू रङका हुन्छन् र पातको कापबाट निस्किएका साना-साना झुप्पाहरूमा फुल्छन् । यसका फलहरू जैतुनका आकारका हुन्छन् ।

यो पश्चिम र मध्य नेपालको मध्य तथा उच्च पहाडी क्षेत्रमा १२००-३३०० मिटरसम्मको उचाइमा पाइन्छ ।

सिरिङ्गे ओसिलो हावापानी भएको उत्तरी मोहडाको जमिनमा छिट्टै हुर्किन्छ भने दक्षिणी मोहडाको जमिनमा यसको वृद्धि केही ढिलो हुन्छ । यसका बिउहरू चराचुरुङ्गीहरूले प्रसार गर्छन् ।

सुगन्धित फूलका कारण यस बिरुवालाई विभिन्न देशहरूमा बगैँचामा वृक्षारोपण गर्ने गरिएको पाइन्छ । नेपालमा परीक्षणका रूपमा यस बिरुवाको उत्पादन राष्ट्रिय वनस्पति उद्यान, गोदावरीले भर्खरै सुरु गरेको पाइन्छ ।

सिरिङ्गे सदाबहार, छायाँदार तथा बास्नादार रुख भएकाले यसलाई घर तथा कार्यालयका बगैँचाको सजावट, मध्य पहाडी सहरहरूमा सडक सौन्दर्यकरण तथा चौतारो निर्माणका लागि वृक्षारोपण गर्न उपयुक्त हुन्छ ।

सिसौ

Dalbergia sissoo (डाल्बर्जिया सिस्सो)



सिसौ २५ मिटरसम्म अग्लो हुने पतझर रुख हो । यसका पातहरू संयुक्त हुन्छन् । यसका फूलहरू सेता हुन्छन् र हाँगिएको पुष्पक्रममा पातको कापमा फुल्छन् । यसका फलहरू चेप्टा र एकदेखि चारवटासम्म बिउ भएका हुन्छन् ।

सिसौ नेपालको तराईदेखि मध्य पहाडसम्म ७०-१४०० मिटरसम्मको उचाइमा पाइन्छ ।

सिसौ नदीतटीय वनको एक प्रमुख प्रजाति हो । बलौटे माटोमा यो प्रजाति छिटो बढ्छ र यसका जरामा हुने जीवाणुहरूले माटोमा बिरुवाले लिन सक्ने नाइट्रोजनको मात्रा बढाउने क्षमता राख्छन् । यसका बिउहरू हावाद्वारा प्रसार हुन्छन् । यसको प्राकृतिक पुनरुत्पादन राम्रो भए तापनि नदीतटको क्षयीकरण, ढुंगा-गिट्टीको अधिक उत्खनन तथा टुप्पोबाट सुक्दै जाने रोगका कारण यसका रुखहरू घट्दै गइरहेका छन् ।

यसका जरा र बोक्रा परम्परागत औषधीमा प्रयोग हुन्छन् । आकर्षक रङ र टिकाउ हुने हुँदा यसको काठ फर्निचर बनाउन गुणस्तरीय मानिन्छ ।

सिसौ तराई तथा चुरेका अवस्था बिग्रिएका नदीतट र बलौटे माटो बढी भएका जमिनमा लगाउन उपयुक्त हुन्छ । यसमा धेरै रोग लाग्ने भएकाले यसको एकल-प्रजातीय वृक्षारोपणभन्दा अन्य नदीतटीय प्रजाति, जस्तै सिमल, भेल्लर आदिसँग मिसाएर लगाउनु उपयुक्त हुन्छ । पानी जम्ने ठाउँहरूमा वृक्षारोपण गर्दा यसमा रोग लाग्ने सम्भावना धेरै हुन्छ ।

सुगन्ध कोकिला Camphora glandulifera (क्याम्फोरा ग्ल्यान्डुलिफेरा)



सुगन्ध कोकिला (मालागिरी) करिब १५ मिटरसम्म अग्लो हुने एक सदाबहार रुख हो । यसका पातहरू हाँगाको टुप्पोतिर झुम्मिएका हुन्छन् । पातको तल्लो सतह अलि सेतो हुन्छ र पातहरू छिप्पिँदै जाँदा राता हुन्छन् । यसका फूलहरू साना हुन्छन् र पातको कापबाट निस्किएका पुष्पक्रममा फुल्छन् । यसका साना गोलाकार फलहरू कपजस्तो संरचनामा बसेका हुन्छन् ।

यो नेपालको मध्य पहाडी क्षेत्रमा ७००-२६०० मिटरसम्मको उचाइमा पाइन्छ ।

मालागिरी ओसिला पाखाहरू र खोल्साखोल्सी नजिक राम्रोसँग हुर्किन्छ । यसका बिउहरू फल खाने चराचुरुङ्गी तथा जनावरहरूले प्रसार गर्छन् । यसको प्राकृतिक पुनरुत्पादन सन्तोषजनक छैन ।

यसको सुगन्धित र बलियो काठ घर र फर्निचर निर्माणमा प्रयोग हुन्छन् । यसको काठ र हाँगाहरू बौद्ध धर्मावलम्बीहरूले धूपका रूपमा प्रयोग गर्छन् । यसको फल सुगन्धित तेल उत्पादनका लागि बजारमा बेचबिखन गरिन्छ ।

यसलाई मध्य पहाडका ओसिला पाखा र खोल्साखोल्सी छेउछाउमा वृक्षारोपण गर्न उपयुक्त हुन्छ । त्यसैगरी, सडक तथा कार्यालय सजाउनकालागि यसलाई कपुरको रुखको विकल्पका रूपमा पनि लगाउन सकिन्छ ।

सुपारी घाँस

Polyalthia suberosa (पोलिअल्थिया सुबेरोसा)



सुपारी घाँस छ मिटरसम्म अग्लो हुने ठुलो बुट्यान वा सानो सदाबहार रुख हो । यसका पातहरू चिल्ला र बाक्ला हुन्छन् । यसका फूलहरू पहेँला-हरिया हुन्छन् र पातको कापमा, कापको थोरै माथि वा पातको विपरीत दिशामा फुल्छन् । यसको फल गोलो दानाहरूको अर्धगोलाकार झुप्पोजस्तो देखिन्छ ।

यो मध्य र पूर्वी नेपालको तराई र चुरे क्षेत्रमा १००-२५० मिटरसम्मको उचाइमा पाइन्छ ।

सुपारी घाँस अरू रुखहरूको छहारीमुनि र हल्का चिस्यानयुक्त ठाउँहरूमा राम्रोसँग हुर्किन्छ । यसका बिउहरू साना जनावर र चराचुरुङ्गीहरूले प्रसार गर्छन् ।

यसलाई घाँसको रूपमा प्रयोग गरिन्छ र यसका पाकेका फलहरू खाइन्छ ।

यसलाई मध्य र पूर्वी नेपालको तराई र चुरेमा चिस्यानयुक्त ठाउँहरूमा र ठुला रुखहरूको छहारीमुनि वृक्षारोपण गर्न सकिन्छ ।

सेतो डुम्री

Ficus racemosa (फाइकस रेसिमोसा)



सेतो डुम्री २५ मिटरसम्म अग्लो हुने र दुधिलो चोप निस्कने एक सदाबहार रुख हो। यसका पातहरू अण्डाकार हुन्छन्। यसका फलहरू काण्ड तथा मुख्य हाँगाहरूबाट निस्केका मसिना हाँगाहरूमा झुप्पामा बाक्लै फल्छन्।

यो नेपालको तराईदेखि मध्य पहाडी क्षेत्रसम्म ७०-१००० मिटरसम्मको उचाइमा पाइन्छ। तर अन्य क्षेत्रको तुलनामा तराईमा बढी पाइन्छ।

सेतो डुम्री नदीतटीय वन र बलौटे माटो भएको गेग्रानयुक्त ठाउँमा राम्रोसँग हुर्किन्छ। यसको बिउ चराचुरुङ्गी तथा फल खाने साना जनावरहरूले प्रसार गर्छन्।

यो एउटा रुचाइएको डाले घाँस हो। खन्यूजस्तै यसका पाकेका फल पनि खानयोग्य हुन्छन्।

सेतो डुम्रीलाई तराईदेखि मध्य पहाडसम्म नदीतट र वर्षेनी बाढी पस्ने वनमा वृक्षारोपण गर्न उपयुक्त हुन्छ।

सेतो शिरीष

Albizia procera (अल्बिजिया प्रोसेरा)



सेतो शिरीष ३० मिटरसम्म अग्लो हुने एक पतझर रुख हो । यसको बोक्रा सेतो हुन्छ । यसका पातहरू संयुक्त हुन्छन् र खाँकरको तुलनामा अलि ठुला हुन्छन् । यसका फूलका गुच्छाहरू सेता हुन्छन् र हाँगाको टुप्पोमा र पातको कापमा हाँगिएका पुष्पक्रममा फुल्छन् । खाँकरको जस्तै यसको फल च्याप्टो टाटाजस्तो हुन्छ ।

यो नेपालमा तराईदेखि मध्य पहाडी क्षेत्रसम्म ७०-११०० मिटरसम्मको उचाइमा पाइन्छ ।

सेतो शिरीष अलि बलौटे माटो भएको नदीतटीय वन तथा सालको मिश्रित वनमा राम्रोसँग हुर्किएको देखिन्छ । वर्षेनी बाढी पस्ने वनमा पनि यो राम्रोसँग हुर्किन्छ । यसको बिउ हावा, पानी र बाँदरजस्ता जनावरहरूले प्रसार गर्छन् ।

यसको काठ हलुका खालको फर्निचर बनाउन प्रयोग गरिन्छ । यसलाई चिया बगानमा छहारीका लागि रोप्ने गरिन्छ ।

सेतो शिरीषलाई नेपालको तराईदेखि मध्य पहाडसम्म नदीतटीय वन र वर्षेनी बाढी पस्ने सालको मिश्रित वनमा वृक्षारोपण गर्न उपयुक्त हुन्छ । साथै, यसलाई चिया, कफी लगायत छायाँ चाहिने अन्य नगदे बालीसँग पनि लगाउन सकिन्छ ।

सौर

Betula alnoides (बेटुला अल्नोइडिज)



करिब ३० मिटरसम्म अग्लो हुने सौर एक पतझर रुख हो । यसका पातहरू झट्ट हेर्दा पैयुँका जस्तै देखिन्छन् । यसका भाले र पोथी फूलहरू एउटै रुखमा फरक-फरक पुष्पक्रममा फुल्छन्, जुन पातको कापबाट झुन्डिएका हुन्छन् । उत्तिसमा जस्तै यसमा पनि झिल्लीदार पखेटा भएका साना फलहरू लाग्छन् ।

यो नेपालको चुरेदेखि उच्च पहाडी क्षेत्रसम्म ६००-२६०० मिटरसम्मको उचाइमा पाइन्छ ।

सौर सुक्खा दक्षिण मोहडा भएका पाखाहरूमा पनि पाइने भए तापनि उत्तरी मोहडा भएका ओसिला पाखाहरूमा राम्रोसँग हुर्किन्छ । यसको बिउ हलुङ्गो हुने भएकाले बिउको प्रसार हावाको माध्यमबाट हुन्छ । प्राकृतिक रूपमा घना वनमा यसको पुनरुत्पादन निकै कम देखिन्छ भने झाडी फाँडिएका पाखा तथा पहिरो गएको जमिनमा यसको प्राकृतिक पुनरुत्पादन राम्रो भएको पाइन्छ ।

सौरको काठ कडा र कम लचकदार हुने भएकाले घर निर्माणभन्दा पनि फर्निचर बनाउन प्रयोग गरिन्छ । साथै, यसको काठ प्लाइउड बनाउन पनि प्रयोग गरिन्छ । असोज-कार्तिक महिनामै पात झर्ने र माघमै नयाँ पालुवा पलाउने भएकाले यसलाई अनिकालको डाले घाँसका रूपमा पनि प्रयोग गरिन्छ ।

उत्तिसको भन्दा बढी टिकाउ काठ हुने यस रुखलाई छिटो हुर्किने काठका रूपमा मध्य पहाडमा भिरालो ठाउँ तथा पातलो वनमा वृक्षारोपण गर्न सकिन्छ ।

हर्रो

Terminalia chebula (टर्मिनालिया चेबुला)



हर्रो २५ मिटरसम्म अग्लो हुने एक पतझर रुख हो । यसका पातहरू हल्का लाम्चा हुन्छन् । पातको डाँठमा हुने घाउजस्ता दुईवटा ग्रन्थि र हल्का लाम्चा चिल्ला फलहरूले यसलाई सजिलै चिन्न सकिन्छ । यसका फूलहरू हाँगाको टुप्पो र पातको कापबाट निस्किएका पुष्पक्रममा फुल्छन् ।

हर्रो नेपालको तराईदेखि मध्य पहाडी क्षेत्रसम्म ७०-१५०० मिटरसम्मको उचाइमा पाइन्छ । पूर्वी नेपालको तुलनामा यो पश्चिम नेपालमा धेरै भेटिन्छ ।

यो धेरैजसो सालको मिश्रित वन, सुक्खा ठाउँहरू तथा बस्ती छेउछाउमा राम्रोसँग हुर्किन्छ । यसको फल चित्तल, रतुवा मृग, जरायोजस्ता वन्यजन्तुहरूले खाने भएकाले बिउ पनि तिनीहरूले नै प्रसार गर्छन् ।

यो एउटा बहुउपयोगी रुख हो । यसको पात डाले घाँसका रूपमा, फल परम्परागत औषधीमा (त्रिफलाको एक अवयव), र काठ फर्निचरमा प्रयोग हुन्छ ।

हर्रोलाई पश्चिम नेपालको तराईदेखि मध्य पहाडका वन, घर छेउछाउ तथा डाले घाँसका लागि छुट्टाइएको ठाउँमा वृक्षारोपण गर्न उपयुक्त हुन्छ ।

वृक्षारोपणको उद्देश्य र छनोटमा परेका वनस्पतिहरूको सूची

क्र. स.	उद्देश्य	गुणहरू	छनौट गरिएका प्रजातिहरू
१	**चौतारो बनाउन**	गोलो वृक्षछत्र हुने, हावाले नढल्ने, सम्भव भएसम्म सदाबहार	औले चाँप, खरी, नीम, पिपल, बर, लाँकुरी, सिरिङ्गे/सिलिंगे
२	**घर, मन्दिर तथा कार्यालयको सजावट**	आकर्षक फूलहरू फुल्ने/आकर्षक बोट हुने/धार्मिक महत्त्व भएको	असुरो, औले चाँप, कामिनी, कोइरालो, गुन्सी, गोगन, जमाने मान्द्रो, टाँकी, ढटेलो, तेजपात, थाकल, धयेँरो, पलाँस, पारिजात, पितौँजी, पिपल, पैयुँ, फलेदो, बर, बाँस गाभा, राजवृक्ष, रानी चाँप, लाडटाङ सल्ला, लेक पाङ्ग्रो, सानो लाबर, सिरिङ्गे/सिलिंगे, सुगन्ध कोकिला
३	**सडक किनाराको सौन्दर्यीकरण**	आकर्षक फूल फुल्ने/आकर्षक बोट हुने/सानो-तिनो हावाहुरीमा नढल्ने/बलिया हाँगा भएको	औले चाँप, कदम, कामिनी, टाँकी, तेजपात, पलाँस, पितौँजी, पिपल, पैयुँ, फलेदो, भुजेत्रो, मयल, राजवृक्ष, रानी चाँप, लाँकुरी, लेक पाङ्ग्रो, सानो लाबर, सिरिङ्गे/सिलिंगे, सुगन्ध कोकिला
४	**भूक्षय र पहिरो नियन्त्रण**	खुकुलो माटोमा हुर्कन सक्ने/सुक्खा सहन सक्ने/छिटो बढ्ने	अम्रिसो, असुरो, उत्तिस, काउलो, कुट्मेरो, कोइरालो, क्यामुना, चिउरी, च्यासी, जमाने मान्द्रो, जामुन, टाँकी, तिजु, तिल्के, धयेँरो, फलेदो, बाँस, बाँस गाभा, बेल, भुजेत्रो, भेटिभर, मैनाकाठ, रिट्ठा, लक्वाबरेक, लामपाते (*Wendlandia coriacea*), सादन, सिमली, सौर
५	**चिया, अलैंची र कफी खेतीका लागि छायाँ**	पातलो वृक्षछत्र हुने/साना पात हुने/पतझर/माटो मलिलो गराउने	उत्तिस, खाँकर, मदाने, सेतो शिरीष, नेपालमा पाइने शिरीषका अन्य प्रजातिहरू पनि यसको लागि उपयुक्त हुन्छन्
६	**पानीका स्रोतहरूको संरक्षण**	छायाँदार/गहिरो जरा जाने	तिजु, लाँकुरी, लामपाते (*Duabanga grandiflora*)

क्र. स.	उद्देश्य	गुणहरू	छनौट गरिएका प्रजातिहरू
७	**सुक्खा ठाउँ तथा पाखोको व्यवस्थापन**	सुक्खा सहन सक्ने	अमला, अमारो, अम्रिसो, करीपत्ता, कोइरालो, चिउरी, तिजु, धयेँरो, पारिजात, बेडु, बेल, भेटिभर, रिट्ठा, लक्वाबरेक
८	**नदीतट उकास र संरक्षण**	बलौटे माटोमा हुर्कन सक्ने, प्रकाश धेरै चाहिने	क्यामुना, खयर, जामुन, बाँस, बाखे घाँस, भेटिभर, मैनाकाठ, लामपाते (*Duabanga grandiflora*), सिमल, सिसौ, सेतो डुम्री, सेतो शिरीष
९	**जैविक बारबेरा**	हाँगिने बुट्यान	असुरो, कामिनी, ढटेलो, धयेँरो, बाँस (निगालो), मयल, सिमली
१०	**मिचाहा प्रजातिको व्यवस्थापन**	छिटो बढ्ने, बाक्लो वृक्षछत्र हुने	कदम, कुँयेल
११	**खुला ठाउँ एवम् क्षयीकृत वनको अवस्था सुधार्न**	रुखो माटोमा हुर्किन सक्ने/उच्च तापक्रम सहन सक्ने/हल्का छायाँदेखि उच्च प्रकाशसम्म सहन सक्ने/वनका खोल्साखोल्सी छेउछाउ हुर्किन सक्ने	अनौकाठ, अमला, अमारो, अमिलटाँकी, अर्चल, आँप, ओखर, औटेङ्गा, औले चाँप, करीपत्ता, कदम, काउलो, कुँयेल, कुट्मेरो, कुभिण्डे, कोइरालो, क्यामुना, खन्यू, खमारी, खयर, खाँकर, गिठी, गोगन, चक्रासी, चिउरी, च्यासी, जमाने मान्द्रो, जामुन, टाँकी, टुनी, ट्यांगा, तिजु, तेजपात, थिन्के/ठिन्के, दबदबे, दुधिलो, नीम, पलाँस, पिपल, पैयुँ, फलेदो, बकाइनो, बडहर, बर, बर्रो, बान्टे, बाँस, बेडु, बेडुलो, भिमल, मदाने, मयल, मौवा, रियाज, लटहर, लप्सी, लाँकुरी, लोक्ता, लौठसल्ला, वनसुन्तला, विजयसाल, सतिसाल, सादन, सिप्लिगान, सुगन्ध कोकिला, सुपारी घाँस, सेतो शिरीष, सौर, हर्रो
१२	**निजी वनको लागि**	व्यावसायिक हिसाबले महत्त्वपूर्ण हुने	अमला, आँप, उत्तिस, ओखर, चक्रासी, चिउरी, टुनी, तेजपात, बकाइनो, बाँस, भेटिभर, मदाने, लामपाते (*Duabanga grandiflora*), लोक्ता, लौठसल्ला, विजयसाल, सादन, सिमल, सुगन्ध कोकिला

पारिस्थितिकीय विशेषताका आधारमा वनस्पतिहरूको सूची

क्र. स.	पारिस्थितिक अवस्था	उपयुक्त प्रजातिहरू
१	पानी जम्ने ठाउँ	जामुन (बर्षभरी नै पानी जम्ने ठाउँ), कदम (हल्का पानी जम्ने ठाउँ), भेटिभर
२	सुक्खा ठाउँ	अमला, अमारो, अम्रिसो, कोइरालो, खयर, चिउरी, धयँरो, पारिजात, बेडु, बेल, भेटिभर, रिट्ठा, लक्वाबरेक
३	पहिरो गएको ठाउँ	अम्रिसो, उत्तिस, तिल्के (चुरे तथा मध्य पहाडी क्षेत्रमा), बाँस गाभा, भेटिभर, लाम्पाते (*Wendlandia coriacea*, मध्य पहाडी क्षेत्रमा), सौर
४	खेत बारीका कान्लामा	कुट्मेरो, कुभिण्डे, कोइरालो, खन्यू, गिठी, टाँकी, तेजपात, पैयुँ, बाँस, बेडु, बेडुलो, भिमल, सिमली

संरक्षण प्रयोजनका लागि छनोट गरिएका प्रजातिहरू र छनोटका कारणहरू

क्र. स.	प्रजातिहरू	छनोट गर्नुका कारणहरू
१	अनौकाठ	पूर्वी नेपालको तराई र चुरे क्षेत्रमा केही सीमित ठाउँमा मात्र पाइने यो प्रजातिका रुखहरूको सङ्ख्या घट्दो क्रममा छ ।
२	औटेङ्गा	खोल्साखोल्सीको पारिस्थितिक प्रणालीमा ह्रास आउँदा प्राकृतिक वनमा यसका रुखहरू धेरै कम भएका छन् । त्यसैगरी, यसको प्राकृतिक पुनरुत्पादन पनि सन्तोषजनक छैन ।
३	औले चाँप	यो प्राकृतिक वनमा निकै दुर्लभ छ र यसको प्राकृतिक पुनरुत्पादन पनि सन्तोषजनक छैन । यो नेपाल सरकारले संरक्षण र दिगो संवर्द्धनको लागि प्राथमिकतामा राखेको एउटा प्रजाति हो ।
४	गुन्सी	यो मध्य नेपालको मध्य पहाडी क्षेत्रमा केही सीमित ठाउँमा मात्र पाइन्छ र प्राकृतिक वनमा यसको सङ्ख्या निकै कम छ । त्यसैगरी, लोपोन्मुख वन्यजन्तु तथा वनस्पतिका प्रजातिहरूको अन्तर्राष्ट्रिय व्यापार सम्बन्धी महासन्धि (CITES) ले यसलाई अनुसूची-३ मा सूचीकृत गरी यसको अन्तर्राष्ट्रिय व्यापारलाई नियमन गरेको छ ।
५	चक्रासी	काठको लागि अधिक दोहन हुनाले, प्राकृतिक वनमा यसको सङ्ख्या घट्दो क्रममा छ ।
६	थाकल	प्राकृतिक वनमा यसको सङ्ख्या घट्दो क्रममा छ । यो विश्व संरक्षण सङ्घ (IUCN) को रातो सूचीमा सङ्कटासन्न श्रेणीमा सूचीकृत छ । त्यसैगरी, लोपोन्मुख वन्यजन्तु तथा वनस्पतिका प्रजातिहरूको अन्तर्राष्ट्रिय व्यापार सम्बन्धी महासन्धि (CITES) ले यसलाई अनुसूची-२ मा सूचीकृत गरी यसको अन्तर्राष्ट्रिय व्यापारलाई नियमन गरेको छ ।
७	पलाँस	प्राकृतिक वनमा यसको सङ्ख्या घट्दो क्रममा छ ।
८	रानी चाँप	प्राकृतिक वनमा यसको सङ्ख्या घट्दो क्रममा छ । यो नेपाल सरकारले संरक्षण र दिगो संवर्द्धनको लागि प्राथमिकतामा राखेको एउटा प्रजाति हो ।
९	लटहर	पूर्वी नेपालमा मात्र पाइने लटहर डाले घाँसका लागि अत्यधिक दोहन गरिने भएकाले यसको प्राकृतिक पुनरुत्पादनमा समस्या देखिएको छ ।
१०	लाङटाङ सल्ला	नेपालको लाङटाङ क्षेत्र र तिब्बतको सानो भूभागमा मात्र पाइने यो प्रजाति विगतमा अत्यधिक दोहन गरिएकाले प्राकृतिक वनमा दुर्लभ भएको छ ।

११	लाली	पूर्वी नेपालमा चिस्यानयुक्त ठाउँमा मात्र पाइने यो प्रजाति प्राकृतिक वनमा निकै दुर्लभ छ ।
१२	लौठसल्ला	अत्यधिक दोहनका कारण वनमा लौठसल्लाका दुवै प्रजातिको सङ्ख्या घट्दो क्रममा छ । यिनीहरू विश्व संरक्षण सङ्घ (IUCN) को रातो सूचीमा सङ्कटापन्न श्रेणीमा सूचीकृत छन् । त्यसैगरी, लोपोन्मुख वन्यजन्तु तथा वनस्पतिका प्रजातिहरूको अन्तर्राष्ट्रिय व्यापार सम्बन्धी महासन्धि (CITES) ले दुवैलाई अनुसूची-२ मा सूचीकृत गरी यिनीहरूको अन्तर्राष्ट्रिय व्यापारलाई नियमन गरेको छ ।
१३	वनसुन्तला	डाले घाँसका लागि अत्यधिक दोहन भएकाले यो प्राकृतिक वनमा निकै दुर्लभ छ र यसको सङ्ख्या घट्दो क्रममा छ ।
१४	विजयसाल	अत्यधिक दोहनका कारण प्राकृतिक वनमा यसको घनत्व घटेको छ । यो नेपाल सरकारले संरक्षण र दिगो संवर्द्धनको लागि प्राथमिकतामा राखेको एउटा प्रजाति हो ।
१५	सतिसाल	प्राकृतिक वनमा यसको सङ्ख्या घट्दो क्रममा छ । यो विश्व संरक्षण सङ्घ (IUCN) को रातो सूचीमा सङ्कटासन्न श्रेणीमा सूचीकृत छ । नेपाल सरकारले पनि यसको संरक्षण र दिगो संवर्द्धनलाई प्राथमिकतामा राखेको छ । लोपोन्मुख वन्यजन्तु तथा वनस्पतिका प्रजातिहरूको अन्तर्राष्ट्रिय व्यापार सम्बन्धी महासन्धि (CITES) ले यसलाई अनुसूची-३ मा सूचीकृत गरी यसको अन्तर्राष्ट्रिय व्यापारलाई नियमन गरेको छ ।
१६	सिमल	प्राकृतिक वनमा यसको सङ्ख्या घट्दो क्रममा छ । नेपाल सरकारले यसको संरक्षण र दिगो संवर्द्धनलाई प्राथमिकतामा राखेको छ । गिद्धलगायतका ठुला चराहरूको संरक्षणका लागि पनि यो उपयुक्त प्रजाति हो ।

उपयोगिताका आधारमा वनस्पतिहरूको सूची

क्र. स.	उपयोगिता	उपयुक्त प्रजातिहरू	कैफियत
१	डाले घाँस	अमिलटाँकी, अर्चल, कुटमेरो, कुभिण्डे, कोइरालो, खन्यू, खरी, गिठी, गोगन, चिउरी, टाँकी, थिन्के/ठिन्के, दबदबे, दुधिलो, पितौँजी, पैयुँ, बकाइनो, बडहर, बाँस, बाखे घाँस, बान्टे, बेडु, बेडुलो, भिमल, मदाने, रियाज, लटहर, वनसुन्तला, सादन, सुपारी घाँस, सेतो डुम्री, हर्रो	उच्च गुणस्तरका डाले घाँसलाई मात्र यहाँ समावेश गरिएको छ ।
२	नगदेबाली	अमला, अम्रिसो, आँप, ओखर, कोइरालो, चिउरी, तेजपात, बाँस, भेटिभर, रिट्ठा, लौठसल्ला, सुगन्ध कोकिला	
३	फलफूल	अमला, अमारो, अर्चल, आँप, ओखर, औटेङ्गा, कदम, क्यामुना, खन्यू, गोगन, चिउरी, च्यासी, जमाने मान्द्रो, जामुन, ट्यांगा, तिजु, पैयुँ, बडहर, बर्रो, बाखे घाँस, बेडु, बेडुलो, बेल, भिमल, मयल, लटहर, लप्सी, लौठसल्ला, वनसुन्तला, सुपारी घाँस, सेतो डुम्री, हर्रो	अमला, अमारो, आँप, ओखर, खन्यू, चिउरी, जामुन, तिजु, बडहर, बेल, लटहर, लप्सी र वनसुन्तला अलि उच्च गुणस्तरका जङ्गली फलहरू हुन् ।
४	सामाग्री तथा औजारहरू	अम्रिसो, उत्तिस, ओखर, कदम, क्यामुना, खमारी, गिठी, टुनी, तिजु, तिल्के, थिन्के/ठिन्के, पैयुँ, बाँस, भिमल, मैनाकाठ, लामपाते, विजयसाल, सतिसाल, सादन, सिमल	काठ नरम हुने प्रजातिहरू काट्न र मोड्न सजिलो हुन्छन् ।
५	सागपात	अमिलटाँकी, कोइरालो, टाँकी, थाकल, बाँस, सिप्लिगान, सिमल	फूल र टुसा खाने प्रजातिहरूलाई पनि यहाँ समावेश गरिएको छ ।
६	जैविक रेशा	खमारी, गिठी, टाँकी, बाँस, भिमल, लोक्ता, सिमल	
७	प्राकृतिक रङ	ओखर(खैरो), कोइरालो (खैरो), जमाने मान्द्रो (पहेँलो), टाँकी (खैरो), टुनी (रातो), धयेँरो (रातो), पलाँस (सुन्तला रङ)	


नेपालका विभिन्न पारिस्थितिक तथा भौगोलिक क्षेत्र अनुसार वृक्षारोपणका लागि उपयुक्त रैथाने वनस्पतिहरू

	पश्चिम नेपाल	मध्य नेपाल	पूर्वी नेपाल
तराई	अमारो, अमिलटाँकी, अर्चल, असुरो, आँप, करीपत्ता, कदम, कामिनी, कुट्मेरो, क्यामुना, खन्यू, खमारी, खयर, जामुन, टुनी, दबदबे (*Garuga pinnata*), नीम, पलाँस, पारिजात, पितौँजी, पिपल, फलेदो, बकाइनो, बडहर, बर, बर्रो, बाँस, बाखे घाँस, बेल, भेटिभर, मौवा, राजवृक्ष, लामपाते (*Duabanga grandiflora*), विजयसाल, सतिसाल, सादन, सिप्लिगान, सिमल, सिमली, सिसौ, सेतो डुम्री, सेतो शिरीष, हर्रो	अमारो, अमिलटाँकी, अर्चल, असुरो, आँप, औले चाँप, करीपत्ता, कदम, काउलो, कामिनी, कुट्मेरो, क्यामुना, खन्यू, खमारी, खयर, खाँकर, जामुन, टुनी, थाकल, दबदबे (*Garuga pinnata*), नीम, पलाँस, पारिजात, पितौँजी, पिपल, फलेदो, बकाइनो, बडहर, बर, बर्रो, बाँस, बाखे घाँस, बेल, भेटिभर, मौवा, राजवृक्ष, लामपाते (*Duabanga grandiflora*), वनसुन्तला, विजयसाल, सतिसाल, सादन, सानो लाबर, सिप्लिगान, सिमल, सिमली, सिसौ, सुपारी घाँस, सेतो डुम्री, सेतो शिरीष	अनौकाठ, अमारो, अमिलटाँकी, अर्चल, असुरो, आँप, औटेङ्गा, औले चाँप, करीपत्ता, कदम, काउलो, कामिनी, कुँयेल, कुट्मेरो, क्यामुना, खन्यू, खमारी, खयर, खाँकर, चक्रासी, जामुन, टुनी, थाकल, दबदबे (*Garuga pinnata*), नीम, पलाँस, पारिजात, पितौँजी, पिपल, फलेदो, बकाइनो, बडहर, बर, बर्रो, बाँस, बाखे घाँस, बेल, भेटिभर, मदाने, मैनाकाठ, राजवृक्ष, लटहर, लामपाते (*Duabanga grandiflora*), लाली, वनसुन्तला, सतिसाल, सादन, सानो लाबर, सिप्लिगान, सिमल, सिमली, सिसौ, सुपारी घाँस, सेतो डुम्री, सेतो शिरीष

	पश्चिम नेपाल	मध्य नेपाल	पूर्वी नेपाल
चुरे	अमला, अमारो, अमिलटाँकी, अम्रिसो, अर्चल, असुरो, आँप, करीपत्ता, कामिनी, कुट्मेरो, कुभिण्डे, कोइरालो, क्यामुना, खन्यू, खमारी, खयर, गिठी, चिउरी, जामुन, टाँकी, टुनी, तिल्के, तेजपात, दबदबे (*Garuga pinnata*), धयेँरो, नीम, पलाँस, पारिजात, पितौँजी, पिपल, फलेदो, बकाइनो, बडहर, बर, बर्रो, बाँस, बाखे घाँस, बेडु, बेडुलो, बेल, भिमल, भुजेत्रो, भेटिभर, राजवृक्ष, लक्वाबरेक, लामपाते (*Duabanga grandiflora*), विजयसाल, सतिसाल, सादन, सिप्लिगान, सिमल, सिमली, सिसौ, सेतो डुम्री, सेतो शिरीष, हर्रो	अमला, अमारो, अमिलटाँकी, अम्रिसो, अर्चल, असुरो, आँप, औले चाँप, करीपत्ता, काउलो, कामिनी, कुट्मेरो, कुभिण्डे, कोइरालो, क्यामुना, खन्यू, खमारी, खयर, खाँकर, गिठी, चिउरी, जामुन, टाँकी, टुनी, तिल्के, तेजपात, थाकल, दबदबे (*Garuga pinnata*), धयेँरो, नीम, पलाँस, पारिजात, पितौँजी, पिपल, फलेदो, बकाइनो, बडहर, बर, बर्रो, बाँस, बाँस गाभा, बाखे घाँस, बेडुलो, बेल, भिमल, भुजेत्रो, भेटिभर, राजवृक्ष, लक्वाबरेक, लामपाते (*Duabanga grandiflora*), वनसुन्तला, विजयसाल, सतिसाल, सादन, सानो लाबर, सिप्लिगान, सिमल, सिमली, सिसौ, सुपारी घाँस, सेतो डुम्री, सेतो शिरीष	अनौकाठ, अमारो, अमिलटाँकी, अम्रिसो, अर्चल, असुरो, आँप, औटेङ्गा, औले चाँप, करीपत्ता, काउलो, कामिनी, कुँयेल, कुट्मेरो, कुभिण्डे, कोइरालो, क्यामुना, खन्यू, खमारी, खयर, खाँकर, गिठी, चक्रासी, चिउरी, जामुन, टाँकी, टुनी, तिल्के, तेजपात, थाकल, दबदबे (*Garuga pinnata*), धयेँरो, नीम, पलाँस, पारिजात, पितौँजी, पिपल, फलेदो, बकाइनो, बडहर, बर, बर्रो, बाँस, बाँस गाभा, बाखे घाँस, बेडुलो, बेल, भिमल, भुजेत्रो, भेटिभर, मदाने, मैनाकाठ, राजवृक्ष, लक्वाबरेक, लटहर, लामपाते (*Duabanga grandiflora*), लाली, वनसुन्तला, सतिसाल, सादन, सानो लाबर, सिप्लिगान, सिमल, सिमली, सिसौ, सुपारी घाँस, सेतो डुम्री, सेतो शिरीष

	पश्चिम नेपाल	मध्य नेपाल	पूर्वी नेपाल
मध्य पहाड	अमला, अमारो, अमिलटाँकी, अम्रिसो, असुरो, आँप, उत्तिस, ओखर, करीपत्ता, कामिनी, कुट्मेरो, कुभिण्डे, कोइरालो, खन्यू, खमारी, खरी, गिठी, गोगन, चिउरी, जमाने मान्द्रो, टाँकी, टुनी, तिजु, तिल्के, तेजपात, दबदबे, दुधिलो, धयेँरो, नीम, पलाँस, पारिजात, पिपल, पैयुँ, फलेदो, बकाइनो, बडहर, बर, बर्रो, बाँस, बेडु, बेडुलो, बेल, भिमल, भुजेत्रो, भेटिभर, मयल, राजवृक्ष, रिट्ठा, लक्वाबरेक, लाँकुरी, लामपाते, लेक पाङ्ग्रो, लोक्ता, सिप्लिगान, सिमल, सिमली, सिरिङ्गे/सिलिंगे, सुगन्ध कोकिला, सेतो डुम्री, सेतो शिरीष, सौर, हर्रो	अमला, अमारो, अमिलटाँकी, अम्रिसो, असुरो, आँप, उत्तिस, ओखर, औले चाँप, करीपत्ता, काउलो, कामिनी, कुट्मेरो, कुभिण्डे, कोइरालो, खन्यू, खमारी, खरी, खाँकर, गिठी, गुन्सी, गोगन, चिउरी, जमाने मान्द्रो, टाँकी, टुनी, तिजु, तिल्के, तेजपात, दबदबे, दुधिलो, धयेँरो, नीम, पलाँस, पारिजात, पिपल, पैयुँ, फलेदो, बकाइनो, बडहर, बर, बर्रो, बाँस, बाँस गाभा, बेडुलो, बेल, भिमल, भुजेत्रो, भेटिभर, मयल, राजवृक्ष, रानी चाँप, रिट्ठा, लक्वाबरेक, लप्सी, लाँकुरी, लामपाते, लेक पाङ्ग्रो, लोक्ता, सानो लाबर, सिप्लिगान, सिमल, सिमली, सिरिङ्गे/सिलिंगे, सुगन्ध कोकिला, सेतो डुम्री, सेतो शिरीष, सौर	अमारो, अमिलटाँकी, अम्रिसो, असुरो, आँप, उत्तिस, ओखर, औले चाँप, करीपत्ता, काउलो, कामिनी, कुट्मेरो, कुभिण्डे, कोइरालो, खन्यू, खमारी, खरी, खाँकर, गिठी, गोगन, चिउरी, च्यासी, जमाने मान्द्रो, टाँकी, टुनी, तिजु, तिल्के, तेजपात, दबदबे, दुधिलो, धयेँरो, नीम, पलाँस, पारिजात, पिपल, पैयुँ, फलेदो, बकाइनो, बडहर, बर, बर्रो, बाँस, बाँस गाभा, बान्टे, बेडुलो, बेल, भिमल, भुजेत्रो, भेटिभर, मयल, राजवृक्ष, रानी चाँप, रिट्ठा, लक्वाबरेक, लप्सी, लाँकुरी, लामपाते, लोक्ता, सानो लाबर, सिप्लिगान, सिमल, सिमली, सुगन्ध कोकिला, सेतो डुम्री, सेतो शिरीष, सौर
उच्च पहाड	उत्तिस, ओखर, खरी, जमाने मान्द्रो, ट्यांगा, ढटेलो, तेजपात, थिन्के/ठिन्के, दबदबे (*Symplocos theifolia*), दुधिलो, निगालो, पैयुँ, फलेदो, बेडु, मयल, रियाज, लाँकुरी, लेक पाङ्ग्रो, लोक्ता, लौठसल्ला (*Taxus contorta*), सिमली	उत्तिस, ओखर, खरी, जमाने मान्द्रो, ट्यांगा, ढटेलो, तेजपात, दबदबे (*Symplocos theifolia*), दुधिलो, निगालो, पैयुँ, फलेदो, मयल, रानी चाँप, लाँकुरी, लाङटाङ सल्ला, लेक पाङ्ग्रो, लोक्ता, लौठसल्ला (*Taxus contorta, T. wallichiana*), सिमली	उत्तिस, ओखर, खरी, च्यासी, जमाने मान्द्रो, ट्यांगा, ढटेलो, तेजपात, दबदबे (*Symplocos theifolia*), दुधिलो, निगालो, पैयुँ, फलेदो, बान्टे, मयल, रानी चाँप, लाँकुरी, लोक्ता, लौठसल्ला (*Taxus wallichiana*), सिमली
उच्च हिमाल	ट्यांगा, निगालो, लौठसल्ला (*Taxus contorta*)	ट्यांगा, निगालो, लाङटाङ सल्ला, लौठसल्ला (*Taxus contorta, T. wallichiana*)	ट्यांगा, निगालो, लौठसल्ला (*Taxus wallichiana*)

नेपालका विभिन्न पारिस्थितिक तथा भौगोलिक क्षेत्रअनुसार वृक्षारोपणका लागि उपयुक्त रैथाने वनस्पतिहरू



वृक्षारोपणमा उपयुक्त रैथाने प्रजातिहरूको सूची

क्र. स.	प्रजातिको स्थानीय नाम	वैज्ञानिक नाम
१	अनौकाठ, सुरिले	*Homalium ceylanicum* (Gardner) Benth.
२	अमला, रिखिया	*Phyllanthus emblica* L.
३	अमारो	*Spondias pinnata* (L.f.) Kurz
४	अमिलटाँकी	*Piliostigma malabaricum* (Roxb.) Benth.
५	अम्रिसो	*Thysanolaena latifolia* (Roxb. ex Hornem.) Honda
६	अर्चल	*Antidesma acidum* Retz.
७	असुरो	*Justicia adhatoda* L.
८	आँप	*Mangifera indica* L.
९	उत्तिस	*Alnus nepalensis* D.Don
१०	ओखर	*Juglans regia* L.
११	औटेङ्गा, पाँचफल	*Dillenia indica* L.
१२	औले चाँप	*Magnolia champaca* (L.) Baill. ex Pierre
१३	करीपत्ता, असारे	*Bergera koenigii* L.
१४	कदम	*Neolamarckia cadamba* (Roxb.) Bosser
१५	काउलो	*Litsea glutinosa* (Lour.) C.B.Rob.
१६	कामिनी, वज्रदन्ति	*Murraya paniculata* (L.) Jack
१७	कुँयेल	*Trema orientale* (L.) Blume
१८	कुट्मेरो	*Litsea monopetala* (Roxb.) Pers.
१९	कुभिण्डे	*Kydia glabrescens* Mast.
२०	कोइरालो	*Bauhinia variegata* L.
२१	क्यामुना	*Syzygium nervosum* DC.
२२	खन्यू	*Ficus semicordata* Buch.-Ham. ex Sm.
२३	खमारी	*Gmelina arborea* Roxb. ex Sm.
२४	खयर	*Senegalia catechu* (L.f.) P.J.H.Hurter & Mabb.
२५	खरी	*Celtis tetrandra* Roxb.
२६	खाँकर	*Albizia odoratissima* (L.f.) Benth.
२७	गिठी, दार	*Pouzolzia rugulosa* (Wedd.) Acharya & Kravtsova
२८	गुन्सी	*Podocarpus neriifolius* D.Don
२९	गोगन	*Saurauia napaulensis* DC.
३०	चक्रासी, चेक्रासी	*Chukrasia tabularis* A.Juss.
३१	चिउरी	*Diploknema butyracea* (Roxb.) H.J.Lam
३२	च्यासी	*Vaccinium gaultheriifolium* (Griff.) Hook.f. ex C.B.Clarke
३३	जमाने मान्द्रो, भोटे चुत्रो	*Berberis napaulensis* (DC.) Spreng.
३४	जामुन, जमुना, फडिर	*Syzygium cumini* (L.) Skeels

क्र. स.	प्रजातिको स्थानीय नाम	वैज्ञानिक नाम
३५	टाँकी	*Bauhinia purpurea* L.
३६	टुनी	*Toona ciliata* M.Roem.
३७	ट्यांगा	*Micromeles vestita* (Wall. ex G.Don) Mezhenskyj
३८	ढटेलो	*Prinsepia utilis* Royle
३९	तिजु, खल्टु, खल्लुक्	*Diospyros lanceifolia* Roxb.
४०	तिल्के	*Wendlandia heynei* (Schult.) Santapau & Merchant
४१	तेजपात, दालचिनी, सिन्काउली	*Cinnamomum tamala* (Buch.-Ham.) T.Nees & C.H.Eberm.
४२	थाकल, कलवल	*Cycas pectinata* Buch.-Ham.
४३	थिन्के/ठिन्के	*Quercus floribunda* Lindl. ex A.Camus
४४	दबदबे, सौरी भिँगड	*Garuga pinnata* Roxb.
४५	दबदबे	*Symplocos theifolia* D.Don
४६	दुधिलो	*Ficus neriifolia* Sm.
४७	धयेँरो	*Woodfordia fruticosa* (L.) Kurz
४८	नीम	*Azadirachta indica* A.Juss.
४९	पलाँस	*Butea monosperma* (Lam.) Kuntze
५०	पारिजात, सिन्के	*Nyctanthes arbor-tristis* L.
५१	पितौँजी	*Putranjiva roxburghii* Wall.
५२	पिपल	*Ficus religiosa* L.
५३	पैयुँ	*Prunus cerasoides* Buch.-Ham. ex D.Don
५४	फलेदो	*Erythrina stricta* Roxb.
५५	फलेदो	*Erythrina arborescens* Roxb.
५६	बकाइनो	*Melia azedarach* L.
५७	बडहर	*Artocarpus lacucha* Buch.-Ham.
५८	बर	*Ficus benghalensis* L.
५९	बर्रो	*Terminalia bellirica* (Gaertn.) Roxb.
६०	बाँस	
६१	बाँस गाभा	*Arundina graminifolia* (D.Don) Hochr.
६२	बाखे घाँस	*Streblus asper* Lour.
६३	बान्टे	*Lithocarpus pachyphyllus* (Kurz) Rehder
६४	बेडु	*Ficus palmata* Forssk. subsp. *virgata* Browicz
६५	बेडुलो	*Ficus subincisa* Buch.-Ham. ex Sm.
६६	बेल	*Aegle marmelos* (L.) Corrêa
६७	भिमल	*Grewia optiva* J.R.Drumm. ex Burret
६८	भुजेत्रो	*Butea buteiformis* (Voigt) Grierson
६९	भेटिभर	*Chrysopogon zizanioides* (L.) Roberty
७०	मदाने	*Acrocarpus fraxinifolius* Wight & Arn.
७१	मयल	*Pyrus pashia* Buch.-Ham. ex D.Don

क्र. स.	प्रजातिको स्थानीय नाम	वैज्ञानिक नाम
७२	मैनाकाठ	*Tetrameles nudiflora* R.Br.
७३	मौवा, महुवा	*Madhuca longifolia* (L.) J.F.Macbr.
७४	राजवृक्ष, अमलतास	*Cassia fistula* L.
७५	रानी चाँप	*Magnolia doltsopa* (Buch.-Ham. ex DC.) Figlar
७६	रिट्ठा	*Sapindus mukorossi* Gaertn.
७७	रियाज	*Quercus leucotrichophora* A.Camus
७८	लक्वाबरेक	*Dalbergia sericea* G.Don
७९	लटहर	*Artocarpus chama* Buch.-Ham.
८०	लप्सी	*Choerospondias axillaris* (Roxb.) B.L.Burtt & A.W.Hill
८१	लाँकुरी	*Fraxinus floribunda* Wall.
८२	लाडटाङ सल्ला	*Larix potaninii* Batalin var. *himalaica* (W.C.Cheng & L.K.Fu) Farjon & Silba
८३	लामपाते, पानी साज, मदाने	*Duabanga grandiflora* (Roxb. ex DC.) Walp.
८४	लामपाते	*Wendlandia coriacea* (Wall.) DC.
८५	लाली	*Aglaia spectabilis* (Miq.) S.S.Jain & S.Bennet
८६	लेक पाङ्ग्रो	*Aesculus indica* (Wall. ex Cambess.) Hook.
८७	लोक्ता	*Daphne bholua* Buch.-Ham. ex D.Don
८८	लौठसल्ला	*Taxus contorta* Griff.
८९	लौठसल्ला	*Taxus wallichiana* Zucc.
९०	वनसुन्तला	*Garcinia cowa* Roxb. ex Choisy
९१	विजयसाल	*Pterocarpus marsupium* Roxb.
९२	सतिसाल	*Dalbergia latifolia* Roxb.
९३	सादन	*Ougeinia oojeinensis* (Roxb.) Hochr.
९४	सानो लाबर	*Ficus curtipes* Corner
९५	सिप्लिगान	*Crateva unilocularis* Buch.-Ham.
९६	सिमल	*Bombax ceiba* L.
९७	सिमली	*Vitex negundo* L.
९८	सिरिङ्गे/सिलिंगे	*Osmanthus fragrans* Lour.
९९	सिसौ	*Dalbergia sissoo* Roxb. ex DC.
१००	सुगन्ध कोकिला, मालागिरी	*Camphora glandulifera* (Wall.) Nees
१०१	सुपारी घाँस	*Polyalthia suberosa* (Roxb.) Thwaites
१०२	सेतो डुम्री	*Ficus racemosa* L.
१०३	सेतो शिरीष	*Albizia procera* (Roxb.) Benth.
१०४	सौर	*Betula alnoides* Buch.-Ham. ex D.Don
१०५	हर्रो	*Terminalia chebula* Retz.



जराबाट पुनरुत्पादन हुँदै गरेको काउलोको बिरुवा



मैनाकाठको जराले नदीतटको संरक्षण

अनुक्रमणिका

अनौकाठ १७
अमलतास ९०
अमला १८
अमारो १९
अमिलटाँकी २०
अम्रिसो २१
अर्चल २२
असारे २९
असुरो २३
आँप २४
उत्तिस २५
ओखर २६
औटेङ्गा २७
औले चाँप २८
करीपत्ता २९
कदम ३०
कलवल ५८
काउलो ३१
कामिनी ३२
कुँयेल ३३
कुट्मेरो ३४
कुभिण्डे ३५
कोइरालो ३६
क्यामुना ३७
खन्यू ३८
खमारी ३९
खयर ४०
खरी ४१
खल्टु ५५
खल्लुक ५५
खाँकर ४२
गिठी ४३
गुन्सी ४४
गोगन ४५
चक्रासी ४६
चेक्रासी ४६
चिउरी ४७
च्यासी ४८
जमाने मान्द्रो ४९
जामुन ५०
जमुना ५०
टाँकी ५१
टुनी ५२
ट्यांगा ५३
ढटेलो ५४
तिजु ५५
तिल्के ५६
तेजपात ५७
थाकल ५८
थिन्के/ठिन्के ५९
दरद मैदा ३१
दालचिनी ५७
दार ४३
दबदबे ६०, ६१
दुधिलो ६२
धयँरो ६३
नीम ६४
पलाँस ६५
पानी साज ९९
पारिजात ६६
पाँचफल २७
पितौँजी ६७
पिपल ६८
पैयुँ ६९
फडिर ५०
फलेदो ७०, ७१
बकाइनो ७२
बडहर ७३
बर ७४
बर्रो ७५
बाँस ७६
बाँस गाभा ७७
बाखे घाँस ७८
बान्टे ७९
बेडु ८०
बेडुलो ८१
बेल ८२
भिमल ८३
भुजेत्रो ८४
भेटिभर ८५
भोटे चुत्रो ४९
मदाने ८६, ९९
मयल ८७
मालागिरी ११६
मैनाकाठ ८८
मौवा ८९
महुवा ८९
राजवृक्ष ९०
रानी चाँप ९१
रिखिया १८
रिट्ठा ९२
रियाज ९३
लक्वाबरेक ९४
लटहर ९५
लप्सी ९६
लाँकुरी ९७

लाङटाङ सल्ला ९८
लामपाते ९९, १००
लाली १०१
लेक पाङ्ग्रो १०२
लोक्ता १०३
लौठसल्ला १०४, १०५
वज्रदन्ति ३२
वनसुन्तला १०६
विजयसाल १०७
सतिसाल १०८
सादन १०९
सानो लाबर ११०
सिन्काउली ५७
सिन्के ६६
सिप्लिगान १११
सिमल ११२
सिमली ११३
सिरिङ्गे/सिलिंगे ११४
सिसौ ११५
सुगन्ध कोकिला ११६
सुपारी घाँस ११७
सुरिले १७
सेतो डुम्री ११८
सेतो शिरीष ११९
सौर १२०
सौरी झिँगड ६०
हर्रो १२१



ForestAction

NEPAL FORESTERS' ASSOCIATION

UK International Development

Partnership | Progress | Prosperity

9789905812088